नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं नेपाल

फोन नं. : ०१-४२००१६४, ४२००१६८, ४२०००८२, ४२००३३७, ४२००४०८

फ्याक्स नं. : ४२००११६

Email : mail@mowcsw.gov.np, Web : www.mowcsw.gov.np


# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

# राष्ट्रिय प्रतिवेदन

# २०७१


नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं नेपाल

फोन नं. : ०१-४२००२१६, ४२०००८२ फ्याक्स नं. : ४२००११६

Email : mail@mowcsw.gov.np, Web : www.mowcsw.gov.np

Ministry of Women, Children and Social Welfare acknowledges the technical and financial support provided by the United States Agency for International Development's Combating Trafficking in Person program, implemented by The Asia Foundation, in the publication of this document.

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण
# राष्ट्रिय प्रतिवेदन
# @)&!

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरबार, काठमाडौं, फोन नं. : ४२०००८२, ४२००२१६

इमेल : mail@mowcsw.gov.np, वेभ : www.mowcsw.gov.np

माननीय नीलम के.सी.(खड्का)
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ

# शुभकामना

नेपालले महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ लाई २२, अप्रिल १९९१ र यसको इच्छाधिन आलेख, १९९९ लाई २०७० मा अनुमोदन गरी यसको पक्ष राष्ट्र बनिसकेको छ । बालअधिकार सम्बन्धी महासन्धि (CRC) लाई १९९० को १४ सेप्टेम्बरमा र सो महासन्धिको बालबालिका बेचबिखन, बाल वेश्यावृत्तिका लागि अश्लिल चित्रण सम्बन्धी इच्छाधिन आलेख, २००० लाई २००१ मा अनुमोदन गरिसकेको छ । क्षेत्रीय स्तर बेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखन विरुद्धको महासन्धि, २००२ लाई पनि २००६ मा अनुमोदन गरिसकेको छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मौलिक हक अर्न्तगत धारा २० ले महिला अधिकारको रुपमा महिलाको हकलाई सुनिश्चित गरेको छ भने धारा २९ का ३ ले मानिसलाई बेचबिखन गर्न दास वा बाँधा बनाउन पाईने छैन भनी मानव बेचबिखन बिरुद्धको कार्यलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सोही संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका निम्ति सरकारी तथा गैर सरकारी क्षेत्रबाट विभिन्न प्रयासहरु भईरहेका छन्; यद्यपि यत्तिले मात्र सन्तोष मानेर बस्ने अवस्था छैन गर्नुपर्ने कार्य अझै धेरै बाँकी छन् । प्राकृतिक बिपत्तिको अवस्थामा झन महिला तथा बालबालिकाको बेचबिखन अझ बढ्न जाने हुनाले यस तर्फ यस्तो बेलामा अझ बढी चनाखो र सशक्त हुनुपर्ने अबस्था छ । यसमा सरकारी र गैरसरकारी क्षेत्र समन्वयात्मक रुपले अगाडी बढ्नु पर्ने हुन्छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि सरोकारवाला सरकारी निकायहरु तथा गैर सरकारी निकायबाट आ.व. २०७०।७१ पौष मसान्त सम्म संचालन गरिएका कार्यक्रम तथा प्रयासहरुलाई समेटी मन्त्रालयले "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०७१" प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस वार्षिक प्रतिवेदनले समग्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका प्रगतिलाई राष्ट्रिय कार्ययोजनाले तय गरेका प्राथमिकता क्षेत्र (निरोध, संरक्षण, कानूनी कारवाही, क्षमता विकास तथा समन्वय, सहयोग र सहकार्य) लाई आधार बनाई भएका प्रगति र प्रयासलाई उजागर गर्दै आगामी दिनमा यस क्षेत्रमा निरन्तर अघि बढ्न मार्गदर्शन एवं प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्न सहयोग गर्ने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय तथा पदाधिकारीहरु, प्रतिवेदन मस्यौदा समूह र कर्मचारीलाई धन्यवाद दिदैं आगामी दिनहरुमा पनि यस प्रकाशनको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

माननीय नीलम के.सी.(खड्का)
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्सः ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np

पत्र संख्या :-
च.नं.:-

## मन्तव्य

महिला तथा बालबालिका बेचबिखन ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत एवं विश्वव्यापी समस्या हो । यसलाई समाजको जघन्य अपराधको रुपमा लिईन्छ र नेपाल पनि यस समस्यावाट अछुतो छैन । एकातिर यस अपराधजन्य कार्यमा संलग्न पक्षहरुले समाजमा रहेको गरीवी र पछौटेपनको फाईदा उठाई रहेका छन् भने अर्को तिर ती अपराधजन्य कार्यमा संलग्नहरुलाई कानूनको दायरामा ल्याउन र दण्डित गर्ने कार्य चुनौतीपूर्ण भएको छ । विगतमा खुल्ला सिमानाका कारण छिमेकी देश भारतमा यौन शोषणका लागि बेचविखन हुने गरेकोमा केही वर्षयता नेपालका आन्तरिक बजार र बैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनको क्रममा पनि मानव बेचबिखन तथा ओसारपसारको क्रम शुरु भएपश्चात मानव बेचबिखनको आयाम र स्वरुपमा परिवर्तन आएको छ । यौन शोषण, दासता, मानव अंग प्रत्यारोपण, जोखिमपूर्ण कार्य, मनोरञ्जन, बैदेशिक रोजगारी तथा घरेलु काम लगायत विभिन्न शोषणजन्य कार्यहरुको लागि महिला तथा बालबालिकाहरुको बेचबिखन हुने गरेको पाईन्छ । यहि २०७२ बैशाख १२ र २९ गते गएको भूकम्पले आफ्नो बासस्थानबाट विस्थापित हुन पुगेका महिला तथा बालबालिकाहरु बेचबिखनमा पर्न सक्ने भै अपराध नियन्त्रणमा थप जटिलताको सामना गर्नु परेको छ ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धको विषय हेर्नको लागि सम्पर्क निकायको रुपमा तोकिएको छ भने आ.व.२०६९।२०७० देखि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा यस विषयलाई हेर्न छुट्टै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको शाखा स्थापना गरिएको छ । अबका दिनमा मानव बेचबिखन विषेश गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, पुनर्स्थापना केन्द्र संचालन निर्देशिका २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरुको हेरचाह तथा संरक्षणमा राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ लगायतका कानुनी दस्तावेजको प्रभावकारी कार्यन्वयनका लागि थप उर्जा मिल्ने हामीले विश्वास गरेका छौं । आ.व.२०७०/०७१ मा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि भएका प्रयासहरुलाई यस प्रतिवेदन मार्फत संकलन गरी एकिकृत रुपमा जानकारी दिने दिलाउने प्रयास गरिएको छ । मूख्यतः यस विषयमा कार्यक्रम संचालन गर्ने विभिन्न मन्त्रालय, विभाग, निकाय तथा गैर सरकारी संस्थाहरुवाट संचालन गरिएका कार्यक्रमहरु समेटी राष्ट्रिय कार्ययोजनाले निर्धारण गरेका निरोध, संरक्षण, कानूनी कारवाही, क्षमता विकास तथा समन्वय, सहयोग र सहकार्य गरी पाँचवटा प्राथमिकता क्षेत्रलाई आधार बनाई यस क्षेत्रमा भएका प्रयास तथा प्रगतिहरुलाई प्रतिवेदनमा समावेश गर्ने र विद्यमान चुनौतिलाई पहिल्याउदै भविष्यमा पृष्ठपोषण दिने प्रयास गरिएको छ । यस क्षेत्रका सरोकारवाला सबै निकायहरुलाई भविष्यमा नीति निर्माण गर्न सहयोग पुऱ्याउनको साथै विद्यार्थी शोधकर्ता लगायत सम्पुर्ण समुदायका लागि प्रस्तुत प्रतिवेदन उपयोग हुनेछ भन्ने विश्वास लिएको छु । प्रतिवेदन तयारीको क्रममा सहयोग पुऱ्याउनु हुने र आवश्यक तथ्याङ्क उपलब्ध गराउने सरकारी तथा गैरसरकारी निकायहरुलाई महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको तर्फबाट धन्यवाद प्रदान गर्दछु । यो प्रतिवेदन तयारीको सिलसिलामा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको (CTIP) परियोजना संचालन गर्न आर्थिक सहयोग गर्ने यु.यस.एड , परियोजना संचालनमा सहकार्य गर्ने द एसिया फाउण्डेसन र प्रतिवेदन तयार गर्न विज्ञको रुपमा सहयोग गर्नु हुने श्री रत्नकाजी बज्राचार्य र श्री उपेन्द्र प्रसाद अधिकारीज्यू, मानव बेचबिखन तथा ओसारपार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०७१ प्रकाशनको लागि गठित प्रतिवेदन सम्पादन समितिका सदस्यहरुलाई धन्यवाद दिन चहान्छु । प्रतिवेदन तयारीका क्रममा संलग्न यस मन्त्रालयको मानव बेचबिखन नियन्त्रण शाखा तथा राष्ट्रिय समितिको सचिवालयमा कार्यरत उपसचिव सुनिता नेपाल, शा.अ.दीनबन्धु सुवेदी तथा म.बि.अ.शोभा खरेल लगायत मानव बेचबिखन नियन्त्रण शाखाका सबै कर्मचारीलाई हार्दिक धन्यवाद ।

धनबहादुर तामाङ्ग
सचिव
महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालय

# विषयसूची

**परिच्छेद-१ ........ १**

१.१ पृष्ठभूमि ........ १
१.२ समस्या विश्लेषण ........ २
१.३ बेचबिखन तथा ओसारपसारको परिभाषा ........ ५
१.४ उद्देश्य ........ ७
१.५ तथ्याङ्क र विधि ........ ७
१.६ प्रतिवेदनको सीमा ........ ८
१.७ प्रतिवेदनको प्रारूप ........ ८
मानव बेचबिखन तथा ओसारपसार विरूद्धका नीति, कानून तथा संस्थागत व्यवस्था ........ ९

**परिच्छेद-२ ........ ९**

२.१ नीतिगत व्यवस्था ........ ९
२.२ कानूनी व्यवस्था ........ ११
२.३ आवधिक योजनाहरू ........ १३
२.४ राष्ट्रिय कार्ययोजनाहरू ........ १४
२.५ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू ........ १६
२.६ संस्थागत संरचनाहरू ........ १६
प्रतिवेदन अवधिमा सम्पन्न कार्यहरू : सरकारी क्षेत्र ........ २७

**परिच्छेद-३ ........ २७**

३.१ : निरोध ........ २७
३.२ संरक्षण ........ ५७
३.३ कानूनी कारवाही ........ ६५
३.४ क्षमता विकास ........ ७९
३.५ समन्वय, सहयोग र सहकार्य ........ ८३

**परिच्छेद-४ ........ ८७**

प्रतिवेदन अवधिमा सम्पन्न कार्यहरू : गैरसरकारी संस्था ........ ८७
चुनौती, सुझाव तथा निष्कर्ष ........ १०७

**परिच्छेद-५ ......................................................................................................१०७**

५.१ समस्या र चुनौतीहरू ......................................................................................१०७
५.२ सुझावहरू ......................................................................................................१०९
५.३ निष्कर्ष ........................................................................................................ ११२

**अनुसूची १**
चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्ध राष्ट्रिय नीति ..................................११४

**अनुसूची २**
वैदेशिक रोजगार नीति, २०६८ : महिला कामदारका सरोकारलाई सम्बोधन गर्ने ११ वटा रणनीतिहरू ........................................................................................... ११५

**अनुसूची ३**
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ ले गरेका केही व्यवस्था .......... ११६

**अनुसूची ४**
मानव बेचबिखन विरूद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका (संशोधन सहित), २०७० ........................................................................ १२१

**अनुसूची ५**
पुनर्स्थापना केन्द्र संचालन निर्देशिका पहिलो संशोधन २०७२ ................................................१२५

**'अनुसुची ८'**
(दफा १३ सँग सम्बन्धित) ...............................................................................१२५

**अनुसूची ६**
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०७१ को मस्यौदा समितिका अनुसूची ७ ............................................................................... १३०

**अनुसूची ८**
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाद्वारा विभिन्न अन्तर र्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा सञ्चालित गतिविधि सम्बन्धी विवरण ......................... १३१

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले आफ्नो स्थापना कालदेखि नै मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न कार्यहरू गर्दै आएको छ। वि.सं. २०५२ सालमा यस मन्त्रालयको स्थापना भए पश्चात पहिलो पटक चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरूद्ध नीति निर्माण गरियो। तत्पश्चात् वि.सं. २०५६ सालमा "यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना" तयार पारी कार्यान्वयनमा ल्याइयो। सो कार्ययोजनालाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि दक्षिण एशिया क्षेत्रकै पहिलो कार्ययोजनाको रूपमा लिइन्छ। उक्त कार्ययोजनामा उल्लेख भए अनुसार राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म विभिन्न संरचनाहरूको निर्माण गर्ने व्यवस्था गरियो। सोही अनुसार केन्द्रमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको संयोजकत्वमा अन्य सरोकारवाला मन्त्रालय तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू सम्मिलित राष्ट्रियस्तरको कार्यदल गठन गरियो भने महिला तथा बालिकाहरूको बेचबिखनको जोखिममा रहेका २६ जिल्लाहरूमा जिल्ला तथा गा.वि.स. स्तरीय कार्यदल गठन गरी विभिन्न निरोधात्मक क्रियाकलापहरू सञ्चालन गरियो।

समयको अन्तराल संगसंगै बदलिँदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्याका स्वरूपहरूलाई वि.सं. २०४३ मा चेलीबेटी बेचबिखन नियन्त्रण ऐनले मात्र सम्बोधन गर्न सकेन। वि.सं. २०६४ मा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन र २०६५ मा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली जारी भयो। सो ऐन तथा नियमावलीमा राष्ट्रिय, जिल्ला तथा स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थायी रूपमै समितिहरू गठन गर्ने व्यवस्था गरियो। सोही अनुरूप केन्द्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र ७५ वटै जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति गठन भएका छन्। आर्थिक बर्ष २०७१/७२ बाट जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिहरू गा.वि.स.हरूमा गठन गर्ने क्रममा रहेका छन्। यसका साथै वि.सं. २०६८ मा "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सक्रियतामा नेपाल सरकारले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना" तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। उक्त कार्ययोजनामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि निरोधात्मक कार्यक्रमहरूका साथै अधिकारमूखी अवधारणामा आधारित पीडित/प्रभावितहरूका लागि संरक्षणात्मक कार्यक्रमहरू, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराध नियन्त्रणका लागि कानूनी कारवाही, सरोकारवालाहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अभिमूखीकरण सम्बन्धी कार्यक्रमहरू एवं मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत सबै सरकारी, गैरसरकारी एवं विकास साझेदारहरूको आपसी समन्वय र सहकार्यमा

जोड दिइएको छ । यसै गरी मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणमा राज्यको दायित्व बोध गरी उनीहरूका लागि प्रवाह गरिनुपर्ने पुनर्स्थापना, हेरचाह, मनोसामाजिक सेवा बारे विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्डहरू तयार पारी कार्यान्वयनमा ल्याएको छ ।

मन्त्रालयले वि.सं. २०७१ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि कार्यान्वयन योजना पनि तयार पारेको छ । मानव बेचबिखन तथा ओसारपसार मुलुकको लागि साझा समस्या हो र यसको निराकरणको लागि विभिन्न सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, नागरिक समाज, निजीक्षेत्र तथा विकास साझेदारहरूको समन्वयात्मक सहकार्यको आवश्यकता छ । वर्तमानमा धेरै सरकारी निकायहरू एवं गैरसरकारी संस्था तथा सञ्जालहरू यो खाँचोलाई महशुस गरी विभिन्न कार्यक्रम तथा गतिविधिहरूको संयोजन गरी सञ्चालन गरिरहेका छन् ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले आ.व. २०६८/२०६९ देखि मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न क्षेत्रमा सम्पादित कार्यक्रम तथा गतिविधिहरूको समग्र विश्लेषण गर्दै वार्षिक रूपमा राष्ट्रिय प्रतिवेदन तयार पारी प्रकाशन गर्ने कार्यको थालनी गरेकोमा सो क्रमलाई निरन्तरता दिँदै २०७० श्रावणदेखि २०७१ असार मसान्तसम्म एक आर्थिक वर्षभित्र मानव बेचबिखन तथा ओसारपासर नियन्त्रणको क्षेत्रमा सम्पादन गरिएका क्रियाकलापहरूलाई समेटी यो तेस्रो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ समस्या विश्लेषण

मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी रूपमा फैलिँदै गएको एक संगठित अपराध हो । यसलाई 'आधुनिक युगको दासता' पनि भन्ने गरिन्छ । यो गोप्य रूपमा गरिने अत्यन्त जटिल बहुआयामिक, बहुक्षेत्रगत एवं अन्तरदेशीय समस्या हो । यसमा संलग्न रहने संगठित आपराधिक समूह र तिनका दलालहरूले नाजायज आर्थिक लाभका लागि जोखिम अवस्थामा रहेका व्यक्तिहरूलाई कब्जा वा नियन्त्रणमा लिई उनीहरूको मानव अधिकार हनन गरिरहेका हुन्छन् ।

बजारमा सस्तो श्रम र यौनको बढ्दो मागका कारण बेचबिखनका दलालहरूले संसारभरका करोडौं मानिसहरू विशेष गरी अधिक संख्यामा महिला तथा बालबालिकाहरूलाई प्रत्येक वर्ष पीडित/प्रभावित बनाई अरबौं डलरको नाफा आर्जन गर्ने गरेको पाईन्छ ।[1] कम जोखिम र न्यून लगानीमा अधिक नाफा हुने हुँदा मानव बेचबिखन तथा ओसारपसार विश्वमै हातहतियार र लागू औषधको अवैध कारोवार सरह एक अन्तरदेशीय संगठित अपराधको रूपमा व्यापकता पाउँदै गएको छ । गरिवी एवं बेरोजगारी जस्ता समस्याले ग्रसित भई आर्थिक सामाजिक रूपमा जोखिम अवस्थामा रहेका तथा विभिन्न कारणवश स्थानागमन गर्न विवश व्यक्तिहरूलाई ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, डरत्रास देखाई, धम्की दिई जवरजस्ती उनीहरूको इच्छा विपरित व्यावसायिक यौन शोषण र श्रम शोषण जस्ता निकृष्ट प्रकारका कार्यमा लाग्न बाध्य पारिन्छ । पीडित/प्रभावितहरू फरक फरक सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक परिवेशबाट आएका हुन्छन् । स्थानागमनका दृष्टिले उनीहरू अभिलेखबद्ध (documented) वा विना-अभिलेखबद्ध (undocumented) पनि हुन सक्दछन् । घरबाट भागेका बालबालिका, किशोरी, युवा र

१ UNODC, Global Report on Trafficking in Persons, 2012

महिला, जबरजस्ती करणीमा परेका महिला तथा किशोरी, घरेलु हिंसा लगायत विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसामा परेका महिला तथा किशोरीहरू र द्वन्द्वबाट प्रभावित महिला तथा बालबालिकाहरू बेचबिखन तथा ओसारपसारको बढी जोखिममा पर्ने गरेका छन् ।[२]

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को एक अनुमान अनुसार विश्वमा २ करोड ९ लाख भन्दा बढी मानिसहरू बाध्यकारी श्रम तथा यौन शोषणबाट प्रभावित बनेका छन् । जसमध्ये लिङ्गका आधारमा १ करोड १४ लाख महिला तथा बालिका र ९५ लाख पुरूष र बालकहरू छन् भने उमेरका आधारमा १ करोड ५४ लाख १८ वर्ष माथिका युवा युवतीहरू र ५५ लाख बालबालिकाहरू रहेका छन् ।[३] तलका चित्रहरूले लिङ्ग तथा उमेरका आधारमा बाध्यकारी श्रम तथा यौन शोषणबाट पीडित/प्रभावित बनेका व्यक्तिहरूको अनुपातलाई स्पष्ट पार्दछ ।

| चित्र १ | चित्र २ |
|---|---|







अन्तर्राष्ट्रिय श्रम संगठनको उक्त तथ्याङ्क अनुसार २ करोड ९ लाख मध्ये ९० प्रतिशत (१ करोड ८७ लाख) मानिसहरू निजी क्षेत्रमा शोषणको स्थितिमा छन् भने बाँकी १० प्रतिशत (२२ लाख) मानिसहरू कमजोर राज्य संरचना र फितलो नियमनबाट सिर्जित विभिन्न प्रकारका बाध्यकारी श्रमबाट पीडित बनेका छन् । निजी क्षेत्र तर्फ अनौपचारिक क्षेत्रमा ४५ लाख मानिसहरू बाध्यकारी यौन शोषणबाट पीडित बनेका छन् भने १ करोड ४२ लाख मानिसहरू उद्योग, कलकारखाना, कृषि, भौतिक निर्माण, घरेलु श्रम लगायतका संगठित क्षेत्रहरूमा बाध्यकारी श्रम शोषणको स्थितिमा रहेको अनुमान गरिएको छ । [४]

एकातिर अर्थतन्त्रको उदारीकरण र विश्वब्यापीकरणले मानिसहरूमा अवसर खोज्ने, अधिकतम लाभ हासिल गर्ने र आरामदायी जीवन विताउने आकाँक्षा जगाएको छ भने अर्कोतिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तवरमै विकसित एवं नव विकसित बजारमा सस्तो श्रमको अधिकतम माग रहने गरेको हुन्छ । यसप्रकार विकासमा पछि परेको एवं बेरोजगारको चाप रहेको एक स्थानबाट अर्को स्थानमा वा एक देशबाट अर्को देशमा आवधिक रूपमा स्थानागमन गर्ने वा स्थायी रूपमै बसाई सर्ने होडवाजी चलेको छ । कतिपय अवस्थामा श्रमिकहरूलाई लुकेर, छलेर एवं दलालहरूको सहयोग लिएर कामको खोजीमा अन्यत्र जानुपर्ने अवस्था सृजना भएको छ । फलस्वरूप विशेषतः महिला, किशोरी तथा बालबालिकाहरू बेचबिखन तथा ओसारपसारको जोखिममा पर्ने गरेका छन् ।

नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या दिनानुदिन नवीनतम आयाम सहित गम्भीर एवं जटिल

२ UNODC, Global Report on Trafficking in Persons, 2014
३ ILO, Global Estimate of Forced Labour, 2012
४ ILO, Global Estimate of Forced Labour, 2012

चुनौतीको रूपमा देखापरिरहेको छ । विगतमा नेपालबाट महिला तथा बालिकाहरू भारतका ठूला शहरहरूमा व्यावसायिक यौन शोषण, मानव अङ्गप्रत्यारोपण, सरकस लगायत अन्य प्रकारका श्रम शोषणका लागि बेचबिखन हुने गरेकोमा यसको स्वरूपमा परिवर्तन हुन थालेको छ । विश्वका विभिन्न मुलुकहरूमा रोजगारका लागि गएका नेपालीहरूमध्ये पुरूषहरू श्रम शोषणमा परी तथा महिलाहरू यौन तथा श्रम शोषण दुबैमा परी बेचबिखन तथा ओसारपसारका घटनाहरूबाट पीडित/प्रभावित हुने गरेको पाईन्छ । पछिल्लो घटनाले विदेशी नागरिकसंग बैवाहिक सम्बन्ध गाँस्ने नाममा समेत महिला तथा किशोरीहरूको बेचबिखन बढ्न थालेको छ भने सांस्कृतिक/सांगितिक कार्यक्रमहरूमा लगाईदिने नाममा नेपाली महिला तथा किशोरीहरूलाई विभिन्न मुलुकहरूमा रोजगारीका लागि जाने क्रममा पठाई व्यावसायिक यौनकार्यमा लाग्न बाध्य पारिएको पाइन्छ ।

एक दशक लामो द्वन्द्व र लम्बिएको राजनीतिक संक्रमणका कारण मुलुकले अपेक्षित सामाजिक-आर्थिक बृद्धिदर हासिल हुन सकेको छैन एवं प्रत्येक वर्ष बजारमा थपिने श्रम शक्तिको अनुपातमा रोजगारीका अवसरहरू श्रृजना हुन सकेको छैन । यसका अतिरिक्त मुलुकले भोग्न परेका बाढी, पहिरो, भूकम्प एवं आगलागी जस्ता प्राकृतिक प्रकोपले घरवारविहीन, भोकमरी र गरिवीको संख्या एवं मात्रालाई बढाएको छ । फलस्वरूप कामको खोजीमा ग्रामीण भेगबाट शहरी क्षेत्र विशेषगरी काठमाडौं हुँदै बैदेशिक रोजगारमा जाने क्रम बढी रहेको छ । हाल नेपालबाट अभिलेखवद्ध भई हरेक बर्ष पाँचलाख भन्दा बढीको संख्यामा नेपाली पुरूष तथा महिलाहरू कामको खोजीमा बिदेश प्रस्थान गरिरहेका छन् ।[५] यसका अतिरिक्त भारतको बाटो प्रयोग गरी अभिलेखवद्ध नभई जानेहरूको संख्या बारे एकीन हुन सकेको छैन । यसरी विदेश जाने व्यक्तिहरू मध्ये केहीले सूचना प्राप्त गरी जाने गरे तापनि कतिपय व्यक्तिहरू सही सूचना बिना नै बैदैशिक रोजगारमा जाने गरेको हुंदा उनीहरू विभिन्न प्रकारका हिंसा र शोषणमा पर्नुका साथै मानव तस्करी र बेचबिखनको जोखिममा पर्ने गरेका छन् ।

विगतमा मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले नेपाललाई प्रमुखतः स्रोत (source) मुलुकको रूपमा हेरिने गरिएकोमा विश्वव्यापीकरण तथा बजारीकरणको प्रभावले गर्दा अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार भए पछि नेपाल मार्गस्थ (Transit) र गन्तब्य (Destination) को रूपमा समेत स्थापित हुन पुगेको छ र मानव बेचबिखन तथा ओसारपसारको पुरानो शैलीमा परिवर्तन हुन थालेको छ । आन्तरिक बेचबिखनको समस्यालाई केलाउँदा उद्योग कलकारखाना अन्तर्गत ईँटा भट्टा, जरी उद्योग, गलैंचा, तयारी पोशाक आदि, मनोरञ्जन क्षेत्र अन्तर्गत डान्स, बार, दोहोरी साँझ, क्याविन, रेष्टुराँहरू, सेवा क्षेत्र अन्तर्गत मसाज पारलर, यातायात, पर्यटन, घरेलु श्रम आदि एवं परम्परागत कृषि प्रणालीमा हरूवा-चरूवा, कमैया, कमलरी, हलिया आदिका नाममा व्यवहारमा नेपाली महिला तथा बालबालिकाहरू श्रम तथा यौन शोषणका लागि मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेको पाइन्छ । यसरी नै वाह्य तर्फको समस्यालाई नियाल्दा व्यावसायिक यौन, सरकस तथा अङ्गप्रत्यारोपण समेतका लागि छिमेकी मुलुकहरूमा हुने गरेको बेचबिखनका साथै बैदेशिक रोजगार, अन्तरदेशीय विवाह तथा सांस्कृतिक/सांगितिक कार्यक्रमका नाममा समेत यौन तथा श्रम शोषणमा परी बेचबिखनको जोखिममा बृद्धि हुँदै गएको देखिन्छ । केही विदेशी दलालहरूको संलग्नतामा विदेशी नागरिकहरूसंग विवाह गराई दिने वाहनामा Marriage Bureau को धन्दा सञ्चालन गरी नेपाली युवतीहरूलाई बेचबिखन गर्ने घटनाहरू पनि सार्वजनिक हुन थालेका छन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय परिवेशमा बढ्दै गएको सरोगेसी (भाडामा बच्चा जन्माउने) को प्रभाव नेपालमा पनि पर्न गई दलालहरूको चलखेलमा बेचबिखनको जोखिम बढ्न सक्ने देखिन्छ ।

मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित, जटिल र जघन्य अपराधको नियन्त्रणका लागि नेपाल सरकारले

---

५ बैदेशिक रोजगार विभाग ।

विभिन्न प्रयासहरू गर्दै आएको छ । यसको विरूद्ध समुदायस्तरसम्म सचेतना बढाउनुका साथै पीडितहरूको सहायताका लागि सेवा विस्तार गरेको छ भने फौजदारी न्याय प्रणालीमा समसामयिक सुधार गरेको छ । कानून निर्माण, राष्ट्रिय कार्ययोजना तर्जुमा, राष्ट्रियस्तर देखि स्थानीयस्तरसम्म संस्थागत संरचनाहरूको गठन गरी उनीहरूको क्षमता विकासका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूसंग समन्वय र सहकार्य गर्दै आएको छ ।

## १.३ बेचबिखन तथा ओसारपसारको परिभाषा

कुनै पनि मानिसलाई प्रलोभनमा पारी, झुक्याई, डरत्रास देखाई शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले सो व्यक्तिको इच्छा विपरित जवरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याईन्छ भने त्यस्तो कार्यलाई मानव बेचबिखन भनेर बुझिन्छ । यसलाई नेपालको राष्ट्रिय कानून लगायत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूले निम्नानुसार परिभाषित गरेको छ ।

नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (१) ले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने भनी उल्लेख गरेको छ :

"(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र (घ) वेश्यागमन गर्ने ।"

सोही ऐनको दफा ४ (२) अनुसार कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिने भनी उल्लेख गरेको छ :

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पुरकको रूपमा रहेको "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २०००" (पालेर्मो प्रोटोकल) मा दिइएको मानव बेचबिखनको परिभाषा निम्नानुसार रहेको छ :

"शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिम अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनु लिनु गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमारा कमारी वा मानव अङ्ग झिक्नु ।"

(ख) यो धाराको उपदफा (क) मा उल्लेख भएका आशय शोषणका लागि मानव बेचबिखनबाट पीडितको

स्वीकृति रहेकोमा उपदफा (क) मा उल्लेख भएको कुनै माध्यम अपनाएकोमा सो असम्बन्धित हुनेछ ।

(ग) यो धाराको उपदफा (क) मा उल्लेख नभए तापनि कुनै बालबालिकाको शोषण गर्ने उद्देश्यले भर्ती गर्ने ओसारपसार गर्ने, स्थानान्तरण गर्ने आश्रय दिने वा प्राप्त गर्ने कार्य मानव बेचबिखन मानिने छ ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष मुनिका कुनैपनि व्यक्तिलाई मान्नु पर्दछ ।

पालेर्मो प्रोटोकलको उपरोक्त परिभाषा अनुसार मानव बेचबिखन तथा ओसारपसारको घटनामा निम्न तीनवटा तत्वहरूको अन्योन्याश्रित सम्बन्ध हुन्छ : (१) क्रियाकलाप - व्यक्तिहरूलाई भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्त गर्नु वा आश्रय दिनु । (२) माध्यम - धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिम अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनु लिनु । (३) उद्देश्य - व्यक्तिलाई शोषण गर्नु । बेश्यावृतिको लागि महिला र बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि, २००२ ले निम्न अनुसार परिभाषित गरेको छ - "बेचबिखन भन्नाले व्यक्तिको इच्छा वा इच्छाविना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले बेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिकाको ओसारपसार वा किनबेचलाई बुझाउँछ ।"

संयुक्त राष्ट्र संघ मानव अधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (OHCHR, UNICEF & IOM) का अनुसार "दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रम लगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसारपसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन तथा ओसारपसार हो ।"

Global Alliance Against Trafficking in Women (GAATW) ले दिएको परिभाषा अनुसार "कुनै पनि व्यक्तिलाई ललाई फकाई डर देखाई धम्काई बल प्रयोग गरी बधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति भए तापनि एक ठाउँबाट अर्को ठाउँमा लग्नु" बेचबिखन हो ।

बेचबिखनमा परेका व्यक्तिको उपचारको लागि मानव अधिकार मापदण्ड (Human Rights Standards for the Treatment of Trafficked Person) अनुसार "कुनै कार्यको लागि भर्ना गर्दा, देशको सीमा भित्र वा बाहिर ओसारपसार गर्दा, खरिद बिक्रि गर्दा, स्थानान्तरण गर्दा, धोखा दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबरजस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर कब्जामा राख्ने, विना पारिश्रमिक वा पारिश्रमिक सहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौनदासी वा प्रजननको प्रयोजनको लागि) कार्यहरू तथा आफू शुरूको अवस्थामा रहेको समुदाय भन्दा फरक समुदायमा कसैलाई जबरजस्ती श्रम लुटेर बंधुवा मजदुरका रूपमा वा दासतापूर्ण परिस्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू" बेचबिखन तथा ओसारपसारको दायरामा पर्दछन् ।

## १.४ उद्देश्य

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपाल सरकारका विभिन्न निकायहरू तथा गैरसरकारी संस्थाहरू समेतको संलग्नतामा वर्षभरी सम्पादन भएका क्रियाकलापहरू बारे जानकारी गराउनु यो प्रतिवेदनको प्रमुख उद्देश्य हो ।

प्रतिवेदनले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजनाले समेटेका पाँचवटा प्राथमिकताहरू निरोध, संरक्षण, कानूनी कारबाही, क्षमता विकास एवं समन्वय, सहयोग र सहकार्यको क्षेत्रमा हासिल गरेका उपलब्धीहरूलाई कार्यान्वयन योजनाले तय गरेका रणनीतिहरूका आधारमा विश्लेषण गर्नुका साथै मानव बेचबिखनको समस्या तथा चुनौतीलाई सबैका सामु उजागर गर्ने उद्देश्य लिएको छ । यसका अतिरिक्त महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण बारे आ.व. २०६८/६९ देखि प्रकाशित गर्दै आएको राष्ट्रिय प्रतिवेदनलाई निरन्तरता प्रदान गर्ने पनि उद्देश्य रहेको छ ।

## १.५ तथ्याङ्क र विधि

यस प्रतिवेदनमा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ अनुरूप सरोकारवालाहरूले २०७० श्रावण १ गतेदेखि २०७१ असार मसान्तसम्म सम्पादन गरेका विभिन्न क्रियाकलापहरूलाई समेट्ने प्रयास भएको छ । यस प्रतिवेदन तयार गर्दा प्राथमिक तथा द्वितीय तथ्याङ्कलाई प्रयोग गरिएको छ ।

**प्राथमिक तथ्याङ्क निम्न श्रोतबाट प्राप्त भएको छ :**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट संकलित विवरण,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कार्यरत विभिन्न निकाय तथा संस्थाका प्रतिनिधिहरूसंग छलफलबाट प्राप्त जानकारी ।

**द्वितीय तथ्याक्त निम्न श्रोतबाट उपलब्ध भएको छ :**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट प्रकाशित प्रतिवेदन तथा तथ्याङ्क,
- विभिन्न निकाय तथा संस्थाहरूको वेभ साइट,
- अन्तर्राष्ट्रिय प्रतिवेदनहरू ।

## १.६ प्रतिवेदनको सीमा

मानव बेचबिखन तथा ओसारपसार बारे सूचना तथा तथ्याङ्क संकलन आफैमा अति संवेदनशील एवं जटिल विषय हो । अन्तर्राष्ट्रियस्तरमै मानव बेचबिखनका घटनाहरू जुन अनुपातमा हुने गर्दछ त्यो अनुपातमा जाहेरी वा उजुरी गरिँदैन र बाहिर प्रकाशमा आउदैन । यसका विभिन्न अन्तरनिहित कारणहरू छन् । बेचबिखनबाट पीडित/प्रभावितहरूमाथि लाग्ने सामाजिक लाञ्छना (social stigma) एक प्रमुख कारकतत्व हो भने यसमा संलग्न रहने दलालहरू आफ्नै परिवारका, नाताभित्रका, गाउँ छिमेकका भई उनीहरूको दवाव, प्रभाव र ललाईफकाई अर्को कारकतत्व हो । साथै अन्तरदेशीय सवालको रूपमा रहेको यो अपराधमा मुलुकहरूको सुस्त फौजदारी न्याय प्रणाली, क्षतीपूर्ति सम्बन्धी अपर्याप्त व्यवस्था एवं सुशासन संग जोडिएका सवालहरूका कारण पनि मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको व्यवस्थापनमा कमी कमजोरीहरू रहन गई यसबारे भरपर्दो सुचना संकलन आफैंमा कठिन कार्य मानिएको छ । यद्यपी यस प्रतिवेदनको तयारीको क्रममा सरोकारवाला निकाय तथा संस्थाहरूबाट सकेसम्म अधिकतम जानकारी संकलन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ । यो प्रतिवेदनमा राष्ट्रिय कार्ययोजना, २०६८ ले निर्धारण गरेका पाँचवटा प्राथमिकताका क्षेत्रहरूमा वर्णित सबै रणनीति तथा कार्यक्रमहरू बारे अहिले सम्म सम्पादित क्रियाकलापहरूलाई सकेसम्म बढी समेट्ने प्रयास गरिए तापनि अपेक्षित मात्रामा सबैलाई भने समावेश गर्न सकिएको छैन ।

## १.७ प्रतिवेदनको प्रारुप

यो प्रतिवेदनको पहिलो परिच्छेदमा परिचय, समस्या विश्लेषण, परिभाषा, उद्देश्य, प्रतिवेदन तयारी विधि, अध्ययनको सीमा एवं प्रतिवेदनको प्रारूप बारे उल्लेख गरिएको छ । यसैगरी दोस्रो परिच्छेदमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपाल सरकारले निर्माण गरेका कानून, नीति, कार्ययोजना, कार्यान्वयन योजना र संरचनाका बारेमा चर्चा गरिएको छ । तेश्रो परिच्छेदमा नेपालमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सरकारी क्षेत्र बाट गरिएका प्रयास विशेषतः निरोधात्मक, संरक्षण र कानूनी कारवाही, क्षमता विकास एवं समन्वय, सहयोग र सहकार्य बारे उल्लेख गरिएको छ भने चौथो परिच्छेदमा गैरसरकारी संघसंस्थाहरूबाट सम्पन्न गरिएका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू बारे प्रस्तुत गरिएको छ । पाँचौ परिच्छेदमा चुनौतीहरू, सुझाव तथा निष्कर्षहरू प्रस्तुत गरिएका छन् ।

परिच्छेद-२

# मानव बेचबिखन तथा ओसार पसार विरुद्धका नीति, कानून तथा संस्थागत व्यवस्था

**यस परिच्छेदमा सरकारी क्षेत्रबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समग्रमा हालसम्म भएका नीतिगत तथा कानूनी ब्यबस्थाहरू र संस्थागत संरचनाहरू बारे संक्षेपमा उल्लेख गरिएको छ।**

## २.१ नीतिगत व्यवस्था

### २.१.१ चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरुद्धको राष्ट्रिय नीति

नेपाल सरकारले बि.सं. २०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय गठन गरेपछि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सम्वेदनशील भई विशेष प्रयासहरूको थालनी गरेको पाइन्छ । फलस्वरूप "चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरूद्धको राष्ट्रिय नीति" तर्जुमा भएको थियो । सो नीति अन्तर्गत चेलीबेटी बेचबिखन तथा देहव्यापारविरूद्ध जनचेतना बढाउन अभियान सञ्चालन गर्ने, कानूनको निर्माण गरी पीडित/प्रभावितको न्यायमा पहुँच पुऱ्याउने, प्रभावितहरूको व्यावसायिक सीप विकासका लागि उपयुक्त वातावरण श्रृजना गरी उनीहरूलाई आत्मनिर्भर बनाउने, चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि गा.वि.स. स्तरसम्म संरचनाको बिस्तार गर्ने तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत समन्वय गरी चेलीबेटी बेचबिखन नियन्त्रण गर्ने लगाएतका विषयमा जोड दिइएको पाइन्छ। यस सम्बन्धी १३ बुँदे नीति अनुसूची १ मा उल्लेख गरिएको छ।

### २.१.२ वैदेशिक रोजगार नीति

नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउन "वैदेशिक रोजगार नीति, २०६८" कार्यान्वयनमा ल्याएको छ । उक्त नीतिमा महत्वपूर्ण रूपमा वैदेशिक रोजगारका समग्र चरण तथा प्रक्रियाहरूलाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउने बारे उल्लेख गरिएको छ । सो नीति

कार्यान्वयनको लागि वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव तस्करी र बेचबिखनको नियन्त्रण गरिने तथा नेपाली कामदारहरूको हक, अधिकारको सुरक्षा र संरक्षण गर्ने रणनीति अवलम्बन गरेको पाइन्छ ।

यसैगरी श्रम बजारमा महिला कामदारहरूका सरोकारलाई सम्बोधन गर्दै समग्र आप्रवासन चक्रमा उनीहरूको अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गरी सो नीति कार्यान्वयनका लागि वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचबिखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी, गैर सरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरूको अन्तरमुलुक सञ्जालहरू मार्फत समन्वयात्मक कार्यहरू सञ्चालन गरिनेछ भन्ने लगायतका आवश्यक रणनीतिहरू उल्लेख भएका छन् । महिला कामदारका सरोकारलाई सम्बोधन गर्ने ११ वटा रणनीतिहरू बारे अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### २.१.३ बालबालिका सम्बन्धी राष्ट्रिय नीति

बि.सं. २०६९ बैशाख ४ गते नेपाल सरकारले बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट सरक्षण गर्ने, उनीहरू जन्मनु अघि र जन्मेपछि आवश्यक स्याहार, पोषण र शिक्षा प्रदान गरी उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने, उनीहरूसंग सम्बद्ध विषयहरूमा आफ्नो विचारहरू अभिव्यक्त गर्ने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने, बालबालिका विरूद्धको विभेद अन्त्य गर्ने र बाल न्याय प्रणालीलाई सुदृढ गर्ने उद्देश्यले "बालबालिका सम्बन्धी राष्ट्रिय नीति" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । उक्त राष्ट्रिय नीतिका विभिन्न बुँदाहरूमा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि निम्न अनुसार उल्लेख भएको पाइन्छ :

- कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचबिखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अबलम्बन गरिनेछ । (बुँदा ८.७)
- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति संगै तिनीहरूको परिवार तथा समुदायमा पुनःर्स्थापनाको व्यवस्था गरिनेछ । (बुँदा ८.८)
- कुनै बालबालिकालाई नेपालमा पालनपोषण गर्न वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा र नेपालमा निजलाई उचित हेरचाह गर्न नसकिने भएमा एउटा विकल्पको रूपमा बालबालिकालाई विदेशमा धर्मपुत्र र धर्मपुत्रीको रूपमा दिन सकिने व्यवस्था गरिनेछ । विदेशमा धर्मपुत्र वा धर्मपुत्री दिँदा नेपाल सरहकै सुरक्षा र स्तर भएका देशमा मात्र दिने व्यवस्था गरिनेछ । अन्तर्देशीय धर्मपुत्र वा धर्मपुत्री दिँदा वा लिँदा अनुचित आर्थिक फाइदा लिन नपाउने पर्याप्त व्यवस्था गरिनेछ । अन्तर्देशीय रूपमा धर्मपुत्र वा धर्मपुत्री दिँदा बालबालिकाको वृहत्तर हित, निजको मानव अधिकारको संरक्षण र त्यस्ता बालबालिकाको अपहरण, बेचबिखन वा तिनीहरूको अन्य कुनै किसिमले दुरूपयोग हुने वा नहुने तर्फ विचार गर्नुपर्ने व्यवस्था गरिने छ । अन्तर्देशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी कानून र अभ्यास अनुकुल हुने गरी पुनरावलोकन गरिनेछ । (बुँदा ८.२०)
- अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिक रूपमा विस्थापित र शरणार्थी बालबालिका, बेचबिखन ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा रहेका, अल्पसंख्यक, दलित र गरीव बालबालिका समेतको अधिकार

संरक्षण गर्नका लागि कानूनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने र सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीप लगायत पुनःस्थापनाका लागि एकीकृत एवं लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । (बुँदा ८.२४)

## २.२ कानूनी व्यवस्था

### २.२.१ विगतका प्रयासहरू

नेपालको एकीकरण पश्चात पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा बनेपा, धुलिखेल लगायत सात गाउँका मानिसले कमारा कमारी राख्न नपाउने गरी रूक्का जारी गरेको थियो । वि.सं. १९१० मा सुरेन्द्र शाहको पालामा जारी भएको मुलुकी ऐनमा मानिस बेच्नेलाई ७ वर्ष कैद हुने, आफ्नी श्रीमती बेच्ने व्यक्तिलाई थप सजाय हुने, विदेशको कोइलाखानी र समुद्रपार लाने-पठाउने कार्य दण्डनीय हुने एवं यस्तो कसूरको सुराकीलाई असूल भएको सजायको अंशवाट बकस दिइने तथा यस्तो मुद्दा सरकारवादी हुने व्यवस्था समेत गरेको थियो । वि.सं. १९८२ बैशाख १ गते नेपालभर दास प्रथा उन्मूलन गर्ने घोषणा गरिएको थियो । वि.सं. २०२० सालमा जारी भएको नयाँ मुलुकी ऐनमा मानिसको बेचबिखनलाई अपराध मानी यसमा संलग्न हुनेलाई सजायको व्यवस्था गरियो भने वि.सं. २०३३ मा भएको उक्त ऐनको छैठौं संशोधनले थप सजायको व्यवस्था गरेको थियो ।

मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कानूनी आधार प्रदान गर्ने उद्देश्यले विशेष ऐनको रूपमा २०४३ साल कार्तिक २४ गते जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन जारी भयो । यस ऐनमा कुनै पनि उद्देश्यले मानव बेचबिखन गर्न, बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजान, कुनै व्यक्तिलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डरत्रास, दवावमा पारी अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउन अथवा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याउने समेतलाई सजायँको भागीदार बनाउने प्रावधान रहेको थियो ।

### २.२.२ नेपालको अन्तरिम संविधान, २०६३

मुलुकको मूल कानूनको रूपमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिका र महिलाको निम्ति विशेष अधिकारहरू प्रत्याभूत गरिएका छन् । संविधानको धारा २९ शोषण बिरूद्धको हकमा मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भनी उल्लेख भएको छ । धारा २० को उपधारा (१) मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन भनी लेखिएको छ भने सोही धाराको उपधारा (३) मा कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन भनी स्पष्ट पारिएको छ । साथै धारा २२ को उपधारा (३) अनुसार प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण बिरूद्धको हक हुने, यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने व्यवस्था गरिएको छ । त्यस्तै धारा २२ को उपधारा (४) ले असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक बारे उल्लेख छ । यसै गरी सोही धाराको उपधारा

(५) ले कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन भनी बन्देज लगाइएको छ ।

### २.२.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

विश्व परिवेशमा मानव बेचबिखन तथा ओसारपसारको समस्या समयको परिवर्तन संगसंगै नयाँ नयाँ स्वरूप र आयाम सहित जटिल बन्दै गइरहेको छ । अन्तर्राष्ट्रिय संगठित अपराधको रूपमा लिइने यो समस्यालाई कडा कानूनी व्यवस्था गरी नियन्त्रण गर्न आवश्यक भएको हुँदा नेपाल सरकारले वि.सं. २०६४ श्रावण ८ गते मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन जारी गर्‍यो भने २०६५ मंसीर ९ गते मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली तयार पारी कार्यान्वयनमा ल्याइयो । कानूनी प्रावधान अनुसार महिला र बालबालिका बेच्ने र किन्ने दुबैलाई उत्तिकै दोषी मानी दण्ड सजाय हुने, क्षेत्रीय अधिकारको व्यवस्था अनुरूप नेपालभित्र वा बाहिर गरिएका अपराधहरूको लागि समान सजाय हुने, बेचबिखन सम्बन्धी सूचना जो कोहीले नजिकको प्रहरी कार्यालयमा दिन सक्ने र अभियोग लागेपछि प्रमाणको भार पुर्‍याउने दायित्व सम्बन्धित अभियुक्तमाथि नै रहने लगाएतका व्यवस्थाहरू गरिएका छन् । ऐन तथा नियमावलीले बन्द इजलाशको व्यवस्था गर्नुका साथै पीडितको बयान दर्ता भई एक पटक अदालतबाट प्रमाणित भैसकेको छ भने पुनः दोहोर्‍याएर दिनु नपर्ने, पुनर्स्थापना सम्बन्धी विशेष व्यवस्थाहरू, पुनर्स्थापना केन्द्रहरूको सञ्चालन, पीडित, साक्षी तथा सूचनादाताको संरक्षण र क्षतिपूर्तिको समेत व्यवस्था गरेको छ ।

### २.२.४ अन्य कानूनहरू

घरेलु हिंसा लगायत विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसासंग मानव बेचबिखन तथा ओसारपसारको निकट सम्बन्ध रहने हुँदा नेपाल सरकारले यसप्रकारका हिंसाहरूको नियन्त्रणका लागि देहायका ऐन, नियमावली तथा निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ :

**ऐनहरू**

- बालबालिका सम्बन्धी ऐन, २०४८
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३
- बैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन, २०७१

## नियमावलीहरू

- बालबालिका सम्बन्धी नियमावली, २०५०
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३
- घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७

## २.३ आवधिक योजनाहरू

नेपाल सरकारले कार्यान्वयनमा ल्याएका विभिन्न आवधिक योजनाहरूमा लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरू समावेश हुँदै आएका छन् । यसबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कुनै न कुनै रूपमा सघाउ पुग्न गएको देखिन्छ । दशौं योजना (२०५९/०६०-२०६३/०६४) ले लैङ्गिक समानता कायम गर्नुका साथै घरेलु हिंसा तथा मानव बेचबिखनबाट प्रभावित महिलाहरूको लागि क्षतिपूर्ति, मनोविमर्श सेवा, स्वास्थ्य उपचार, कानूनी सल्लाह, पुनर्स्थापना र पुनर्मिलनका कार्यक्रमहरूमा जोड दिएको थियो । त्यस्तै त्रि-वर्षीय अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) ले महिला विरूद्धको हिंसा एवं मानव बेचबिखन तथा ओसारपसार रोकथाम र नियन्त्रणका लागि कानूनमा सुधार गर्ने र अन्तरसीमा तहमा सहकार्य प्रवर्द्धन गर्ने बारे उल्लेख गरेको थियो । सो योजनामा बालबालिकाहरू माथि हुने श्रम शोषण, यौन शोषण, बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने सम्बन्धमा निरोधात्मक, प्रवर्द्धनात्मक तथा घटना व्यवस्थापन सम्बन्धी रणनीति बनाई कार्यान्वयनमा ल्याएको पाइन्छ ।

यसैगरी त्रि-वर्षीय योजना (२०६७/०६८-२०६९/०७०) को कार्यनीतिमा महिला तथा बालबालिका लगायत मानव बेचबिखन तथा ओसारपसार विरूद्धमा नयाँ राष्ट्रिय कार्ययोजना तयार गरी विभिन्न सरोकारवाला निकायहरूले सञ्चालन गरिरहेको निरोधात्मक, संरक्षणात्मक र उपचारात्मक क्रियाकलापहरू बीच समन्वय गरी प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाका लागि आकस्मिक कोषको व्यवस्था बारे उल्लेख भएको थियो ।

त्रि-वर्षीय योजना (२०६७/०६८-२०६९/०७०) सम्मका आवधिक योजनाहरूमा मानव बेचबिखन तथा ओसारपसारको विषयलाई लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण परिच्छेद अन्तर्गत राखिएकोमा पहिलो पटक तेर्‍हौं योजना (२०७०/०७१-२०७२/०७३) मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यलाई विशेष महत्व दिई छुट्टै परिच्छेदमा राखिएको छ । सो योजनामा मानव बेचबिखन तथा ओसारपसार पूर्ण नियन्त्रण गरी सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्ने दीर्घकालीन सोच रहेको छ भने मानव बेचबिखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्ने संयन्त्र र संरचनाहरूको सुदृढीकरण तथा दक्षता अभिवृद्धि गर्ने एवं दण्डहीनताको अन्त्य गरी प्रभावितहरूलाई न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ । यी उद्देश्यहरू प्राप्तिका लागि सो योजनाले पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि राज्यका निकायहरूलाई परिचालन गर्ने तथा मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विषय,

विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने गरी दुईवटा रणनीति लिएको छ । पहिलो रणनीति अन्तर्गत पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको विकास तथा सुदृढीकरण गर्ने, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको सुदृढीकरण गर्दै सम्बद्ध निकायहरूको मानव बेचबिखन विरूद्धका कार्यहरूको तर्जुमा र कार्यान्वयनमा समन्वय बढाउने एवं स्थानीयस्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रहरूको स्थापना गर्ने कार्यनीति अवलम्वन गरेको छ । एवं प्रकारले दोस्रो रणनीति अन्तर्गत जोखिमपूर्ण समूह/समुदायहरूको पहिचान गरी समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गर्ने कार्यनीति अपनाएको छ । यस योजनाले देहायका क्रियाकलापहरूलाई प्रमुख कार्यक्रमको रूपमा अघि सारेको छ :

- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले सम्वेदनशील गा.वि.स., नगरपालिका र सम्बेदनशील समुदायको नक्साङ्कन तथा बहुआयामिक वञ्चितीमा परेका समूह/समुदायको विवरण तयार गर्ने ।
- स्थानीयस्तरमा आवश्यकता अनुसार स्थानीय समितिहरूको गठन गरी मानव बेचबिखन नियन्त्रण गर्ने ।
- जोखिममा रहेका बालबालिकाहरूलाई स्थानीय बाल क्लबमा क्रमशः आबद्ध गरी सचेतना वृद्धि गर्ने ।
- अतिविपन्न, जोखिमपूर्ण र जोखिमसन्मुख समुदायका परिवारकालागि आर्थिक सुरक्षा तथा सामाजिक क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।
- औपचारिक तथा अनौपचारिक शिक्षा मार्फत् व्यापक रूपमा मानव बेचबिखन विरूद्धमा जनचेतना अभिवृद्धि गर्ने ।
- जानकारीमूलक सूचना सामग्रीहरूको उत्पादन र वितरण गर्ने । सूचना तथा सहायता केन्द्रहरूको स्थापना गर्ने ।
- आवश्यकतानुसार विद्यमान कानून संशोधन तथा नयाँ कानूनको निर्माण गर्ने ।
- श्रम शोषण तथा यौन शोषणका उद्देश्यले विदेशमा बेचबिखन तथा ओसारपसारमा परेका पीडित तथा प्रभावितलाई तत्काल उद्धार, स्वदेश फिर्ती, परामर्श सेवा, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउने ।
- पीडित तथा प्रभावितलाई उपलब्ध गराउने सेवाहरूलाई सुलभ तथा प्रभावकारी बनाउन सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि तथा संयन्त्रको सुदृढीकरण गर्ने ।

## २.४ राष्ट्रिय कार्ययोजनाहरू

### २.४.१ **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना**, २०६८

मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण गर्न नेपाल सरकारले २०५६ सालमा “यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना” कार्यान्वयनमा ल्याएको थियो । यसलाई सार्क क्षेत्रकै पहिलो कार्ययोजनाको रूपमा लिईन्छ । सो कार्ययोजनालाई समिक्षा गरी २०५८ सालमा आवश्यक

परिमार्जन गर्नुका साथै कार्यक्षेत्रहरू विस्तार गरिएको थियो । वि.सं. २०६८ सालमा सो कार्ययोजनाको दोस्रो समिक्षा गरियो । उक्त समिक्षाबाट प्राप्त सुझावका आधारमा १० वर्षीय "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना" तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

### २.४.२ मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन योजना, २०७१

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ मा उल्लेख भएका कार्यक्रम तथा क्रियाकलापहरूलाई समयबद्ध रूपमा थप प्रभावकारिताका साथ कार्यान्वयन गर्ने उद्देश्यले राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन योजना, २०७१ तयार पारिएकोछ । कार्ययोजनाको उद्देश्य प्राप्तिको लागि कार्यान्वयन योजनाले क्रियाकलापहरू, नतिजा, कार्यसम्पादन सूचक, समयावधि, मुख्य जिम्मेवार निकाय, अन्तिम जिम्मेवार निकाय, सहयोगी निकाय बारे स्पष्ट पार्नुका साथै उक्त कार्य सम्पादनको लागि लाग्ने अनुमानित बजेट बारे स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

### २.४.३ अन्य राष्ट्रिय कार्ययोजनाहरूः

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि माथि उल्लेख गरिएको विशेष कार्ययोजनाका अतिरिक्त विषयगत रूपमा अन्य धेरै राष्ट्रिय कार्ययोजनाहरू पनि निर्माण भई कार्यान्वयनमा रहेका छन् । ती सबै कार्ययोजनाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणलाई पनि जोड दिएको पाइन्छ ।

१. बालश्रम उन्मूलनका लागि गुरू योजना, २०५७ (२००१)
२. महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० (२००४)
३. बालबालिका सम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २०६०-२०७० (२००४-२०१४),
४. लैंङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१ (२००४),
५. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, (२०६७/०६८-२०७१/०७२),
६. लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, (२०६९/०७०-२०७३/०७४),

## २.५ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यले तयार पारिएका माथि उल्लेख गरिएको नीति, कानून, कार्ययोजना अन्तर्गत रही विभिन्न कार्यक्रम तथा क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि देहायका निर्देशिका, कार्यविधि तथा मापदण्डहरू पनि तर्जुमा भएका छन् :

१. बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
२. छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४
३. नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रकृया, २०६५
४. श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५
५. वैदेशिक रोजगारसंग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७
६. मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८
७. पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
८. पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८
९. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८
१०. मनोसामाजिक मनोविमर्श परामर्श निर्देशिका, २०६९
११. आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
१२. पीडित महिला तथा बालबालिका सहयोग कार्य सञ्चालन कार्यविधि, २०७०
१३. मानव बेचबिखन विरूद्धको गाउँ समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०

## २.६ संस्थागत संरचनाहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवाल प्रति संवेदनशील भई नेपाल सरकारले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र राष्ट्रिय कार्यान्वयन योजना, २०७१ को प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूलाई जिम्मेवार गराउँदै आईरहेको छ । यसै क्रममा केही महत्वपूर्ण निकायहरूको भूमिका तल उल्लेख गरिएको छ ।

## व्यवस्थापिका संसद
*महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समिति*

व्यवस्थापिका संसदको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लगायत महिला, बालबालिका तथा समाज कल्याणका विविध विषयहरूमा समय सापेक्ष रूपमा समितिका सदस्यहरू बीच छलफल तथा परामर्श गरी सरकारलाई आवश्यक निर्देशन प्रदान गर्दछ। यस समितिले महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी विधेयकहरू, अन्तर्राष्ट्रिय महासन्धिहरू एवं इच्छाधिन आलेखहरूको अनुमोदनका सम्बन्धमा छलफल गरी आवश्यकता अनुसार व्यवस्थापिका संसदमा सुझाव प्रस्तुत गर्दछ। यसका अतिरिक्त यस समितिले महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्नुका साथै आवश्यकता अनुसार उप-समितिहरू गठन गर्ने गर्दछ।

## कार्यपालिका
*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिकतामा आधारित हिंसा नियन्त्रण विषयमा उच्चस्तरीय तहमा समन्वयको कार्य गर्दछ। यस कार्यालयको मानव अधिकार महाशाखा अन्तर्गतको लैङ्गिक हिंसा विरूद्धको इकाई र हेलो सरकारमा प्राप्त हुने मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसा विरूद्धका उजुरी तथा गुनासाहरू सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाउने काम गर्दछ। साथै यस कार्यालयले विभिन्न सरकारी निकायहरूबाट लैङ्गिक हिंसा लगायत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भए गरेका कार्यहरूको समन्वय तथा अनुगमन गर्ने गर्दछ।

## राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोगले नेपालको आवधिक योजना तर्जुमाका साथै समष्टिगत तथा क्षेत्रगत दीर्घकालीन अवधारणा, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख कार्यक्रमहरू तथा अपेक्षित उपलब्धिहरू समेत विभिन्न क्षेत्रगत मन्त्रालय तथा निकायहरूको समन्वयमा तयार गर्ने कार्य गर्दछ। यस प्रकार आयोगले आवधिक योजनाहरू मार्फत समसामयिक विषयको गम्भीरतालाई मनन गरी प्राथमिकताको आधारमा स्रोत विभाजन गर्ने गर्दछ।

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रायलले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय समितिको सचिवालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा, महिला तथा बालबालिका विभाग, केन्द्रीय बालकल्याण समिति र पचहत्तरै जिल्लाका महिला तथा बालबालिका कार्यालयहरू मार्फत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी काम गर्ने गर्दछ।

### (क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति

मानव बेचबिखन तथा ओसारपसार विरूद्धको अभियानलाई राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म प्रभावकारी रूपमा सञ्चालन गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा सोको नियमावली, २०६५ बमोजिम केन्द्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति गठन गरिएको छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा २३ तथा सोही नियमावली, २०६५ को नियम ३ बमोजिम गठन भएको राष्ट्रिय समितिले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने, स्वीकृत नीति, योजना, कार्यक्रमहरूलाई केन्द्रियस्तरदेखि जिल्लास्तरसम्म कार्यान्वयन गर्ने गराउने तथा सम्पन्न कार्यक्रमहरूको अनुगमन गर्ने, विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्न सहजीकरण गर्ने र निजको सहमतीमा स्वदेश फर्काउने जस्ता महत्वपूर्ण कार्यहरू गर्दै आएको छ। राष्ट्रिय समितिले जिल्ला समन्वय समितिहरूलाई क्रियाशील बनाउन समय समयमा अन्तरक्रिया, संयुक्त वैठक लगायतका क्षमता अभिबृद्धि सम्बन्धी कार्य समेत गर्ने गरेको छ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको अध्यक्षतामा गठन गरिएको यस समितिमा श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयका सह–सचिवहरू, महान्यायाधिवक्ताको कार्यालयको सहन्यायाधिवक्ता, नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षक, मानव बेचबिखन तथा ओसारपसार विरूद्धको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरू तथा बेचबिखन बाट प्रभावित महिलाहरू सदस्य रहने तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सम्बन्धित महाशाखा हेर्ने सह-सचिव सदस्य सचिव रहने व्यवस्था छ। यस विषयमा विभिन्न विषयगत निकायहरूको महत्वपूर्ण भूमिकालाई ध्यानमा राखेर राष्ट्रिय समतिले विषयगत निकायहरूलाई आमन्त्रित सदस्य तोकेको छ।

### (ग) मानव बेचबिखन नियन्त्रण शाखा :

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०७० सालमा मन्त्रालयको प्रभावकारिता र क्षमता अभिबृद्धिका लागि संगठनात्मक संरचनामा सुधार गरेको छ। यसै सिलसिलामा मन्त्रालयमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्राथमिकता दिई कार्यसम्पादन गर्न मिति २०७०।४।२८ मा मन्त्रालयको महिला सशक्तिकरण तथा बाल विकास महाशाखा अन्तर्गत मानव बेचबिखन नियन्त्रण शाखाको स्थापना भएको छ। सहसचिवको सुपरिवेक्षण अन्तर्गत उपसचिवको नेतृत्वमा रहेको यस शाखाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न मन्त्रालय, विभाग, समिति लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं सञ्जालहरूसंग सम्पर्क, समन्वय र सहकार्य गरिरहेको छ। यसका अतिरिक्त यो शाखाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयको रूपमा समेत काम गर्दछ।

### (घ) महिला तथा बालबालिका विभाग

शुरूमा तत्कालीन स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा ततपश्चात महाशाखा हुँदै वि.सं. २०५७ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मातहत रहने गरी महिला विकास विभाग गठन भयो। वि.सं. २०६७ मा महिला तथा बालबालिका विभाग भनी नाम परिवर्तन गरी वि.सं. २०७० मा विभागमा

बालबालिका र मानव बेचबिखन तथा ओसारपसार विरूद्ध हेर्ने छुट्टै शाखा गठन गरियो । यस विभागले ७५ जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालयहरू मार्फत महिला विकास कार्यक्रम सञ्चालन गर्नुका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लगायतका विषयहरूमा क्षमता अभिवृद्धि, जिल्लामा हुने कार्यक्रमहरूको समन्वय र अनुगमन गर्ने कार्य गर्दछ । साथै मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विशेषत निरोधात्मक र संरक्षणात्मक कार्यक्रमहरू सञ्चालन गर्नका लागि योजना तर्जुमा तथा बजेट बाँडफाँडको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्दछ ।

### (ङ) महिला तथा बालबालिका कार्यालय

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभाग मातहत रहने गरी ७५ जिल्लामा महिला तथा बालबालिका कार्यालयहरू स्थापना भएका छन् । सो कार्यालयहरूले मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध लक्षित विभिन्न निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिबृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् भने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको सचिवालयको रूपमा पनि कार्य गरिरहेका छन् । जिल्ला कार्यालयहरूमा मानव बेचबिखन तथा ओसारपसार विषय हेर्ने सम्पर्क व्यक्ति तोकिएको छ ।

### (च) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ तथा सोही नियमावली, २०६५ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले २०६५ सालदेखि नै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिसंग निकट सम्पर्कमा रही कार्य गर्ने गरी ७५ जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरू गठन गरिएका छन् । सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित यस समितिमा जिल्ला प्रहरी प्रमुख, सरकारी वकील, मानव बेचबिखन विरूद्ध कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट तीन जना प्रतिनिधिहरू, पत्रकार महासंघका प्रतिनिधि सदस्य तथा महिला तथा बालबालिका कार्यालयका प्रमुख सदस्य सचिव रहने ब्यबस्था छ । साथै सो समितिमा जिल्ला विकास समितिका सभापति आमन्त्रित सदस्य रहने व्यवस्था गरिएको छ । नियमावलीको नियम ७ को (ङ) मा व्यवस्था भए अनुसार राष्ट्रिय समितिद्वारा स्वीकृत नीति र योजना अन्तर्गत रही जिल्ला समितिहरूले कार्यक्रम कार्यान्वयन गर्ने, उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्तो कागजात बनाउन सम्बन्धित निकायमा सिफारिस गर्ने, स्थानीय स्तरमा समितिहरू गठन गरी परिचालन गर्ने, जिल्ला स्थित पुनर्स्थापना केन्द्रको अनुगमन गर्ने, बेचबिखन विरूद्ध जनचेतना अभिबृद्धि गर्ने, जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने, जिल्लामा कार्यरत संघसंस्थाहरूको समन्वय गर्ने, अभिलेख अद्यावधिक गर्ने लगायतका कार्यहरू गर्नुपर्ने गरी काम, कर्तव्य र अधिकार तोकिएको छ ।

### (छ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ७ को उपनियम (१) (ख) तथा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना,

२०६८ ले निर्देशित गरे अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी क्रियाकलापहरूलाई स्थानीयस्तरसम्म दिगो रूपमा सञ्चालन गर्न विभिन्न जिल्लाका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूले न.पा र गा.वि.स स्तरका समितिहरू गठन गरेका छन् । ती समितिहरूले समुदायस्तरमा निगरानी राख्ने, घटनाहरू बारे जानकारी राखी सम्बन्धित निकायमा सूचना प्रवाह गर्ने एवं पीडितहरूलाई न्यायमा पहुँच दिलाउन सहयोग गर्ने कार्यहरू गरिरहेका छन् । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले तयार पारेको मानव बेचबिखन विरूद्धको गाउँ समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### (ज) पुनर्स्थापना तथा सेवा केन्द्र

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले महिला तथा बालबालिका कार्यालयहरूको प्रशासनिक नियन्त्रणमा रहने गरी आठ वटा जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा सोही नियमावली, २०६५ अनुसार पुनर्स्थापना केन्द्रहरू स्थापना गरेको छ । ती पुनर्स्थापना केन्द्रहरूको सञ्चालनका लागि गैरसरकारी संस्थाहरूलाई व्यवस्थापन करारमा दिई सरकारी तथा गैरसरकारी संस्थाहरूको साझेदारिता अभिबृद्धिको प्रयास गरिएको छ । साथै घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र सोही नियमावली, २०६७ अनुसार १७ जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयहरूकै प्रशासनिक नियन्त्रण रहने गरी जिल्लास्तर र समुदायस्तरमा सेवा केन्द्रहरू स्थापना भएका छन् । ती सेवा केन्द्रहरूको व्यवस्थापन महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी संस्थाहरूलाई दिईएको छ ।

पुनर्स्थापना केन्द्र रहेका आठ वटा जिल्लाहरू झापा, सिन्धुपाल्चोक, काठमाडौं, पर्सा, चितवन, रूपन्देही, बाँके र कैलाली हुन् भने सेवा केन्द्र सञ्चालनमा रहेका १७ वटा जिल्लाहरू पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, रौतहट, काभ्रेपलाञ्चोक, मकवानपुर, तनहुँ, नवलपरासी, बाग्लुङ्ग, प्युठान, दाङ, जुम्ला, बर्दिया, डोटी तथा कञ्चनपुर हुन् । साथै उदयपुरमा जिल्ला विकास समितिले त्रियुगा नगरपालिकाबाट प्राप्त जग्गामा भवन निर्माण गरी आवासीय महिला तथा बालबालिका संरक्षण गृह सञ्चालन गरेको छ । सो गृहको व्यवस्थापनको जिम्मा महिला पुनर्स्थापना केन्द्रलाई दिईएको छ ।

### (झ) महिला निगरानी समूह

महिला तथा बालबालिका कार्यालयहरूद्वारा ७५ जिल्लामा सञ्चालित महिला विकास कार्यक्रम अन्तर्गत मुलुकका अधिकांश गा.वि.स.हरूमा प्रवर्द्धित महिला संस्था/समितिहरू भित्र महिला निगरानी समूह गठन गरिएका छन् । ती समूहहरूले समुदायस्तरमा मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसा नियन्त्रणका लागि चेतना फैलाउने र बेचबिखन तथा हिंसाका घटनाहरू भएमा पीडितहरूलाई न्यायमा पहुँच दिलाउन महिला तथा बालबालिका कार्यालयका साथै कानून कार्यान्वयन निकायमा प्रतिवेदन गर्ने कार्य गर्दछन् ।

### (ञ) केन्द्रीय बाल कल्याण समिति

बालबालिका सम्बन्धी ऐन, २०४८ अनुसार गठन भएको केन्द्रीय बाल कल्याण समितिले बाल संरक्षण, बाल

सहभागिता एवं बाल अधिकारको अतिरिक्त बाल गृहको अनुगमन तथा जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुनर्स्थापनाको काम गर्दछ ।

### (ट) जिल्ला बाल कल्याण समिति

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पचहत्तरै जिल्लामा रहेको जिल्ला बाल कल्याण समितिहरूले जिल्लामा बालबालिकाको हक हित संरक्षणका लागि संचालित कार्यक्रमहरू खास गरी बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागितालगायतका कार्यक्रमहरूको समन्वय तथा अनुगमन गर्नुको अतिरिक्त जिल्लास्थित बाल गृहहरूको अनुगमन गर्दछन् । जिल्ला बाल कल्याण अधिकारीको भूमिका समेत निर्वाह गर्ने महिला विकास अधिकृतलाई सदस्य सचिव तोकिएको यस समिति मार्फत केन्द्रीय बाल कल्याण समितिले जिल्लामा बालबालिका सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ ।

### (ठ) समाज कल्याण परिषद

समाज कल्याण परिषद सामाजिक आर्थिक विकासका लागि संस्था दर्ता ऐन अनुसार दर्ता भएका गैरसरकारी संस्थाहरूको नियमनका लागि गठन भएको स्वायत्त संस्था हो । यसले नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले नेपालका गैरसरकारी संस्थाहरू मार्फत सञ्चालन गर्ने परियोजनाहरूमा संझौता गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दछ । यो परिषद्को अध्यक्ष महिला, बालबालिका तथा समाज कल्याण मन्त्री रहने कानूनी व्यवस्था छ ।

## गृह मन्त्रालय

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा गृह मन्त्रालयको सहसचिव स्तरीय प्रतिनिधित्व रहने व्यवस्था छ । मानव बेचबिखन तथा ओसारपसारको अपराधमा अदालतबाट पुर्पक्षमा राखेका वा कैद सजायँ पाएका अभियुक्तहरूलाई कारागार प्रशासन मार्फत जेलमा राख्ने व्यवस्था यस मन्त्रालयले गर्दछ । यसका साथै ७५ जिल्लामा रहेका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको अध्यक्ष सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । मानव बेचबिखन विरूद्ध जिल्लामा कार्यरत सरकारी निकायहरू तथा गैरसरकारी संस्थाहरूको समन्वय लगायत नेपाल भारत सीमामा भारतीय समकक्षीहरूसंग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थानीय पहल र पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती र संरक्षण आदि कार्यमा प्रमुख जिल्ला अधिकारीहरूको महत्वपूर्ण भूमिका रही आएको छ ।

### (क) नेपाल प्रहरी

मुलुकमा अपराध नियन्त्रणका साथै शान्ति सुरक्षा कायम राख्ने शिलशिलामा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अनुसन्धान गर्ने निकाय नेपाल प्रहरी हो । नेपाल प्रहरीको आन्तरिक सांगठनिक जिम्मेवारी अनुसार अपराध अनुसन्धान सम्बन्धी नीति निर्माणको तर्जुमा, मातहत कार्यालयलाई निर्देशन, अनुगमन एवं अपराध

अनुसन्धान, नियन्त्रण सम्बन्धी कार्यको व्यवस्थापन अनुसन्धान विभागले गर्दछ भने महिला तथा बालबालिकाहरूको मुद्दाको अनुसन्धान र प्रहरी कार्यालयहरूलाई लैंङ्गिक तथा बालमैत्री वातावरण सृजना गर्नको लागि केन्द्रमा अपराध अनुसन्धान विभाग अन्तर्गत महिला तथा बालबालिका सेवा निर्देशनालयको गठन भएको छ र नेपाल भर १९७ प्रहरी कार्यालयबाट मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरू दायर गर्न सकिने व्यवस्था छ।

### (अ) महिला तथा बालबालिका सेवा निर्देशनालय, नेपाल प्रहरी

महिला तथा बालबालिकाहरूका मुद्दालाई विशेष प्राथमिकताका साथ हेर्नको लागि वि.सं २०५२ सालमा प्रहरी प्रधान कार्यालय लगायत ४ जिल्लाका प्रहरी कार्यालयहरूमा स्थापना गरिएको महिला सेलको स्तरवृद्धि हुँदै हाल प्रहरी प्रधान कार्यालय, मातहत क्षेत्रीय कार्यालय, उप-क्षेत्रीय कार्यालय, ७५ जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर तथा प्रहरीवृत्त, ईलाका प्रहरी/वडा प्रहरी कार्यालय समेत गरी जम्मा २४० स्थानमा महिला तथा बालबालिका सेवा केन्द्रहरूको लागि दरवन्दीको व्यवस्था भइसकेको छ भने विशेष गरी मानव बेचबिखन रोकथाम, तथा नियन्त्रणको लागि विभिन्न ९ सीमा नाकाहरूमा चेकपोष्टको स्थापना गरी विभिन्न संघसंस्थाहरूको सहकार्यमा चेकजाँच गरी ठूलो संख्यामा सम्भावित जोखिममा रहेका महिला तथा बालबालिकाहरूको उद्धार गर्ने गरेको छ। महिला तथा बालबालिका सेवा केन्द्रहरूले महिला तथा बालबालिका पीडित रहेका र बाल बिज्याईंका मुद्दाहरूमा अनुसन्धानमा सहयोग गर्नुका साथै संघ संस्था र अन्य सरोकारवाला निकायहरूसंग सहकार्य र समन्वय गरी पीडितको उद्दार र सहायताका कार्य गर्दछ। विशेष गरी बेचबिखनबाट पीडित/प्रभावितहरूको गोपनीयता सुनिश्चित गर्ने, समाजमा चेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू गरी महिलाहरूको प्रहरी सेवामा पहुँच बढाउने कार्यमा समेत सेवा केन्द्रहरूले अहम् भूमिका खेलेको पाईन्छ।

### (आ) सामुदायिक प्रहरी सेवा केन्द्रहरू

समाजमा रहेका व्यक्तिहरूको सहकार्यमा अपराध नियन्त्रण गरी शान्ति र सुव्यवस्था कायम गर्न सामुदायिक प्रहरीको गठन भएको छ। सचेतना कार्यक्रमहरू मार्फत मानव बेचबिखन, लागूऔषध, जुवातास खेल्ने लगायतका अपराधहरू नियन्त्रण गर्न सामुदायिक प्रहरी क्रियाशील रहेको छ। समाजमा सचेतना अभिवृद्धि गर्नुका साथै समाजमा हुने अपराध नियन्त्रणमा पाँच विकास क्षेत्रहरूमा रहेका १८३ सामुदायिक केन्द्रहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

## श्रम तथा रोजगार मन्त्रालय

श्रम तथा रोजगारका विषयमा आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने जिम्मेवारी पाएको यस मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार लगायत मानव तस्करी हुन सक्ने क्षेत्र वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार नीति, २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा यस मन्त्रालयको सहसचिवस्तरको प्रतिनिधित्व रहने व्यवस्था छ।

### (क) वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारमा जान चाहने महिला तथा पुरूषहरूलाई श्रम स्वीकृति दिने, अभिलेख राख्ने, वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत दिने, वैदेशिक रोजगारमा ठगी सम्बन्धी अनुसन्धान तथा कारवाही गर्ने काम गर्दछ । साथै यस विभागले हटलाइनको व्यवस्था गरी सेवाग्राहीलाई वैदेशिक रोजगारसम्बन्धी सूचना, अनुमति प्राप्त एजेन्सी, काम कारवाही रोक्का तथा रद्द भएको एजेन्सी, जिल्लामा खोलिएको शाखा आदिका बारेमा सूचना प्रवाह गर्दछ ।

### (ख) वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड वैदेशिक रोजगारमा जाने कामदारहरूको हकहित संरक्षण, सामाजिक सुरक्षा, रोजगारको नयाँ बजारको खोजी, सीप प्रवर्द्धन आदि उद्देश्यका लागि गठन भई विभिन्न कल्याणकारी कार्यहरू सञ्चालन गरिरहेको छ । यस प्रकार विदेशमा बेचबिखन र ठगीका कारण अलपत्र परेका नेपालीहरूको उद्धार लगायत आकस्मिक घटना वा दुर्घटनाबाट मृत्यु हुनेहरूको शव स्वदेश ल्याउने कार्यमा समेत यो बोर्डको उल्लेख्य भूमिका रहेको छ ।

### (ग) वैदेशिक रोजगार न्यायाधीकरण

वैदेशिक रोजगारको क्रममा पीडित भएका व्यक्तिहरूलाई न्याय दिलाउन यो न्यायाधीकरणको गठन भएको हो । यसले स्वीकृति नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको, स्वीकृति नलिई कामदार पठाएको, नाबालकलाई वैदेशिक रोजगारमा पठाएको, खुल्ला नगरेको देशमा कामदार पठाएको आदि कसुर सम्बन्धी मुद्दाहरूमा निर्णय गर्ने अधिकार पाएको छ ।

## परराष्ट्र मन्त्रालय

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा परराष्ट्र मन्त्रालयको प्रतिनिधि रहने व्यवस्था गरिएको छ । मानव बेचबिखन तथा ओसारपसार लगायत वैदेशिक रोजगारका क्रममा पीडित बनेका कामदारहरूको उद्धार तथा स्वदेश फिर्ती प्रकृयामा यो मन्त्रालय र अन्तर्गत विभिन्न मुलुकहरूमा रहेका नेपाली राजदुतावासहरूले महत्वपूर्ण भूमिका खेली रहेका छन् । दक्षिण कोरिया, मलेशिया, साउदी अरब, कतार, कुवेत र संयुक्त अरब इमिरेट्समा श्रम सहचारीको व्यवस्था भइसकेको छ भने बहराईन र ओमानमा श्रम सहचारीको नियुक्ति प्रकृया अघि बढाइएको छ । त्यस्तै साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्समा अल्पकालीन सुरक्षा आवास गृहहरू सञ्चालनमा रहेका छन् ।

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५ जिल्लामा जिल्ला विकास समिति मार्फत, नगरपालिकाहरूमा नगरपालिका मार्फत तथा गा.वि.स.हरूमा गा.वि.स. मार्फत स्थानीय स्वायत्त शासन ऐन नियमले व्यवस्था गरे

बमोजिम कार्यक्रमहरू तर्जुमा एवं सञ्चालन गर्दछ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा सुरक्षित बैदेशिक रोजगारमा स्थानीयस्तरमा जनचेतना अभिबृद्धि लगायत सामाजिक सुरक्षा तथा संरक्षण कार्यमा स्थानीय निकायहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्तरका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीहरू मार्फत मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरूको स्वास्थ्य परीक्षण, शारीरिक तथा मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गर्दछ। विभिन्न जिल्ला अस्पतालहरूबाट हिंसा पीडित तथा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूको लागि १७ जिल्लाका जिल्ला अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत सेवा प्रदान गर्दछ ।

## कानून, न्याय, संविधान सभा तथा संसदीय व्यवस्था मन्त्रालय

कानून, न्याय, संविधान सभा तथा संसदीय व्यवस्था मन्त्रालयले सम्बन्धित मन्त्रालयको अनुरोधमा मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसा सम्बन्धी विधेयकहरूको मस्यौदा परिमार्जन लगायत विभिन्न कानूनी विषयहरूमा राय परामर्श प्रदान गर्दछ ।

## न्यायपालिका

*अदालतहरू*

नागरिकहरूको संविधान प्रदत्त मौलिक हकको संरक्षण, मानव अधिकारको पूर्ण प्रत्याभूति र कानूनी शासनको सम्वर्द्धन गर्नुका साथै अपराधीहरूलाई दण्ड सजाय तोकी पीडितहरूलाई न्याय दिलाउन विभिन्न तहमा अदालतहरू गठन भएका छन् । मानव बेचबिखन तथा ओसारपसारको कसूरमा प्रहरीमा दर्ता भई न्याय निरूपणका लागि सरकारी वकील मार्फत दायर भएका मुद्दाहरूमा निर्णय गर्ने शुरूका अदालत जिल्ला अदालत हुन् भने सो माथिका सुनुवाइ गर्ने अदालतहरू पुनरावेदन अदालत र सर्वोच्च अदालत हुन् । यसका साथै सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूको सुनुवाई गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराध नियन्त्रण गरी पीडित/प्रभावितहरूको संरक्षण गर्न विभिन्न निर्देशनात्मक आदेशहरू जारी गर्ने गरेको छ । जिल्ला अदालत तहबाट समेत कसूरदारहरूमाथि हदै सम्मको सजाय तोक्ने, निरन्तर सुनुवाईको मान्यतालाई व्यवहारमा उतार्ने र पीडितहरूलाई तत्काल क्षतीपूर्ति दिलाउने निर्णयहरू समेत गरी उदाहरणीय कार्य हुँदै आएको छ ।

## संबैधानिक तथा अन्य आयोगहरू

### *(क) महान्यायाधिवक्ताको कार्यालय*

नेपाल सरकारको कानूनी सल्लाहकारको रूपमा रहेको महान्यायाधिवक्ता संवैधानिक पद हो । महान्याधिवक्ताको कार्यालयले सरकार वादी हुने विभिन्न मुद्दाहरूमा अभियोजन, वहस पैरवी तथा प्रतिरक्षाको काम गर्दछ । यस

कार्यालय अन्तर्गत १६ वटा पुनरावेदन सरकारी वकील कार्यालय तथा ७५ जिल्लामा जिल्ला सरकारी वकील कार्यालयहरू छन् ।

### *(ख) राष्ट्रिय मानव अधिकार आयोग :*

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नको लागि संवैधानिक निकायका रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको छ । आयोगमा महिला तथा बालबालिका बेचबिखन विरूद्ध विशेष समाधिक्षकको व्यवस्था गरेको छ । यस कार्यालयले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार सम्बन्धमा सरोकारवालाहरूमा अवधारणगत स्पष्टता ल्याउने, बेचबिखनका घटनाहरूको अनुगमन गर्ने, बेचबिखन रोक्नका लागि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयासहरूको समन्वय गर्ने, महिला तथा बालबालिकाहरूको मानव अधिकार सुदृढ गर्नका लागि उच्चस्तरीय प्रतिवद्धता सृजना गर्ने, साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय र जिल्ला स्तरीय समितिहरूले गरेका कामको अनुगमन गर्दै समितिलाई क्रियाशील बनाउने र प्रतिवेदन तयार गर्ने कार्य समेत गर्दछ ।

### *(घ) राष्ट्रिय महिला आयोग*

महिला हक र हितको संरक्षण र सम्बर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्ने र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि राष्ट्रिय महिला आयोगको गठन भएको छ । यस आयोगले महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसार लगायतका लैङ्गिक हिंसाका घटनाहरूको अनुगमन गर्ने र सम्बन्धित निकायलाई कारवाहीको लागि सुझाव दिने कार्य गर्दछ ।

मानव बेचबिखन तथा ओसारपसार बहुक्षेत्रगत एवं बहुआयामिक समस्या भएको र यसको निराकरणका लागि राज्यका विभिन्न संयन्त्रहरूको भूमिका रहने सन्दर्भमा क्रियाशील निकायहरू बारे समष्टिगत रूपमा तलको तालिकाद्वारा स्पष्ट पार्ने प्रयास गरिएको छ ।


मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राज्य संयन्त्रहरू
व्यवस्थापिका
महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समिति
कार्यपालिका
राष्ट्रिय योजना आयोग
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
संबैधानिकनिकायहरू
महान्यायाधिवक्ताको कार्यालय
राष्ट्रिय मानवअधिकार आयोग
पुनरावेदन सरकारी वकील कार्यालय १६
जिल्ला सरकारी वकील कार्यालय ७५
न्यायपालिका
सर्वोच्च अदालत
पुनरावेदन अदालत १६
जिल्ला अदालत ७५
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
महिला तथा बालबालिका सेवा निर्देशनालय
क्षेत्रीय प्रहरी कार्यालय, उप-क्षेत्रीय प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालय अन्तर्गग महिला तथा बालबालिका सेवा केन्द्रहरू २४०
अन्य मन्त्रालयहरू (स्वास्थ्य तथा जनसंख्या, परराष्ट्र, श्रम तथा रोजगार, संघीय मामिला तथा स्थानीय विकास.....)
राष्ट्रिय महिला, आयोग
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति
समाज कल्याण परिषद्
महिला तथा बालबालिका विभाग
महिला तथा बालबालिका कार्यालय ७५
महिला निगरानी समूह
महिला तथा बालबालिका महाशाखा
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा
केन्द्रीय बाल कल्याण समिति
जिल्ला बाल कल्याण समिति
मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरू
२८

# प्रतिवेदन अवधिमा सम्पन्न कार्यहरु : सरकारी क्षेत्र

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय कार्ययोजना, २०६८ अनुसार आ.व. २०७०/७१ मा विभिन्न कार्यक्रमहरूको संयोजन गरेको छ । मन्त्रालयले राष्ट्रिय कार्ययोजनालाई थप प्रभावकारीरूपमा कार्यान्वयन गर्न मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन योजना, २०७१ लाई यस अवधिको एक महत्वपूर्ण उपलव्धीको रूपमा लिन सकिन्छ । यसका अतिरिक्त मानव अधिकार, महिलाअधिकार, बालअधिकार, मानव बेचबिखन र दासता विरूद्ध नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय तथा सार्क क्षेत्रीय महासन्धि एवं इच्छाधिन आलेखहरू र अन्तर्राष्ट्रिय सभासम्मेलनबाट पारित प्रस्ताव तथा कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूद्वारा विविध क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् । यसै सिलसिलामा यस परिच्छेदमा आ.व. २०७०/७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध लक्षित गरी सम्पादन गरिएका क्रियाकलापहरूलाई गत वर्षको प्रतिवेदनमा उल्लेख भए झैं राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना २०७१ मा उल्लेख भएका पाँचवटा प्राथमिकता क्षेत्रहरू – (क) निरोध, (ख) संरक्षण, (ग) कानूनी कारवाही, (घ) क्षमता विकास तथा (ङ) समन्वय, सहयोग र सहकार्य – अन्तर्गत छुट्टा छुट्टै रूपमा उल्लेख गरी विवेचना गरिएको छ ।

## ३.१ : निरोध

सरकारी क्षेत्र, नीजि क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिम सन्मूख समूह/समुदायहरूको पहिचान र संरक्षण गरी समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिबृद्धिका लागि शिक्षा, पैरवी तथा संचार माध्यमका अभियानहरूलाई प्रवर्द्धन गर्ने उद्देश्य मुताविक प्राथमिकता क्षेत्र निरोध अन्तर्गत निर्धारण गरिएका रणनीति तथा कार्यक्रमहरूका सम्बन्धमा आ.व.२०७०/७१ मा देहाय अनुसार क्रियाकलापहरू सञ्चालन भएका छन् ।

**रणनीति १.१ : मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले अति जोखिम र जोखिम उन्मुख समूह समुदायको पहिचान गर्ने ।**

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिद्वारा स्वीकृत मानव बेचबिखन विरूद्धको गाउँ समिति (गठन तथा परिचालन निर्देशिका) २०७० अन्तर्गत रही विभिन्न जिल्लाका मानव बेचबिखन तथा ओसारपसार जिल्ला समितिहरूको तत्वावधानमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ समितिहरू गठन प्रक्रिया शुरू गरिएको छ । यसै गरी सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर, बाँके र कञ्चनपुर लगायतका जिल्लाहरूमा जिल्ला समिति तथा विभिन्न संघ संस्थाहरूको समन्वय र सहकार्यमा गा.वि.स स्तरमा १३६ वटा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ समिति (VCCHT) को विस्तार गरिएको छ ।

२. पचहत्तर वटै जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतनाका कार्यक्रमहरू सञ्चालन भएका छन् । जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयहरूले आ-आफ्ना जिल्लाहरूमा सम्पन्न गरेका विभिन्न गतिविधिहरूलाई देहाय अनुसार तालिका ३.१ मा प्रस्तुत गरिएको छ । सो तालिकामा विभिन्न क्रियाकलापहरूमा भएको लगानी र तत्काल उद्धार कोषमा २०७२ बैशाख मसान्त सम्म रहेको मौज्दात रकम बारे समेत उल्लेख गरिएको छ ।

## तालिका ३.१.१

*मानव बेचबिखन तथा ओसारपसार विरूद्ध महिला तथा बालबालिका कार्यालयहरूबाट जिल्लामा सञ्चालन भएका कार्यक्रमहरूको विवरण :*

| क्र.सं. | जिल्ला | कार्यक्रम | संख्या | लागत (रू) | तत्काल उद्धार कोषमा मौजदात रकम (रू) |
|---|---|---|---|---|---|
| | ताप्लेजुङ | समुदायस्तरीय अभिमुखीकरण तथा कानूनी सचेतना | ३ गा.वि.स. का ११६ जना महिला | १५,००० | |
| | | विद्यालय केन्द्रित कार्यक्रम | १ वटा (५० जना विद्यार्थी) | | |
| | | गाउँ समिति गठन | २ गा.वि.स. | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ४ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | | **जम्मा** | ४२,००० | २७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाँचथर | सचेतना कार्यक्रम | १ पटक | | |
| | | एफ.एम. रेडियो बाट सन्देश प्रचार प्रसार | | १५,००० | |
| | | सीपमूलक तालिम | | १५,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १२,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२,३०,५५०** |
| | इलाम | सचेतना कार्यक्रम | १ पटक (३४ महिला, ३१ पुरूष) | १५,००० | |
| | | दिवश मनाएको | १ पटक (सहभागी संख्या ४२) | ५,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | | **जम्मा** | **३८,०००** | **१८,०००** |
| | झापा | जिल्ला स्तरीय अन्तरक्रिया | १ पटक (महिला १९, पुरूष १५) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | २ पटक | १२,००० | |
| | | | **जम्मा** | **४७,०००** | **३०,०००** |
| | मोरङ | सचेतना कार्यक्रम | | १५००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | | १८००० | |
| | | तत्काल उद्धार कोष | | २४००० | |
| | | | **जम्मा** | **५७०००** | **६०,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुनसरी | सचेतना कार्यक्रम | १ वटा | १५,००० | |
| | | ब्रोसर उत्पादन तथा प्रसार | १ पटक | | |
| | | दिवश मनाएको | १ पटक | | |
| | | बीउ पूँजी | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | **जम्मा** | | **५७,०००** | **२,११,२९५** |
| | धनकुटा | अन्तरक्रिया | ३ गा.वि.स | १५,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | | **जम्मा** | **५७,०००** | **९६,०००** |
| | तेऱ्हथुम | एफ.एम. रेडियोबाट सन्देश प्रचार प्रसार | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,१४,२००** |
| | संखुवासभा | अन्तरक्रिया कार्यक्रम | १ वटा | १३,००० | |
| | | दिवश मनाएको | | ५,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | | **जम्मा** | **४५,०००** | **३६,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | भोजपुर | मानव बेचबखिन विरूद्ध सन्देश मूलक फ्लेक्स छपाई तथा वितरण | १५ गा.वि.स. | ६,५०० | |
| | | रेडियो सन्देश प्रसारण | | ८,५०० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | गा.वि.स स्तरीय समिति गठन प्रकृया | ३ वटा | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ४ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **५२,०००** |
| | सोलुखुम्बु | रेडियो सन्देश प्रसारण | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२७,०००** |
| | ओखलढुङ्गा | विद्यालय केन्द्रित कार्यक्रम | १ वटा | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२२,०००** |
| | खोटाङ | होर्डिङ्ग बोर्ड स्थापना | १ स्थानमा | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२,०५,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | उदयपुर | एफएम रेडियो बाट सन्देश प्रचार प्रसार | | १५,००० | |
| | | दिवश मनाएको | ३५ जना महिला, २८ जना पुरूष | ५,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | | **जम्मा** | **६२,०००** | **१,८७,०००** |
| | सप्तरी | गा.वि.स स्तरीय अन्तरक्रिया | १ पटक (५६ जना महिला, ३० जना पुरूष | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,१५,२००** |
| | सिराहा | एफएम रेडियोबाट सन्देश प्रचार प्रसार | प्रति दिन ५ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | दिवश मनाएको | ६५ जना महिला, ६० जना पुरूष | ५,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **६२,०००** | **१,१४,२००** |
| | धनुषा | अन्तरक्रिया | २ पटक (१६ महिला, ४७ पुरूष) | ५,००० | |
| | | गाउँ समिति गठन | ३ गा.वि.स. | ३०,००० | |
| | | दिवश मनाएको | | २०,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | २ पटक | १२,००० | |
| | | | **जम्मा** | **९१,०००** | **२,१०,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | महोत्तरी | अन्तरक्रिया | १ पटक (२९ महिला, २३ पुरूष) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **२,४७,०००** |
| | सर्लाही | होर्डिङ्ग बोर्ड स्थापना | | १५,००० | |
| | | जिल्ला उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **३२,०००** |
| | सिन्धुली | अन्तरक्रिया कार्यक्रम | १ पटक (१०० जना) | १५,००० | |
| | | समिति गठन | १ गा.वि.स. | | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,७८,०००** |
| | रामेछाप | गा.वि.स स्तरीय अन्तरक्रिया कार्यक्रम | १ पटक (३५ महिला, १५ पुरूष) | १५,००० | |
| | | महिला समूहमा अनुशिक्षण तथा आधारभूत तालिम | ३६० जना | | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,६९,२००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | दोलखा | अन्तरक्रिया | १ पटक (३२ महिला, १० पुरूष) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | ४२,००० | ७०,७७३ |
| | सिन्धुपाल्चोक | सचेतना कार्यक्रम | २ वटा (३०० जना) | १५,००० | |
| | | एफ.एम. बाट प्रचार प्रसार | | | |
| | | गाउँ समिति गठन | १५ गा.वि.स. | | |
| | | विभिन्न संघसंस्थासंगको सहकार्यमा जिल्ला कार्ययोजना निर्माण | १ पटक | | |
| | | स्वदेश फिर्ता | | ७५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ७ पटक | १८,००० | |
| | | | **जम्मा** | १,३२,००० | १,६४,६०० |
| | काभ्रेपलान्चोक | दिवश मनाएको | | १०,८०० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | सचेतना कार्यक्रम | २७५ जना | | |
| | | गा.वि.स समिति गठन | २ वटा | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | २१,६०० | |
| | | | **जम्मा** | ५६,४०० | ७४,२०० |
| | ललितपुर | अन्तरक्रिया कार्यक्रम | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | ४२,००० | २,१५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | भक्तपुर | सचेतना कार्यक्रम | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **९८,०००** |
| २. | काठमाडौं | सचेतना कार्यक्रम | १ वटा | १५,००० | |
| | | तत्काल उद्धार कोष | ३ पटक | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ४ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **२,२६,०००** |
| | नुवाकोट | अन्तरक्रिया | १ पटक | | |
| | | होर्डिङ्ग बोर्ड स्थापना | १ वटा | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,८२,१९०** |
| | रसुवा | तत्काल उद्धार कोष | | ३९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,९०,८५०** |
| | धादिङ | अन्तरक्रिया | १ पटक (५ महिला १५ पुरूष) | १०,००० | |
| | | भित्तामा पेन्टिङ्, ब्रोसियर पम्पलेट वितरण, होर्डिङ्ग बोर्ड निमार्ण | | | |
| | | रेडियो, टि.भि.बाट अन्तर संम्बाद कार्यक्रम संचालन, | | | |
| | | दिवश मनाएको (सडक नाटक) | | ५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **२,२९,७६४** |

| | | | | | |
|---|---|---|---|---|---|
| | मकवानपुर | सचेतना कार्यक्रम | १ पटक (२५ महिला, ८ पुरूष) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **३,९६,९७५** |
| | रौतहट | स्थानीय संचार माध्यम बाट प्रचार प्रसार | | १५००० | |
| | | होर्डिङ्ग बोर्ड स्थापना र ब्रोसर तयार | | १५००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | तत्काल उद्धार कोष | | २४००० | |
| | | | **जम्मा** | **७२०००** | **१,७५,२००** |
| | बारा | सडक नाटक | २ स्थान (३०० महिला, २०० पुरूष) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,४७,०००** |
| | पर्सा | पम्प्लेट, ब्रोसर उत्पादन र वितरण | | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **४८,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | चितवन | अन्तरक्रिया कार्यक्रम | १ पटक (३५ महिला) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **१,९५,६००** |
| | गोरखा | होर्डिङ्ग बोर्ड स्थापना | २ स्थान | १५,००० | |
| | | अन्य संघ संस्था संगको सहकार्यमा चेतना मूलक कार्य | २ वटा (१०० जना) | | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **२४,०००** |
| | लमजुङ | सचेतना कार्यक्रम | १ पटक (२५ महिला) | ५,००० | |
| | | एफएम रेडियो बाट प्रचार प्रसार | | ५,००० | |
| | | पाम्प्लेट उत्पादन र वितरण | | ५,००० | |
| | | पुनर्स्थापना सहयोग | १ जना | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **९,०००** |
| | तनहुं | सचेतना कार्यक्रम | १ पटक (१५ महिला, १५ पुरूष) | १५,००० | |
| | | होर्डिङ्ग बोर्ड | | | |
| | | एफएम रेडियो बाट प्रचार प्रसार | | | |
| | | स्थानीय समिति गठन | ३ गा.वि.स. | | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **९३,६०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्याङ्गजा | मानव बेचबिखन विरूद्ध तीज गीत प्रतियोगिता | १ पटक (१५० जना) | ३,००० | |
| | | मानव बेचबिखन विरूद्ध गा.वि.स सचिवहरू संग अन्तरक्रिया | १ पटक (४५ जना) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | होर्डिङ्ग बोर्ड निमार्ण | | | |
| | | मानव बेचबिखन सम्बन्धी तिज गीत प्रतियोगिता | | | |
| | | मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको बैठक | २ पटक | १५,००० | |
| | | | **जम्मा** | **४२,०००** | **१८,०००** |
| | कास्की | अन्तरक्रिया | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | दिवश मनाएको | | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **२,६१,८४२** |
| | मनाङ्ग | अन्तरक्रिया | २ वटा (७६ महिला, १९ पुरूष) | २७,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | १ पटक | ६,००० | |
| | | | **जम्मा** | **४२,०००** | **४३,६५०** |
| | मुस्ताङ्ग | अन्तरक्रिया कार्यक्रम | १ पटक | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **५२,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | म्याग्दी | टिकट काउण्टरमा होर्डिङ्ग बोर्ड | १ स्थान | १५,००० | |
| | | एफएम रेडियोबाट सन्देश प्रवाह | २ वटा रेडियो | | |
| | | स्थानीय दैनिक र साप्ताहिक पत्रिकाहरूमा सन्देश मूलक सामग्री प्रकाशन | | | |
| | | महिला समूहलाई अभिमूखीकरण | ३० जना | | |
| | | नयाँ सदस्यहरूलाई अनुशिक्षण | ९ पटक | | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **४२,०००** |
| | पर्वत | सचेतना कार्यक्रम | १ पटक (२०० महिला) | १५,००० | |
| | | एफएम रेडियो बाट सन्देश प्रवाह | १ पटक | ९,००० | |
| | | दिवश मनाएको | | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **५२,०००** |
| | बाग्लुङ्ग | पाम्लेट उत्पादन र वितरण | १ पटक | २३,४०० | |
| | | दिवश मनाएको | | ५,००० | |
| | | तत्काल उद्धार कोष | | १४,६०० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | ९,००० | |
| | | | **जम्मा** | **५२,०००** | **१,२४,६००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | गुल्मी | सचेतना कार्यक्रम | ४ पटक (३३८ महिला, ६५ पुरूष) | १५,००० | |
| | | गाउँ समिति गठन | ३ गा.वि.स | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | १ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **९,०००** |
| | पाल्पा | अन्तरक्रिया कार्यक्रम | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **३६,०००** |
| | नवलपरासी | अन्तरक्रिया | १ पटक | १५,००० | |
| | | दिवश मनाउने | | | |
| | | तत्काल उद्धार कोष | | १७,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | जम्मा | ५०,००० | ३४,५०० |
| | रूपन्देही | एफ.एम.बाट प्रचार प्रसार | | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | पुनर्स्थापना सहयोग | ९ जना | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **०** |
| | कपिलवस्तु | अभिमूखीकरण | | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **६४,३००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | अर्घाखाँची | अन्तरक्रिया कार्यक्रम | १ पटक | ५,००० | |
| | | होर्डिङ्ग बोर्ड स्थापना | १ स्थानमा | ५,००० | |
| | | एफ.एम.बाट प्रचार प्रसार | | ५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२६,१५०** |
| | प्युठान | अन्तरक्रिया | १ पटक | १५,००० | |
| | | रेडियो बाट सन्देश प्रचार प्रसार | १ पटक | | |
| | | नेपाल रेडक्रस स्वसाईटि संगको सहकार्यमा होर्डिङ्गबबोर्ड राखेको | २ वटा | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | २ पटक | | |
| | | | **जम्मा** | **१५,०००** | **९६,०००** |
| | रोल्पा | सचेतना कार्यक्रम | | १५००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ | १८००० | |
| | | तत्काल उद्धार कोष | | ६०००० | |
| | | | **जम्मा** | **९३०००** | **५०,०००** |
| | रूकुम | मानव बेचबिखन तथा ओसारपसार विरूद्ध अभिमुखीकरण | | १५००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | | १८००० | |
| | | तत्काल उद्धार कोष | | ९००० | |
| | | | **जम्मा** | **४२०००** | **८८,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | सल्यान | रेडियो बाट सन्देश प्रचार प्रसार | १ पटक | ६,००० | |
| | | होर्डिङ्ग बोर्ड स्थापना | १ स्थानमा | ९,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला कार्य समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **५८,७००** |
| | दाङ | विद्यालाय केन्द्रित सचेतना कार्यक्रम | ४ पटक (महिला ७४ र पुरूष ४३) | १५,००० | |
| | | दिवश अवसरमा विभिन्न कार्यक्रम | ८स्थानमा | | |
| | | गाउँ समिति गठन | ३ गा.वि.स. | | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **२,५०,०००** |
| | बाँके | जिल्ला समिति र सरोकारवाला विच अन्तरक्रिया | ४ पटक | सचेतना कार्यक्रममा १५,०००<br>वैठक सञ्चालनमा १८,०००<br>सहयोग र बीउपूँजी २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जिल्ला प्रहरी र महिला सेवा केन्द्रका कर्मचारीहरूलाई २ दिने अनुशिक्षण | १ पटक | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पत्रकारहरूलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, नीति र नियमावलीको बारेमा अनुशिक्षण | २ वटा | | |
| | | गाउँ समिति गठन | २ गा.वि.स मा | | |
| | | साथि संस्था र जिल्ला समितिको सहकार्यमा विभिन्न चेतनामूलक क्रियाकलापहरू सम्पन्न | २१ विद्यालयमा | | |
| | | माइती नेपाल संगको समन्वयमा विद्यालयमा अनुशिक्षण | २ वटा | | |
| | | जिल्ला समिति र साथि संस्था संगको सहकार्यमा गा.वि.समा अन्तरक्रिया | ६ गा.वि.स मा | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ४ पटक | | |
| | | सूचना प्रवाहका लागि बेचबिखन विरूद्ध नारा लेखिएको भेष्ट रिक्सावालाहरूलाई वितरण | ५० जना | | |
| | | जिल्ला समिति र साथिको सहकार्यमा गाउँ समिति अनुगमन | ६ गा.वि.स. | | |
| | | जिल्ला समिति र विभिन्न संस्थाको सहकार्यमा महिला र बालकको उद्धार | ८ जना | | |
| | | जोखिममा रहेका किशोरीलाई थ्रि एन्जल्स पोखरामा ब्याबसायीक सीप विकासका लागि सीफारिस गरिएको | ६ जना | | |
| | | उद्धार गरिएका महिलाहरूलाई जीविकोपार्जनका लागि सहयोग रू.पाँच/पाँच हजार सहयोग | २ जना | | |
| | | आपतकालीन सहयोग | ९ जना | | |
| | | **जम्मा** | | ५७,००० | २,५३,९५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बर्दिया | सचेतना (ल्फेक्स ब्यानर वितरण) | ४० गा.वि.स | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **७८,९३८** |
| | सुर्खेत | सडक नाटक | २ स्थानमा | ७,००० | |
| | | एफ.एम.बाट प्रचार प्रशार | | ८,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **८७,४३८** |
| | दैलेख | सचेतना कार्यक्रम | १ पटक | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **१८,०००** |
| | जाजरकोट | अन्तरक्रिया कार्यक्रम | १ पटक | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **१८,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | डोल्पा | सचेतना कार्यक्रम | १ पटक (२७ महिला | १५,००० | |
| | | एफ.एम. रेडियो बाट सन्देश प्रचार प्रसार | ९ गा.वि.स. | | |
| | | स्थानीय समिति गठन | ३ गा.वि.स. | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | ४२,००० | ३३,००० |
| | जुम्ला | एफ.एम. रेडियो बाट सन्देश प्रचार प्रसार | २ एफ.एम. | १०,००० | |
| | | होर्डिङ्ग बोर्ड निर्माण | १ वटा | ५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | ४२,००० | ३३,००० |
| | कालिकोट | होर्डिङ्ग बोर्ड | १ स्थानमा | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | ४२,००० | २,३३,००० |
| | मुगु | विद्यालय केन्द्रित कार्यक्रम | २ वटा (६० छात्र ६० छात्रा) | १०,००० | |
| | | एफएम रेडियो बाट सन्देश प्रचार प्रसार | | ५,००० | |
| | | सचेतना कार्यक्रम | २ पटक(१५३ जना) | | |
| | | गा.वि.स स्तर बैठक | १ पटक(९३ जना) | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | ४२,००० | ५७,५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | हुम्ला | विद्यालय केन्द्रित कार्यक्रम र प्रचार सामग्री उत्पादन | १ वटा | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **७५, ४००** |
| | बाजुरा | सचेतना कार्यक्रम | ४ पटक (१५० पुरूष र २१० महिला ) | | |
| | | गाउँ समिति गठन | ९ वटा (११७ जना) | | |
| | | मानव बेचबिखन विरूद्ध अभिमुखीकरण | १ पटक(१३ जना ) | | |
| | | दिवस मनाएको | | | |
| | | ल्फेक्स बोर्ड | १ स्थान | ६,००० | |
| | | एफ.एम.बाट प्रचार प्रसार | | ९,००० | |
| | | तत्काल उद्धार कोष | | १६००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **१९०००** |
| | बझाङ | अन्तरक्रिया कार्यक्रम | १ पटक (३० महिला, २० पुरूष) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **३६,०००** |
| | अछाम | होर्डिङ्ग बोर्ड स्थापना | १ स्थानमा | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **३६,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | डोटी | पत्रकार महासंघ संग मिलेर अन्तरक्रिया | १ पटक (६० महिला, ३० पुरूष) | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | महिला समूहलाई अभिमूखीकरण | ४६१ महिला | | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२७,०००** |
| | कैलाली | अन्तरक्रिया | ७ गा.वि.स. (२५८ जना) | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **९८,०००** |
| | कञ्चनपुर | यातायात तथा होटेल व्यवसायीसंग अन्तरक्रिया कार्यक्रम | १ पटक (७ महिला, १८ पुरूष) | १५,००० | |
| | | तत्काल उद्धार कोष | | २४,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **५७,०००** | **८८,२००** |
| | डडेल्धुरा | होर्डिङ्ग बोर्ड स्थापना | ४ वटा | १५,००० | |
| | | दिवश मनाएको | | | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **१,७३,०००** |

| | | | | | |
|---|---|---|---|---|---|
| | बैतडी | होर्डिङ्ग बोर्ड स्थापना | | १५,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **२७,०००** |
| | दार्चुला | एफ.एम. रेडियो बाट सन्देश प्रचार प्रसार | १ पटक | ७,००० | |
| | | सूचना प्रवाह (ल्फेक्स प्रीन्ट) | १ वटा | ८,००० | |
| | | तत्काल उद्धार कोष | | ९,००० | |
| | | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | ३ पटक | १८,००० | |
| | | | **जम्मा** | **४२,०००** | **१,२७,०००** |

*स्रोत : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय/महिला तथा बालबालिका विभाग ।*

३. मानव बेचबिखन तथा ओसारपसारबारे सचेतना मुलक नारा "हाम्रो गन्तव्यः मानव बेचबिखनको अन्त्य" भन्ने नाराका साथ भदौ २० गते सातौं राष्ट्रिय दिवश भव्यताका साथ सम्पन्न भयो । दिवसको अवसरमा यस क्षेत्रमा कार्यरत देहायका विभिन्न संस्था तथा व्यक्तिहरूलाई सम्मान तथा पुरस्कृत गर्ने क्रममा व्यक्ति तथा संस्थालाई रू १०,००० सहित सम्मान पत्र प्रदान गरियो ।

**संस्थाहरू तर्फ**

* नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय,
* शक्ति समूह, काठमाण्डौं ।

**व्यक्तिहरू तर्फ**

* श्री शोभा शाह, महिला बिकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, बाँके,
* श्री कमला पन्थी, कान्तिपुर एफ.एम.,
* श्री रामकला खड्का, अन्नपुर्ण पोष्ट ।

४. मानव बेचबिखन तथा ओसारपसार विरूद्धको अवसरमा २०६९/७० देखि "मानव बेचबिखन विरूद्धको यात्रा" नामक बुलेटिन प्रकाशन हुँदै आएकोमा यस बर्ष यात्राको दोस्रो अङ्क प्रकाशनमा ल्याइएको छ ।

**रणनीति १.२ : मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिममा रहेका बालबालिकाहरूको जोखिम कम गर्ने तथा बेचबिखन/ओसारपसारको कार्यलाई निरूत्साहित पार्ने उपायहरूको अबलम्बन।**

५. बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्ने प्रतिवद्धता सहित नेपाल सरकारले बाल अधिकार महासन्धि, १९८९ लाई सन् १९९१ अनुमोदन गर्नुका साथै बालबालिका ऐन, २०४८ एवं नियमावली, २०५१ जारी गरेको छ। यसै गरी नेपाली बालबालिकाहरूले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्ने वातावरण सृजना गर्न बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को समेत तर्जुमा भई कार्यान्वयनमा आएको छ। साथै बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि केन्द्रीय बाल कल्याण समिति तथा ७५ जिल्लामा जिल्ला बाल कल्याण समितिहरू गठन गरिएका छन्। जिल्ला बाल कल्याण समितिहरू मार्फत ७५ वटै जिल्लामा गा.वि.स. तथा नगरपालिकाहरूमा गाउँ/नगर बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन गरिएका छन्। यसका अतिरिक्त बाल सहभागिता अभिवृद्धि गरी बाल अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने उद्देश्यले बालबालिकाहरूकै सहभागितामा गाउँगाउँमा बालक्लब तथा सञ्जालहरू गठन भएका छन्। विभिन्न गा.वि.स. तथा न.पा.हरूमा हालसम्म १९,४५४ वटा बालक्लवहरू गठन भई सकेका छन्। सो क्लबहरूमा २,०२,६१६ जना बालिका र २,३१,२७५ जना बालकहरू गरी कुल ४,३३,८९१ बालबालिकाहरू आवद्ध भएका छन्।[1] ती क्लबहरूले बालबालिकाहरूको भयरहीत वातावरणमा शिक्षा पाउने अधिकार, अभिभावक सचेतना, जन्म दर्ता, विद्यालय भर्ना लगायत बाल विवाह उन्मूलन, बाल श्रम न्यूनीकरण तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्।

६. केन्द्रीय बाल कल्याण समितिले बालबालिकाहरूको बेचबिखन, बालश्रम एवं बाल दासता न्यूनीकरणका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट स्वीकृत कार्यक्रम अन्तर्गत रही जिल्लाहरूमा बाल अधिकार उल्लंघनका घटनाहरूमा तत्काल घटना व्यवस्थापन गरी पीडित/प्रवाहितहरूका लागि आवश्यक सहयोग उपलब्ध गराउने र उनीहरूलाई न्याय दिलाई पीडकहरूलाई कानूनी कारवाही अगाडि बढाउन गैरसरकारी संस्थाहरूसंगको साझेदारीमा बाल हेल्पलाईन लगाएत अन्य क्रियाकलाप सञ्चालन गर्दै आईरहेको छ। बाल हेल्पलाईन सम्बन्धी विवरण तालिका ३.१.२ मा दिइएको छ।

**तालिका ३.१.२**

**७. बाल हेल्पलाइन सम्बन्धी विवरण**

| क्र.सं. | जिल्लाको नाम | सञ्चालन गर्ने संस्थाको नाम |
|---|---|---|
| १ | मोरङ | सिविन नेपाल |
| २ | उदयपुर | नेस्पेक |
| ३ | काठमाडौं | सिविन नेपाल |
| ४ | मकवानपुर | सिविन नेपाल |
| ५ | चितवन | दियालो नेपाल |
| ६ | लमजुङ्ग | लक्ष्मीनारायण पुस्तकालय |

१ केन्द्रीय बाल कल्याण समिति, २०७१।

| | | |
|---|---|---|
| ७ | कास्की | सिविन नेपाल |
| ८ | रूपन्देही | तराई विकास मञ्च |
| ९ | बाँके | सिविन नेपाल |
| १० | बर्दिया | आवाज नेपाल |
| ११ | सुर्खेत | आवाज नेपाल |
| १२ | दैलेख | आवाज नेपाल |

८. अनुसार १२ जिल्लामा सञ्चालन गरिएका बाल हेल्पलाइनहरूबाट वर्ष भरीमा १,४६९ जना बालबालिकाहरूको आपतकालीन उद्धार गर्नुका साथै १,५६९ जनालाई मनोविमर्श सेवा पुऱ्याइएको, ५६२ जनालाई स्वास्थ्य उपचार गराइएको, २२८ जनालाई पारिवारिक पुनर्स्थापना गरिएको, २२९ जनालाई कानूनी सहयोग दिइएको, १४० जनालाई बेचबिखन हुनबाट बचाउ गरिएको र ३३ जनालाई बाल विवाह हुनबाट रोकेको छ ।

९. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत शिक्षा मन्त्रालय, शिक्षा विभाग मार्फत जिल्ला शिक्षा कार्यालयहरूले सीमान्तकृत समुदायका र अति जोखिममा रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूको समस्यालाई सम्बोधन गर्न छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् ।

१०. शान्ति तथा पुनर्स्थापना मन्त्रालय अन्तर्गत राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी देशभरका द्वन्द्व प्रभावित बालबालिकाहरूलाई प्रत्येक महिना प्रति बालबालिका रू. ५,००० का दरले वार्षिक रू. ६०,००० वितरण गर्दै आएको छ ।

११. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बाल मैत्री स्थानीय स्वायत्त शासन रणनीति तथा कार्यक्रम लागू गरी ६५ जिल्लाहरूमा सरोकारवालाहरूलाई बालबालिकाहरूको संरक्षण, विकास र सहभागिता प्रवर्द्धनका लागि बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण/तालिम सम्पन्न गरेको छ ।

**तालिका ३.१.३**

**हराएका तथा फेला परेका बालबालिकाहरूको विवरण** (आ.व. २०७०/७१)

| विकास क्षेत्र | हराएका | | | हराएका मध्ये फेला परेका | | | खोज तलासी जारी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| पूर्वाञ्चल | ५१ | १४ | ६५ | ६ | - | ६ | ४५ | १४ | ५९ |
| मध्यमाञ्चल उपत्यका | १८३ | ३४४ | ५२७ | १३४ | २७३ | ४०७ | ४९ | ७१ | १२० |
| उपत्यका बाहेक | - | - | - | - | - | - | - | - | - |
| पश्चिमाञ्चल | १७३ | ७० | २४३ | ३९ | ११ | ५० | १३४ | ५९ | १९३ |
| मध्य पश्चिमाञ्चल | १ | १ | २ | | | | १ | १ | २ |
| सुदुर पश्चिमाञ्चल | - | - | - | - | - | - | - | - | - |
| जम्मा | ४०८ | ४२९ | ८३७ | १७९ | ३८४ | ४६३ | २२९ | १४५ | ३७४ |

*स्रोतः बालबालिका खोजतलास केन्द्र, २०७१*

१२. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्वीकृत कार्यक्रम अन्तर्गत नेपाल प्रहरीको सहयोगमा केन्द्रीय बाल कल्याण समितिले काठमाडौंको भृकुटी मण्डपमा बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालन गर्दै आएको छ । यस केन्द्रबाट हराएका, फेला परेका र वेवारिसे बालबालिकाहरूको उद्धार, संरक्षण र पारिवारिक पुनर्मिलनमा विशेष भूमिका निर्वाह गर्दै आएको छ । आ.व. २०७०/७१ मा हराएका, फेला परेका तथा खोजतलास जारी रहेका बालबालिकाहरूको संख्यात्मक विवरण माथि तालिका ३.१.३ मा प्रस्तुत गरिएको छ ।

१३. प्रस्तुत तालिकामा उपत्यका बाहेकका मध्यमाञ्चल विकास क्षेत्रका अन्य जिल्लाहरू तथा सुदूर पश्चिमाञ्चलका ९ जिल्लाहरूको तथ्याङ्क उपलब्ध छैन भने मध्य पश्चिमाञ्चलको तथ्याङ्क पनि नगण्य देखिन्छ । आ.व. २०७०/७१ मा कूल ८३७ बालबालिकाहरू हराएकोमा ५५.३ प्रतिशत बालबालिकाहरू मात्र फेला परेको र बाँकीको खोजतलास जारी रहेको देखिन्छ । उपलब्ध तथ्याङ्कलाई केलाउँदा हराएका मध्ये सबैभन्दा बढी बालबालिकाहरू उपत्यकाबाट ६३ प्रतिशत पश्चिमाञ्चलबाट २९ प्रतिशत र पूर्वाञ्चलबाट ७.८ प्रतिशत देखिन आउँछ । हराएका बालबालिकाहरू मध्ये ४८.७ प्रतिशत बालिका र ५१.३ प्रतिशत बालक रहेको पाईन्छ भने फेला परेका मध्ये बालिकाको प्रतिशत ३८.७ र बालकको प्रतिशत ६१.३ रहेको छ । यसप्रकार समग्रमा बालकको तुलनामा बालिकाहरू अझ बढी बेचबिखन तथा ओसारपसार जोखिममा परेको देखिन्छ ।

१४. हराएका कुल ४०८ बालिकामध्ये उपत्यकाबाट ४४.९, पश्चिमाञ्चलबाट ४२.४ र पूर्वाञ्चलबाट १२.५ प्रतिशत रहेको पाइन्छ भने हराएका कुल ४२९ बालकमध्ये उपत्यकाबाट ८०.२, पश्चिमाञ्चलबाट १६.३ र पूर्वाञ्चलबाट ३.३ प्रतिशत रहेको छ । फेला परेका बालबालिकाहरूको क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाञ्चलमा ११.८, पश्चिमाञ्चलमा २२.५ तथा उपत्यकामा ७३.२ प्रतिशत देखिन आउँछ । यस प्रकार हराएका र फेला परेका बालिकाहरूको अनुपातलाई हेर्दा पूर्वाञ्चल र पश्चिमाञ्चलमा बालिकाहरूको बेचबिखनको जोखिम अधिक रहेको देखिन्छ । यसका अतिरिक्त अधिक संख्यामा उपत्यकाबाट बालबालिकाहरू हराए तापनि फेला परेका बालबालिकाहरूको अनुपातलाई मध्यनजर गर्दा तुलनात्मक रूपमा पूर्वाञ्चल र पश्चिमाञ्चल बेचबिखनको दृष्टिले अझ बढी जोखिमपूर्ण अवस्था रहेको देखिन्छ ।

**रणनीति १.३ मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्न जोखिम सन्मुख समुदाय विशेष गरी किशोर किशोरीहरूको जोखिम न्यूनीकरण गर्न औपचारीक शिक्षाका माध्यमहरूको पहिचान गर्ने ।**

१५. शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले गत वर्षदेखि औपचारिक शिक्षा तर्फ निम्न माध्यमिक विद्यालय तहको सामाजिक शिक्षामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी पाठलाई समावेश गर्ने कार्यको थालनी गरेकोमा यस वर्ष पनि माथिल्लो कक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा परिमार्जन गरी सो कार्यलाई निरन्तरता दिएको छ ।

१६. विभिन्न गैर सरकारी संघसंस्थाहरू संगको समन्वय र सहकार्यमा विद्यालयका शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीहरूलाई बालमैत्री शिक्षालाई प्रवर्द्धन गरी मानव बेचबिखन, बाल दुर्व्यवहार, यौन हिंसा, बाल विवाहको नियन्त्रण लगायतका विषयमा चेतना मूलक अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

१७. अनौपचारिक शिक्षा तर्फ मानव बेचबिखन तथा ओसारपसार, लैंङ्गिक हिंसा नियन्त्रणका लागि विशेष गरी किशोरी, महिला तथा युवाहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समसामयिक विषयमा जानकारी गराउने कार्य भइरहेको छ ।

१८. विद्यालयका उच्च माध्यामिक तहका विद्यार्थिहरूलाई जिल्ला प्रहरी कार्यालयले स्थानीय निकायको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसार तथा लागुऔषधका बारेमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने गरिएको ।

## रणनीति १.४. सामाजिक तथा आर्थिक रूपले सीमान्तकृत समुदायहरूको सशक्तिकरणमा केन्द्रित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन ।

१९. शिक्षा मन्त्रालयले कमलरी छात्रबृत्ति निर्देशिका, २०६८ तर्जुमा गरी मुक्त कमलरीहरूको शिक्षामा पहुँचको सुनिश्चितता गरेको छ । सो निर्देशिका बमोजिम हाल ८,००० मुक्त कमलरी बालिकाहरू लाभान्वीत भइरहेका छन् । सो निर्देशिका बमोजिम मुक्त कमलरीलाई निजको आवश्यकता अनुसार अधिकतम मासिक रू ३,००० सम्म छात्रवृत्ति दिने व्यवस्था छ ।

२०. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभागले मुक्त कमलरी सशक्तिकरण कार्यक्रम अन्तर्गत दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा ६० जनाका दरले कुल ३६० जना कमलरी किशोरीहरूको समूहलाई सशक्तिकरण कार्यक्रम सञ्चालन गरेको छ ।

२१. यस आ.व.मा ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूबाट सञ्चालित महिला विकास कार्यक्रम अन्तर्गत सामाजिक तथा आर्थिक रूपमा सीमान्तकृत थप १३,५३० जना महिलाहरूको सशक्तिकरणका लागि विभिन्न महिला समूहहरूमा आवद्ध गरिएको छ । यसरी समुहमा आवद्ध महिलाका परिवारमा मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाको न्यूनीकरणमा योगदान पुगेको छ ।

## रणनीति १.५. आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि डान्स बार, रेष्टुराँ, क्याविन र मसाज पार्लर जस्ता क्षेत्रमा प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको व्यवस्था ।

२२. श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ बमोजिम विभिन्न जिल्लाहरूमा डान्स बार, रेष्टुराँ, क्याविन र मसाज पार्लर जस्ता क्षेत्रमा प्रभावकारी नियमन तथा अनुगमन गर्न प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, महिला विकास अधिकृत सम्मिलित अनुगमन तथा कारवाही समितिहरू गठन गरी अनुगमन प्रकृयालाई निरन्तरता दिइएको छ । अनौपचारीक तथा मनोरंजन क्षेत्रलाई व्यबस्थित र मर्यादित बनाउनका लागि सो समितिको सक्रियतामा सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरू, डान्स बार, रेष्टुराँ, क्याविन र मसाज पार्लरका मालिकहरू एवं ट्रेड युनियनका प्रतिनिधिहरूसंग अन्तरक्रिया पनि गर्ने गरेको छ । महिला तथा बालिकाहरूको आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि अनुगमनको

क्रममा जोखिममा रहेका बालबालिकाहरू भेटिएमा उनिहरूको उद्धार तथा संरक्षणको लागि सरोकारवाला संस्थाहरूमा प्रेषण तथा सीफारिश गर्ने कार्य भइरहेको छ ।

२३. नेपालका विभिन्न शहरका होटल, रेष्टुरेन्ट, डान्स, बारहरूमा व्यावसायिक यौन शोषण लगायत अवाञ्छित गतिविधिहरूको नियन्त्रणका लागि स्थानीय प्रशासन र प्रहरीको सकृयतामा अनुगमन, निरीक्षण तथा कारवाही प्रकृयालाई प्रभावकारी बनाउँदै लगिएको छ ।

**रणनीति १.६ : स्वदेश तथा विदेशमा रोजगारी चाहने कामदारहरू तथा विपन्न समुदायका महिला, किशोर किशोरी तथा अन्यलाई सीप तथा क्षमता विकास, स्वरोजगार मूलक तालिम तथा आय आर्जनको अवसर सिर्जना ।**

२४. श्रम तथा रोजगार मन्त्रालयले निजी क्षेत्रसंगको सहकार्यमा वैदेशिक रोजगार नीति अन्तर्गत रही रोजगारको उद्देश्यले विदेशमा जाने ब्यक्तिहरूका लागि सीप तथा क्षमता अभिबृद्धि गर्न विभिन्न प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गन्तव्य मुलुकमा आफूले गर्नुपर्ने काम अनुसारको सीप तथा त्यहाँको भाषा, संस्कृति तथा कानून बारे जानकारी भएमा जोखिममा पर्ने सम्भावना कम रहन्छ । सो मान्यता अनुरूप श्रम मन्त्रालयले वैदेशिक रोजगारमा जाने महिला तथा पुरूषहरूलाई लक्षित गरी गन्तव्य मुलुकको भाषा, संस्कृति, चालचलन तथा सुरक्षित आप्रवासन सम्बन्धी प्रस्थान पूर्व २ दिनको अभिमूखीकरण कार्यक्रम महिलाहरूका लागि सञ्चालन गर्नुका साथै खाडी मुलुकहरूमा घरेलु कामदारका रूपमा काम गर्न जाने महिलाहरूको लागि २१ दिने विशेष तालिमको ब्यबस्था समेत गरेको छ । २ दिने अभिमूखीकरण कार्यक्रमा संलग्न हुने महिलाहरूका लागि तालिम दिने संस्थाले लिएको शुल्क बराबरको रकम बैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट सोधभर्ना दिइने व्यवस्था मिलाइएको छ भने २१ दिनको घरेलु कामदार तालिमको शुल्क रोजगारदातावाट व्यहोर्नु पर्ने व्यवस्था छ । तीन आर्थिक वर्षमा अभिमूखीकरण तालिम तथा २१ दिने घरेलु कामदार सम्बन्धी तालिम लिएका महिलाहरूको तुलनात्मक तथा संख्यात्मक विवरण तालिका ३.१.४ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं ३.१.४

### अभिमूखीकरण तालिम तथा घरेलु कामदार सम्बन्धी तालिम प्राप्त महिलाहरूको विवरण

(आ.व.२०६८/६९-२०७०/७१)

| तालिमको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
| २ दिने अभिमुखीकरण तालिम | १,०१८ जना | १,७५५ जना | ९१३ जना |
| २१ दिने तालिम | - | ३,५३४ जना* | ३,५८७ जना |

* आ.व.२०६९/७० मा ८५० जनालाई बैदेशिक रोजगार प्रबर्द्धन बोर्डबाट निशुल्क तालिम दिइएको

*स्रोत : बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, २०७१*

**रणनीति १.८ : बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण र असरहरूको बारेमा शिक्षा तथा जनचेतना अभिबृद्धि ।**

२५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र वैदेशिक रोजगारका विषयमा औपचारिक शिक्षाको माध्यमबाट सचेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्क्रम विकास केन्द्र सानोठिमीले विद्यालयको पाठ्यक्रममा ती विषयहरूलाई समावेश गर्ने कार्यक्रम अन्तर्गत २०६४ साल देखि निरन्तर कक्षा १० को सामाजिक अध्ययनको एकाई ४ सामाजिक समस्या र समाधान अन्तर्गत पाठ १ मा चेलीबेटी बेचबिखन र देहव्यापारको बारेमा र एकाई ८ आर्थिक कृयाकलाप अन्तर्गत पाठ ६ मा वैदेशिक रोजगार तथा पाठ ७ मा वैदेशिक रोजगारका चुनौती र सम्भावनाका बारेमा उल्लेख गरिएको छ। त्यस्तै कक्षा ६ मा २०७० वैशाख १ गतेबाट सामाजिक अध्ययनको पाठ्यक्रमको एकाई ३ को पाठ २ मा सामाजिक समस्या समावेश गरिएको छ। यसै गरी २०७१ वैशाख १ गतेबाट लागू हुने गरी कक्षा ७ को सामाजिक अध्ययनको एकाई ३ सामाजिक समस्या र समाधानको पाठ ३ मा समावेश गरी अध्ययन अध्यापन भइरहेको छ।

**रणनीति १.९ : स्थानीय स्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रहरूको स्थापना ।**

२६. वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकारले वैदेशिक रोजगार नीति, २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले सो नीति अनुरूप विभिन्न निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्दै आएको छ। वैदेशिक रोजगारका लागि हरेक दिन करिव १,५०० देखि १,७०० सम्म मानिसहरू श्रम स्वीकृति लिई नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको प्रयोग गरी विदेश प्रस्थान गर्ने गरेको तथ्याङ्कले देखाउँछ।[२] श्रम स्वीकृति नलिइकन भारतको बाटो हुँदै बिभिन्न मुलुकमा काम गर्न जाने महिला तथा पुरूषहरूको संख्या भने एकीन हुन सकेको छैन। वैदेशिक रोजगारमा जानेहरूले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई अभिलेखवद्ध भएर जानु पर्दछ भन्ने सम्बन्धमा विभिन्न संघसंस्थाहरूको सहकार्यमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् भने बैदेशिक रोजगार बारे सूचना तथा परामर्श केन्द्रहरू पनि सञ्चालनमा आएका छन् । श्रम तथा रोजगार मन्त्रालय र सुरक्षित आप्रवासन परियोजना (SAMI/Helvetas) को सहकार्यमा सूचना तथा परामर्श सेवा काठमाडौं लगायत १९ जिल्लाहरूमा सञ्चालन गर्ने क्रममा हाल खोटाङ्ग, सुनसरी, सर्लाही, सप्तरी, उदयपुर, धनुषा, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, धादिङ्ग, काठमाडौं, नवलपरासी, कास्की, दाङ र कैलाली समेत गरी १५ जिल्लाहरूमा सो सेवा सञ्चालन भइरहेको छ। बाँकी नुवाकोट, महोत्तरी, सिरहा र झापा समेत चार जिल्लाहरूमा सो सेवा शुरू हुने क्रममा छ। यसैगरी IOM को सहायोगमा इलाम, कपिलवस्तु र बर्दियामा पनि जिल्ला विकास समिति र जिल्ला प्रशासन कार्यालयको समन्वयमा सूचना तथा परामर्श केन्द्रहरू स्थापना भई सञ्चालनमा रहेका छन् । सूचना तथा परामर्श केन्द्रहरुले पासपोर्ट बनाउन आउने युवा (महिला तथा पुरुष) लाई सुरक्षित श्रम आप्रवासन, यसका अवसर र जोखिम वारे जानकारी एंव परामर्श प्रदान गर्दछ। यसको सकारात्मक प्रभाव समुदायस्तरसम्म पर्न थालेको छ। आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका महिला तथा पुरूषहरूको संख्यात्मक विवरण तालिका ३.१.५ मा दिइएको छ :

२ बैदेशिक रोजगार विभाग।

### तालिका नं ३.१.५

**श्रम स्विकृति लिएर वैदेशिक रोजगारमा गएका महिला तथा पुरूषहरूको विवरण**

(आ.व. २०६८/६९-२०७०/७१)

| आ.व | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| २०६८/६९ | २२,९५८ | ३,६१,७०७ | ३,८४,६६५ |
| २०६९/७० | २४,७१२ | ५,८४,८२५ | ६,०९,५३७ |
| २०७०/७१ | २९,३६८ | ४,९८,४४६ | ५,२७,८१४ |

*स्रोत : वैदेशिक रोजगार विभाग, मासिक प्रतिवेदन २०७०/७१*

२७. बैदेशिक रोजगार विभागका अनुसार आ.व. २०७०/७१ मा वैदेशिक रोजगारमा जानका लागि पुरूष ४,९८,४४६ र महिला २९,३६८ गरी कूल ५,२७,८१४ व्यक्तिहरूले श्रम स्वीकृति लिएकोमा बैदेशिक रोजगार व्यवसायी संस्था मार्फत जानेको संख्या ४,५०,०२७ र व्यक्तिगत प्रयासमा जानेको संख्या ७७,७८७ रहेको छ । यसरी व्यक्तिगत रूपमा श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गएका मध्ये कानूनी रूपमा श्रम स्वीकृति लिनेको संख्या ६१,०८० र व्यक्तिगत रूपमा नयाँ श्रम स्वीकृति लिई विदेश जानेको संख्या १६,७०७ रहेको छ। त्यस्तै देशगत रूपमा सबैभन्दा वढी मलेसियामा २,१४,१४९ जना र त्यसपछि कतारमा १,२८,८७४ जना कामदार वैदेशिक रोजगारका लागि गएको पाइन्छ। महिला कामदारहरूको हकमा कुवेतमा ७,९६० जना, मलेसिया ६,०२९ र यूएईमा ५,०७९ जना गएको देखिन्छ। यस सम्बन्धी विवरण तालिका ३.१.६ मा दिइएको छ ।

### तालिका ३.१.६

**श्रम स्वीकृति लिएर घरेलु कामदारको रूपमा बैदेशिक रोजगारीमा जाने महिलाहरूको विवरण**

(आ.व. २०६८/६९-२०७०/७१)

| क्र.स | देशहरू | आ.व | | |
|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
| १ | कतार | ९९६ | १,०१२ | २।३२५ |
| २ | मलेशिया | २,२१० | ७,१९९ | ६,०२९ |
| ३ | साउदी अरब | २३७ | ६६७ | ९७१ |
| ४ | यूएई | ४,५२३ | ८,२१२ | ५,०७९ |
| ५ | कुवेत | १२,४९५ | ७,४०० | ७,९६० |
| ६ | बहराइन | ५३२ | ३०५ | ४४७ |
| ७ | ओमन | २९५ | ९१९ | १,१४३ |
| ८ | दक्षिण कोरिया | ३१२ | १९२ | ३०४ |
| ९ | लेवनान | २०५ | ३६९ | ८११ |
| १० | इजरायल | ४७२ | ७० | ४९६ |

| | | | | |
|---|---|---|---|---|
| ११ | अफगानिस्तान | १ | ३ | ७ |
| १२ | जपान | १०८ | १२६ | १३४ |
| १३ | अन्य | ५७२ | १,२३९ | ३,६६२ |
| | जम्मा | २२,९५८ | २७,७१३ | २९,३६८ |

*स्रोत : वैदेशिक रोजगार विभाग, मासिक प्रतिवेदा २०७०/७१*

२८. हरेक दिन सयौंको संख्यामा विदेश जाने नेपाली महिला तथा पुरूषहरूको स्थानागमनलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले रेडियो तथा टेलिभिजन मार्फत जानकारी संम्प्रेषण गर्दै चेतनामूलक कार्यक्रमहरू प्रशारण गरिरहेको छ। यसैगरी सुरक्षित बैदेशिक रोजगार बारे आवश्यक जानकारी सहितको सूचना पत्र तयार पारी आम रूपमा वितरण गर्नुका साथै विभिन्न स्थानहरूमा सूचना मूलक होर्डिङ्ग बोर्डहरू राखिएका छन् । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रहेको टोल फ्री नं १६६००१-५०००५ बाट सूचना तथा परामर्श प्रदान गर्ने कार्य भइरहेको छ ।

२९. त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा रहेको श्रम-डेस्क मार्फत आ.व. २०७१/७२ मा वैदेशिक रोजगारमा जाने करिव २०,००० जनालाई सूचना तथा परामर्श प्रदान गरिएको छ। विमानस्थलमा पुगेपछि प्रस्थान पूर्व आवश्यक पर्ने जानकारी प्रदान गर्न, विदेशवाट फर्केका कामदारहरूलाई परामर्श उपलब्ध गराउन र विशेषगरी प्रतिकूल अवस्थामा परी फर्किएका महिला कामदारहरूलाई उनीहरूको घटना व्यवस्थापन गरी आवश्यकता अनुसार सुरक्षा गृह (सेफ हाउस) मा पुर्‍याई आवास, स्वास्थ्य उपचार, कानूनी सहायता एवं मनोविमर्श सेवा समेतको व्यवस्था मिलाइएको छ। बैदेशिक रोजगारका लागि सेवा प्रवाहमा संलग्न निकायहरूबाट उपलब्ध हुने सेवाको किसिम र प्रकृया बारे सम्वद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू मार्फत जानकारी प्रवाह गर्ने सम्बन्धी सहकार्य भइरहेको छ। त्यसैगरी बैदेशिक रोजगारवाट फर्किएका कामदारहरूको पारिवारिक पुनःएकीकरण कार्यमा सहजीकरण गर्न नागरिक समाजसंग सहकार्य भइरहेको छ।

## रणनीति १.११: अनुगमन, प्रभाव मूल्यात्तन, लेखाजोखा तथा प्रतिवेदन

३०. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिको सचिवालयले सरकारी तथा गैर सरकारी क्षेत्रबाट मानव बेचबिखन तथा ओसारपसार विरूद्ध गरेका गतिविधिहरूको प्रगति समीक्षा सहित वार्षिक प्रगति प्रतिवेदनको संयोजन, प्रकाशन तथा वितरण गर्दै आइरहेको छ।

३१. महिला तथा बालबालिका कार्यालय मार्फत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा जिल्लामा सम्पन्न गरिएका गतिविधिहरू बारे मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयमा चौमासिक तथा वार्षिक रूपमा प्रतिवेदन पेश गर्ने कार्यको थालनी भएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूले जिल्लामा सञ्चालन भएका पुनर्स्थापना गृहहरूको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

## ३.२ संरक्षण

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्राथमिकता २ "संरक्षण" मा उल्लेख भएको मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण र सहयोगका लागि स्थापना भएका संयन्त्रहरूद्वारा पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान गर्दै एकिकृत र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यले तोकिएका रणनीति तथा कार्यक्रमहरू अन्तर्गत सम्पादन भएका क्रियाकलापहरू बारे देहाय अनुसार विश्लेषण गरिएको छ ।

**रणनीति २.१ : स्वदेश तथा विदेशबाट उद्धार गरिएका, आफैं फर्केका र स्वेच्छाले फर्कन चाहने पीडित/प्रभावितहरूको अवस्था पहिचान ।**

३२. छिमेकी मुलुक भारत लगायत विभिन्न मुलुकहरूमा बेचबिखन तथा ओसारपसारमा परी स्वेच्छाले स्वेदश फर्केका र फर्काइएका महिला तथा बालबालिकाहरूलाई सरकारी सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरू तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित सुरक्षा गृहहरूमा राखी उनीहरूको अवस्था पहिचान गरी आवश्यकता अनुसार आवास, खाना, स्वास्थ्य उपचार, मनोविमर्श सेवा तथा कानूनी सहायता लगायतका अत्यावश्यक सेवाहरू प्रदान गरिँदै आएको छ । सरकारी सहायतामा विभिन्न गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका आठ जिल्लाका पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितहरूको संख्या तालिका ३.२.१ मा दिइएको छ ।

**तालिका ३.२.१**

**नेपाल सरकारको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित प्रभावितको संख्या**
(आ.व. २०६८/६९-२०७०/७१)

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | आ.व. | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | |
| १ | रूपन्देही | १९५ | २३३ | १५७ | ५८५ |
| २ | सिन्धुपाल्चोक | ६६ | १९ | २५ | ११० |
| ३ | चितवन | ४३ | १०७ | १०९ | २५९ |
| ४ | काठमाडौ | ६९ | ८ | १४ | ९१ |
| ५ | बाँके | २५४ | २५४ | १२६ | ६३४ |
| ६ | पर्सा | २४० | १७६ | ६८ | ४८४ |
| ७ | कैलाली | ३२ | २६ | २९ | ८७ |
| ८ | झापा | ४१२ | ६३५ | २१२ | १,२५९ |
| | जम्मा | १,३११ | १,४५८ | ७४० | ३,५०९ |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय, २०७१*

३३. तालिका ३.२.१ मा विभिन्न आठ वटा पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितहरूको आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म तीन वर्षको संख्यालाई तुलना गर्दा सबैभन्दा बढी आ.व. २०६९/७० मा १,४५८ ले सेवा प्राप्त गरेका छन् भने आ.व. २०७०/७१ मा ७४० जनाले मात्र सेवा प्राप्त गरेका छन् । यसप्रकार सेवा प्राप्त गर्नेहरूको संख्या आ.व. २०६८/६९ को तुलनामा आ.व. २०६९/७० मा ११ प्रतिशतले बृद्धि भएकोमा आ.व. २०६९/७० को तुलनामा २०७०/७१ मा भने ४९ प्रतिशतले घटेको छ । यी पुनर्स्थापना केन्द्रहरूमा खासगरी भारतबाट उद्धार गरिएका पीडित/प्रभावितहरूले सेवा प्राप्त गर्ने गरेकोमा सो संख्यामा कमी आउनुले एकातिर भारतबाट स्वदेश फिर्ती हुने क्रम घटेको देखिन्छ भने अर्कोतिर व्यावसायिक यौन शोषणका लागि भारतका ठूला शहरहरूमा हुने बेचबिखन तथा ओसारपसारको परम्परागत प्रकृतिमा आएको परिवर्तनलाई इंगित गर्दछ ।

३४. उक्त तालिका अनुसार विगत तीन वर्षमा पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितहरूको संख्यालाई मनन गर्दा झापा जिल्लामा सबैभन्दा बढी १,२५९, त्यसपछि बाँकेमा ६३४ र रूपन्देहीमा ५८५ देखिन्छ । यसप्रकार मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले अन्य नाकाहरूको तुलनामा झापाको कांकडभित्ता, बाँकेको रूपेडिया र रूपन्देहीको सुनौली नाका बढी सम्वेदनशील रहेको पाइन्छ ।

३५. भारतका विभिन्न स्थानहरूमा बेचबिखत तथा ओसारपसारमा परेका विशेष गरी महिला तथा बालबालिकाहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले भारतको नयाँदिल्ली स्थित नेपाली राजदूतावास र कोलकाता स्थित नेपाली महावाणिज्य दुतावाससंगको समन्वय र सहकार्य भइरहेको छ । ती कुटनीतिक निकायहरूलाई मन्त्रालयबाट हरेक वर्ष केही रकम समेत उपलब्ध गराउँदै आएको छ । आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म नयाँदिल्ली स्थित नेपाली राजदूतावास तथा कोलकाता स्थित महाबाणिज्य दूतावासलाई निकासा दिइएको रकमको विवरण तालिका ३.२.२ मा दिइएको छ ।

### तालिका ३.२.२

**मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि निकासा दिइएको रकमको विवरण**
(आ.व. २०६८/६९-२०७०/७१)

| आ.व. | रकम (ने.रू.) | प्राप्त गर्ने निकाय |
|---|---|---|
| २०६८/६९ | ५,००,००० | नेपाली राजदूतावास, नयाँदिल्ली |
| २०६९/७० | ५,००,००० | नेपाली राजदूतावास, नयाँदिल्ली |
| २०७०/७१ | ८,००,००० | महाबाणिज्यदूतावास, कोलकाता |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय ।*

३६. यसरी मन्त्रालयबाट उपलब्ध गराइएको रकमबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका महिला तथा बालबालिकाहरूलाई सरोकारवालाहरूको सहयोगमा शोषणको अवस्थाबाट उद्धार गरी नेपाल फिर्ता पठाउने कार्य हुँदै आइरहेको छ । आ.व. २०७०/७१ मा कोलकातास्थित नेपाली महावाणिज्यदुतावासले ४ जना महिला, १ जना पुरूष, १० जना बालिका र १ जना बालक गरी जम्मा १६ जनालाई उद्धार गरी नेपाल फर्काउन सहजीकरण गरेको छ ।[३]

[३] परराष्ट्र मन्त्रालय ।

३७. आ.व. २०७०/७१ मा बैदेशिक रोजगारको सिलसिलामा बेचबिखन तथा ठगीबाट पीडित तथा प्रभावित व्यक्तिहरूको उद्धारका लागि विभिन्न मुलुक स्थित नेपाली कुटनीतिक नियोगहरू मार्फत विशेष पहल गरेको छ । यसका लागि बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड मार्फत विभिन्न मुलुक स्थित नेपाली कुटनीतिक नियोगहरूमा सालवसाली बजेट निकासा हुँदै आएको छ । आ.व. २०७०/०७१ मा उक्त बोर्डबाट विभिन्न मुलुकहरूमा निकासा भएको रकमको विवरण तालिका ३.२.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२.३**

**विभिन्न मुलुकमा रहेका नेपाली दुतावासहरूलाई निकासा दिइएको रकमको विवरण** (आ.व. २०७०/७१)

| क्र.सं. | मुलुक | शिर्षक | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सुरक्षित गृह | उद्धार | शव झिकाउन | |
| १ | साउदी अरब | - | २५,००,००० | १४,७२,८०० | ३९,७२,८०० |
| २ | कतार (सुरक्षित गृह सञ्चालन तथा २ जना कर्मचारीको तलब) | २४,९२,२६० | १४,५३,१४० | - | ३९,४५,४०० |
| ३ | मलेशिया | - | - | ८,४१,७३८ | ८,४१,७३८ |
| ४ | दक्षिण कोरिया | - | - | १,२४,५६,१०८ | १,२४,५६,१०८ |
| ५ | कुवेत | १०,००,००० | ५,००,००० | - | १५,००,००० |
| | कुल जम्मा | ३४,९२,२६० | ४४,५३,१४० | १,४७,७०,६४६ | २,२७,१६,०४६ |

*स्रोत : बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, २०७१*

३८. नेपाल सरकारले बैदेशिक रोजगारको सिलसिलामा बेचबिखनको घटना र ठगीमा परेका नेपाली महिला तथा पुरूषहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि परराष्ट्र मन्त्रालय अन्तर्गत नेपाली राजदुतावास र श्रम सहचारीलाई परिचालन गर्दै आएको छ । बैदेशिक रोजगारमा गई यौन तथा श्रम शोषणमा परेका व्यक्तिहरूलाई लक्षित गरी श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयले कुवेत, साउदी अरेबिया, यूएई र कतार गरी चार वटा मुलुहरूमा अल्पकालीन सुरक्षित गृह सञ्चालनमा ल्याएको छ ।

३९. आर्थिक वर्ष २०७०/७१ मा कुवेत, साउदी अरेविया, यूएई र कतार, लगायतका मुलुकहरूमा कुटनीतिक नियोग मार्फत बेचबिखनबाट प्रभावित ४०० भन्दा बढी महिलाहरूलाई उद्धार, अल्पकालीन आवासीय सुविधा प्रदान गर्नुका साथै स्वदेश फिर्तीका लागि सहयोग प्रदान गरेको देखिन्छ । कतारमा ठगी र बेचबिखनमा परेका पुरूषहरूलाई पनि उद्वार गरी स्वदेश फर्कन सहयोग पुऱ्याएको देखिन्छ । सो सम्बन्धी विस्तृत विवरण तालिका ३.२.४ मा दर्शाइएको छ ।

## तालिका ३.२.४

**बैदेशिक रोजगारका क्रममा बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी विवरण** (आ.व. २०७०/२०७१)

**देश : कुवेत**

सुरक्षित गृह : १

सेवा प्राप्त गर्नेको संख्या : आ.व. २०७०/७१ मा ७४६ जना र चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्ममा १२३ जना गरी जम्मा ८६९ जना महिला

मानव बेचबिखनबाट पीडित/प्रभावितलाई दिइएको सेवा : आ.व. २०७०/७१ मा ३४ जना र चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्ममा १७ जना गरी जम्मा ५१ जना महिला

सेवाको विवरण : खाना, आवास, स्वास्थ्य उपचार, कानूनी सहायता र नेपाल फर्कन सहयोग

स्वदेश फिर्ता गरेको : ३८ जना महिला

**देश : साउदी अरेविया**

सुरक्षित गृह : १

सेवा प्राप्त गर्नेको संख्या : २९३ जना महिला

स्वदेश फिर्ता गरेको : २९३ जना महिला

**देश : कतार**

सुरक्षित गृह : १

सेवा प्राप्त गर्नेको संख्या : आ.व. २०७०/७१ र चालु आर्थिक वर्षको पौष १५ सम्ममा ४३ महिला र ४१ पुरूष गरी जम्मा ८४

सेवाको विवरण : खानाको लागि जनही कतारी रियाल १२ उपलब्ध गराउने गरिएको। नियमानुसार पाउनुपर्ने सेवा सुविधाका लागि पहल गरी स्वदेश फर्काउने गरिएको।

**देश : बहराइन**

सुरक्षित गृह : नभएको

सेवाको प्रकृति : छुट्टै सुरक्षागृहको ब्यबस्था नरहेको भएता पनि बहराइन स्थित नेपाली समूदाय बाटै व्यवस्थापन गरिनुका साथै राजदुतावासको कार्यालय परिसर मै व्यवस्थापन गर्ने गरिएको। नेपाली श्रमिकहरू अभिलेखबद्ध नभएका भारतको बाटो हुँदै विदेश आउने गरेका, भिसाको म्याद सकिएका तथा आफ्नो स्पोन्सर छोडेका नेपालीहरूको संख्या भने उल्लेख्य रहेको अनुमान गरिएको।

**देश : ओमान**

सुरक्षित गृह : नभएको

सेवाको प्रकृति : छुट्टै सुरक्षा गृहको ब्यबस्था नरहेको भएता पनि विभिन्न कारण समस्यामा परी आश्रय लिन आउने नेपालीहरू मूलतः महिलालाई नेपाली संघ संस्थाहरू समेतको सहयोगमा केही महिलालाई उद्धार गरि नेपाल फर्काउन सहयोग गरेको । तर पनि बैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मेनपावर कम्पनी र ब्यक्तिहरूबाट ठगिएका एवं सम्झौता बमोजिमको तलब सुविधा नपाएको भनी गुनासो गर्ने र उजुरी दिनेहरूको संख्या भने दिनदिनै बढ्दो अवस्थामा रहेको ।

**देश : दक्षिण कोरिया**

सुरक्षित गृह : नभएको

सेवाको प्रकृति : छुट्टै सुरक्षागृहको ब्यबस्था नरहेको । मानव बेचबिखन बाट पीडित/प्रभावितहरू तथा अन्य कुनैको पनि हालसम्म गुनासो, उजुरी नभएको अवस्था

*स्रोत : परराष्ट्र मन्त्रालय*

**रणनीति : २.२ पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारकालागि संयन्त्रहरूको निर्माण तथा सुदृढिकरण**

४०. पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धार सम्बन्धी कार्यका लागि केन्द्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति सक्रिय रहेको छ भने ७५ जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति तथा १३६ वटा गा.वि.स./नगरपालिकाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति गठन भएका छन् । यसका अतिरिक्त गा.वि.स. र नगरपालिकाहरूमा गाउँ तथा नगर बाल संरक्षण समिति एवं महिला निगरानी समूहहरू पनि गठन गरी परिचालन गरिएका छन् । ती स्थानीय संयन्त्रहरू महिला अधिकार र बाल अधिकारलाई प्रवर्द्धन गर्दै मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसा नियन्त्रणका लागि अधिकारमूखी अवधारणाले काम गर्दै आइरहेका छन् ।

४१. वैदेशिक रोजगारका सिलसिलामा विभिन्न मुलुकहरूमा काम गर्न जाने नेपाली कामदारहरूको अधिकारको सुनिश्चितताको लागि नेपाल सरकारले कतार, दक्षिण कोरिया, जापान, यू.ए.ई. र बहराइन समेत गरी ५ वटा गन्तब्य देशका सरकारहरूसंग सेवा र सुरक्षाको विषयमा द्विपक्षीय सम्झौता गरेको छ । त्यसको साथै नेपाल सरकारले विदेशमा रहेका कामदारहरुको हक हितका लागि दक्षिण कोरीया, साउदी अरब, मलेशिया, कुवेत, ओमन, बहराइन, यु.ए.ई र कतारमा नेपाली कुटनीतिक नियोगमा श्रम सहचारीहरुको व्यवस्था गरेको छ । यसका साथै नेपाली कामदारहरूको आपतकालीन अवस्था बारे सूचना प्राप्त हुनासाथ सम्बन्धित मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगले त्यहाँ रहेका समुदायसंगको सहकार्यमा उद्धार तथा स्वदेश फिर्ती कार्य गर्दै आएको छ ।

४२. छिमेकी मुलुक भारतमा बेचबिखनमा परेका पीडित/प्रभावित बालबालिकाहरूको उद्धार तथा स्वदेश फिर्ती कार्यलाई व्यवस्थित गर्नको लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र शक्ति समूहको सहकार्यमा पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धमा कार्यविधि बनाउने कार्य अघि बढाएको छ । वि.स. २०६८ मा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा

संरक्षणका लागि राष्ट्रिय मापदण्ड तयार भई कार्यान्वयनका लागि सबै जिल्लाहरूमा पठाउनुका साथै उद्धार तथा स्वदेश फिर्ती लगायतका प्रक्रियाहरू बारे मापदण्डले तोके अनुसार गर्न गराउन विभिन्न जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिका पदाधिकारीहरूलाई अभिमूखीकरण तालिम सञ्चालन भइरहेको छ ।

## रणनीति २.३ : बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूको स्वेच्छिक स्वदेश फिर्ती सम्बन्धमा प्रभावकारी संयन्त्रको विकास ।

४३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६८ को नियम ४ (ग) अनुसार विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने कार्य मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत रहेको छ भने सोही नियमावलीको नियम ७ (च) अनुसार जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने कार्य मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको काम, कर्तव्य र अधिकारभित्र रहेको छ । यसप्रकार नियमावलीले गरेको व्यवस्था अनुसार यी दुई तहका समितिहरूलाई तथा जिल्लामा महिला तथा बालबालिका कार्यालयलाई समेत जिम्मेवार सम्पर्क निकायका रूपमा तोकिएको छ ।

४४. खासगरी छिमेकी मुलुक भारत र चीनको स्वशासित क्षेत्र तिब्बतसंग सीमा नाका भएका केही जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालय, स्थानीय प्रशासन र जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रको समन्वय एवं विभिन्न गैरसरकारी संघसंस्थाहरूको सहकार्यमा सीमा निगरानीका लागि सूचना/परामर्श केन्द्रहरू स्थापना गरी निगरानी र उद्धार कार्यलाई सहजीकरण गरिएको छ भने स्वदेश फिर्ती प्रकृयामा संलग्न विभिन्न संघसंस्थाहरूको कार्यमा समन्वय र सहयोग पुर्‍याउने काम भइरहेको छ ।

## रणनीति २.४: पुनर्स्थापना केन्द्रहरूको सञ्चालनमा एकरूपता र स्तरीकरण कायम हुने गरी मापदण्ड निर्माण ।

४५. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पुनर्स्थापना केन्द्र सञ्चालनमा एकरूपता ल्याउन र सेवा प्रवाहमा स्तरीकरण गर्न वि.सं. २०६८ देखि पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका कार्यान्वयनमा ल्याइसकेको हुँदा सो अनुसार व्यवस्थापन गर्ने प्रयास भइरहेको छ ।

४६. मानव बेचबिखन तथा ओसारपसार बाट पिडित/प्रभावितहरूको लागि आवश्यक सहयोगी संयन्त्रको विकास गर्ने क्रममा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले ८ वटा जिल्लाहरूमा पुनर्स्थापना केन्द्रहरू स्थापना गरी विभिन्न गैरसरकारी संस्थाहरूलाई व्यवस्थापन करारमा सञ्चालन गर्न दिइएको छ । आ.व. २०७०/७१ मा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूको नाम तालिका ३.२.५ मा दर्शाइएको छ ।

**तालिका ३.२.५**

**पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूको नाम**

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्था | जिल्ला |
|---|---|---|
| १ | माइती नेपाल | रूपन्देही |
| २ | शक्ति समूह | सिन्धुपाल्चोक |
| ३ | आदर्श नारी विकास केन्द्र | चितवन |
| ४ | ए.वि.सी. नेपाल | काठमाडौ |
| ५ | साथी | बाँके |
| ६ | माइती नेपाल | पर्सा |
| ७ | सिर्जनशील समाज | कैलाली |
| ८ | माइती नेपाल | झापा |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

४७. पुनर्स्थापना केन्द्र सचालन निर्देशिका, २०६८ एवं मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरुको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ अनुसार पुनर्स्थापना केन्द्रहरूले सेवा प्रवाह गरे नगरेको सम्बन्धमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय एवं जिल्ला समिति र महिला तथा बालबालिका कार्यालयहरूबाट अनुगमन गर्ने कार्य भइरहेको छ ।

**रणनीतिः २.७ : परिवार तथा समुदायमा बेचबिखन तथा ओसारपसारबाट पीडित ⁄ प्रभावितहरूको पुनर्स्थापना र पुनर्मिलनको ब्यबस्था ।**

४८. स्वदेश तथा विदेशमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भई उद्धार गरिएका महिला तथा बालबालिकाहरूलाई महिला तथा बालबालिका कार्यालय, पुनर्स्थापना केन्द्र तथा जिल्ला बालकल्याण समितिहरूले परिवार तथा समुदायमा पुनर्स्थापना, पुनर्मिलन र पुनःएकीकरण गर्ने कार्यलाई निरन्तरता दिँदै आइरहेको छ । यस कार्यमा गैरसरकारी संस्थाहरूको सहयोग समेत रहेको छ ।

**रणनीतिः २.८ : बेचबिखन तथा ओसारपसारबाट पीडित ⁄ प्रभावितहरूलाई निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरुको ब्यबस्था ।**

४९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट लैगिंक हिंसा प्रभावितहरूलाई स्वास्थ्य उपचार लगायत अन्य आवश्यक एकिकृत रूपमा सेवा प्रवाहका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू स्थापना भएका छन् । हाल पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, काभ्रेपलान्चोक, मकवानपुर, तनहुँ, बागलुङ्ग, नवलपरासी, दाङ, बर्दिया, जुम्ला, डोटी, कञ्चनपुर, प्युठान र काठमाडौं (प्रसुती गृह) गरी १७

जिल्लाहरूमा सञ्चालनमा आएका ती केन्द्रहरूबाट मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई विभिन्न चरणमा आवश्यक पर्ने स्वास्थ्य सेवा, मनोविमर्श, कानूनी सहायता लगायतका विभिन्न सेवाहरू एकै स्थानबाट प्रदान गरिनुका साथै विशेष आवश्यकतामा रहेका पीडितहरूलाई विशेषज्ञ तथा विशिष्ट सेवाहरूको लागि सम्बन्धित निकायहरूमा प्रेषण गर्ने गरिएको छ।

**रणनीति : २.९: पीडित/प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाकालागि कोषको ब्यबस्था।**

५०. नेपाल सरकारले मानव बेचबिखन तथा ओसापसारबाट पीडित प्रभावितको उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना सहयोगको लागि २०६५ सालदेखि नै पुनर्स्थापना कोषको स्थापना गरी सञ्चालन गर्दै आइरहेको छ। २०७१ आसाढ मसान्तसम्मको अवधिमामा उक्त कोषमा रू २,३७,१६,५५०।- मौजदात रहेको थियो। उक्त कोषका लागि आर्थिक वर्ष २०७१/०७२ मा अर्थ मन्त्रालयबाट रू एक करोड थप निकासा भएकोमा ७५ जिल्लामा रू ५५ लाख विनियोजन गरी हाल उक्त कोषमा रू २,८२,१६,५५०।- मौजदात छ। उक्त कोषबाट पीडित/प्रभावितलाई खाना, बास, कपडा लगायत आधारभूत आवश्यकताका साथै स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता, सीप विकास तालिम र विउ पूँजी समेत उपलब्ध गराउने गरिएको छ।

५१. उक्त कोषबाट आ.व. २०६८/६९ देखि २०७०/७१ सम्म आठ जिल्लाहरूमा पुनर्स्थापना केन्द्र सञ्चालनका लागि महिला तथा बालबालिका कार्यालयहरू मार्फत संस्थाहरूलाई उपलब्ध गराइएको रकमको विवरण तालिका ३.२.६ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.२.६

**पुनर्स्थापना केन्द्र सञ्चालनका लागि संस्थाहरूलाई निकासा गरिएको रकमको विवरण**
(आ.व. २०६८/६९-२०७०/७१)

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्था र जिल्ला | आ.व. | | |
|---|---|---|---|---|
| | | २०६८।०६९ | २०६९।०७० | २०७०।०७१ |
| १. | एविसी नेपाल, काठमाडौं | १०,२७,००० | - | १५,००,००० |
| २. | सिर्जनशील समाज, कैलाली | १७,९१,८७० | - | १२,००,००० |
| ३. | साथी, बाँके | १६,९८,००० | - | १५,००,००० |
| ४. | आदर्श नारी विकास केन्द्र, चितवन | ५,००,००० | १०,००,००० | ८,००,००० |
| ५. | माइती नेपाल, झापा | १०,००,००० | १०,००,००० | ७,००,००० |
| ६. | ग्रामिण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक | १३,२५,६२२ | - | - |
| | शक्ति समूह, सिन्धुपाल्चोक | - | - | १६,५५,००० |
| ७. | माइती नेपाल, पर्सा | ५,००,००० | - | |
| ८. | माइती नेपाल, रूपन्देही | १२,००,००० | १०,००,००० | १२,००,००० |
| | जम्मा | ९०,४२,४९२ | ३०,००,००० | ८५,५५,००० |

*श्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय।*

५२. जिल्लामा गठन भएका मानव बेचबिखन तथा ओसापसार नियन्त्रण जिल्ला समितिलाई बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनामा आवश्यक सहयोग गर्न महिला तथा बालबालिका कार्यालयहरूलाई महिला तथा बालबालिका विभाग मार्फत अनुदान उपलब्ध गराउँदै आएको छ । आ.व.२०७०/७१ मा तराई तथा केही पहाडी जिल्लाहरूमा रू. ५७,००० तथा अन्य पहाडी तथा हिमाली जिल्लाहरूमा रू.४२,००० का दरले निकासा भएको पाइन्छ । सो रकमको केही अंश मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितका लागि जिल्ला उद्दार कोषमा जम्मा गरेको पनि देखिन्छ ।

५३. मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिले नेपालको कुनै पनि स्थानको डान्सवार तथा रेष्टुराँबाट उद्धार गरिएका महिला तथा बालबालिकाहरूलाई उनीहरूको घरसम्म पुग्न लाग्ने खर्च सम्बन्धित जिल्लामा रहेको उद्धार कोषबाट व्यहोर्ने व्यवस्था मिलाएको छ ।

५४. भारत स्थित कोलकता र दिल्ली राजदुतावासमा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित तथा पीडितको उद्धार गर्दा आवश्यकता परेको खण्डमा उद्धारको क्रममा नेपालको सीमाना सम्म ल्याउदा पीडितको साथसाथै दुतावासको एक जना कर्मचारीलाई आउदा जांदाको लागि लागेको खर्च नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ को अनुसुची ५ मा व्यवस्था भए बमोजिमको रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## ३.३ कानूनी कारवाही

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्राथमिकता क्षेत्र नं ३ कानूनी कारवाहीमा उल्लेखित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानूनी संरचनाको माध्यमबाट दण्डहीनताको अन्त्य गरी पीडित/प्रभावितलाई न्यायमा पहुँच दिलाउने उद्देश्य प्राप्तिका लागि निर्धारण भएका रणनीति तथा कार्यक्रमहरू अन्तर्गत आ.व.२०७०/७१ मा सम्पन्न भएका क्रियाकलापहरू देहाय बमोजिम छन् ।

**रणनीति ३.१ : मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्रभावकारी फौजदारी कानून र न्याय प्रणालीका साथै वैज्ञानिक र पारदर्शी अनुसन्धान पद्धतिको विकास गर्ने ।**

५५. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्रभावकारी फौजदारी कानून र न्याय प्रणालीका लागि सम्मानित सर्वोच्च अदालतबाट जारी भएका निर्देशात्मक आदेशहरू बमोजिम कानूनहरूमा समसामयिक संसोधनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिद्वारा सरोकारवालाहरूसंग परामर्श गर्ने कार्य जारी रहेको छ । यसका साथै राष्ट्रिय मानव अधिकार आयोग एवं कानून सुधार आयोगले छुट्टा छुट्टै रूपमा मानव बेचबिखन नियन्त्रण सम्बन्धी कानूनमा समसामयिक सुधारका लागि अध्ययन गरी सिफारिश गर्न कार्यटोली गठन गरेको छ ।

५६. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूमा तथ्यपरक सूचना संकलन गरी अनुसन्धान तथा कारवाहीलाई प्रभावकारी बनाउन नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग निरन्तर प्रयासरत रही आएको छ । नेपाल प्रहरीले मानव बेचबिखन र लैङ्गिक हिंसाका घटनाहरूमा अनुसन्धानलाई बैज्ञानिक र लैङ्गिक

मैत्री बनाउन तालिम सामग्री उत्पादन गरी प्रहरी जवानदेखि उच्च दर्जाका प्रहरी अधिकृतहरूलाई प्रशिक्षण प्रदान गर्दै आइरहेको छ ।

**रणनीति ३.२ : बेचबिखन तथा ओसारपसारका लागि जोखिममा रहेका र बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि सहयोग हुने गरी प्रचलित कानूनहरूमा समसामयिक संसोधन ।**

५७. सम्मानीत सर्वोच्च अदालतबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी कानूनलाई पीडित तथा प्रभावित केन्द्रीत बनाई ऐनका विभिन्न प्रावधानहरूको संसोधन गर्नका लागि देहाय अनुसारको निर्देशनात्मक आदेश जारी गरेकोमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा समसामयिक संसोधनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले विभिन्न सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरूमा सुझाव संकलन गरी मस्यौदा तयार पार्ने कार्यको थालनी भएको छ ।

## सर्वोच्च अदालतबाट नेपाल सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेश

मिति २०६९।११।२४।५

(१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का दफा १५ का उपदफा (६) का वर्तमान कानूनी व्यवस्थामा आवश्यक पुनरावलोकन र संशोधन गरी पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरूद्ध कारवाही चलाए पछि सत्य तथ्य ढाँटी वा नियतवश पछिबाट बयान परिवर्तन गर्न वा त्यस्ता नियतले अदालतले बोलाएको समयमा अनुपस्थित हुने वा अदालतलाई सहयोग नगर्ने व्यक्तिलाई कैद सजाय गर्ने गरी कानूनी व्यवस्था गर्नु ।

(२) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधबाट पीडित व्यक्तिलाई सो अपराध सम्बन्धी मुद्दाका अनुसन्धानको बारेमा सम्बन्धित प्रहरी कार्यालयले र अभियोजनका बारेमा अभियोगपत्रका प्रतिलिपि तथा अदालतबाट भएका निर्णयका बारेमा फैसलाका प्रतिलिपि समेत राखी सम्बन्धित सरकारी वकील कार्यालयले अनिवार्य रूपमा पीडितलाई जानकारी गराउने व्यवस्था गर्नु, गराउनु ।

(३) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम अदातलतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराई दिन ठहर भएको रकमका लागि अविलम्ब छुट क्षतिपूर्ति कोष खडा गरी सो कोषका लागि आवश्यक रकम समेत आ.व.२०७०/०७१ को बजेटमा अनिवार्य रूपमा विनियोजन गर्न, साथै सम्बन्धित प्रहरी कार्यालयले समेत सक्रिय पहल गरी पीडितलाई सो क्षतिपूर्ति रकम भराई दिने व्यवस्था गर्नु, गराउनु ।

(४) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतका मुद्दा तथा अन्य सरकारवादी फौजदारी मुद्दामा सरकारी पक्षका साक्षीलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च बापत आगामी आर्थिक वर्ष २०७०/०७१ को बजेटमा अनिवार्य रूपमा रकम विनियोजन गरी त्यस्ता साक्षीलाई सम्बन्धित प्रहरी कार्यालय मार्फत सो रकम उपलब्ध गराउनु ।

(५) सरकारी पक्षका साक्षीले प्राप्त गर्ने खर्च रकम निज अदालतमा उपस्थित हुनु अगावै निजलाई भुक्तानी दिई सोको भरपाई सहित सम्बन्धित मुद्दा विचाराधीन रहेका अदालतमा त्यस्ता साक्षीलाई उपस्थित गराउने व्यवस्था गर्नु गराउनु ।

(६) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६ बमोजिम पीडित वा उजुर गर्ने व्यक्तिले माग गरेको अवस्थामा सुरक्षाका लागि आवश्यक व्यवस्था गरी सम्बन्धित प्रहरी कार्यालय मार्फत त्यस्तो व्यक्तिको सुरक्षा गर्नु, गराउनु ।

**रणनीति ३.३ : बालबालिका विरूद्ध हुने सबै प्रकारका बेचबिखन तथा ओसारपसारका घटनालाई अपराधिक गतिविधिको रूपमा लिई कानूनी कारवाहीलाई सशक्त तुल्याउने ।**

५८. सर्वोच्च अदालतले २०७० श्रावण १६ गते जवरजस्ती करणी एवं मानव बेचबिखन तथा ओसारपसार लगायतका गम्भीर प्रकृतिका अपराधका मुद्दाहरूमा निरन्तर सुनुवाई गरी तत्काल फैसला गर्न गृह मन्त्रालय, महान्यायाधिवक्ताको कायार्लय र सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश जारी गरेको छ। जिल्ला अदालत नियमावलीको नियम २३ (ग) मा उल्लेखित निरन्तर सुनुवाइ सम्बन्धी व्यवस्था हालसम्म ऐच्छिक भएकोमा त्यसलाई बाध्यकारी बनाउन पनि आदेश भएको छ। यसरी बाध्यात्मक रूपमा कार्यान्वयन गर्न गराउन जो चाहिने निर्देशिका बनाउन आवश्यक स्रोत साधनको व्यवस्थाका लागि सरकारसंग बजेट माग गर्नुपर्ने भए गर्ने गराउने आदेश भएको छ। निरन्तर सुनुवाइका व्यवस्थालाई सुचारू गरी सुनिश्चित गर्न मुद्दाका पक्ष, कानून व्यवसायी, सरकारी वकील समेतसंग निरन्तर आवश्यक छलफल गरी सहजीकरण गर्न सम्बन्धित अदालत भित्र एक संयन्त्र गठन गरी जो चाहिने व्यवस्था मिलाउन सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश जारी गरेको छ। यस्तो आदेश अनुसार काम भए नभएको बारे निरन्तर रूपमा अनुगमन गर्न सर्वोच्च अदालतले आफू मातहतको अनुगमन तथा निरीक्षण महाशाखालाई आदेश दिएको छ। साथै फौजदारी मुद्दाको निरन्तर सुनुवाइका लागि अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धी निकायको पनि सहयोग र सहभागिताको शुरूदखि नै जरूरी हुने हुनाले त्यस प्रयोजनका लागि आवश्यक तयारी गर्न र अदालतबाट आदेश भएका बखत आफ्ना साक्षी प्रमाण आदि उपस्थित गराउने निश्चितताका लागि जो चाहिने संसोधन सहितको व्यवस्था गर्न/गराउन र सहयोग गर्न भनी गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको नाममा समेत आदेश जारी गरेको छ।

**रणनीति ३.४ : प्रहरी कार्यालयहरूमा मानव बेचबिखन तथा ओसारपसारको घटना तथा वारदातहरू बारे उजुरी लिने प्रकृयालाई पीडित/प्रभावित मैत्री हुने गरी सरलीकरण गर्ने व्यवस्था।**

५९. मानव बेचबिखन तथा ओसारपसार, घरेलु हिंसा लगायत लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरूमा कारवाहीका लागि नेपाल प्रहरी मातहत सबै प्रहरी कार्यालयहरूमा आवश्यकता अनुसार पीडित/प्रभावितहरूका लागि उजुरी लिने, बयान अनुसन्धानमा टेवा पुऱ्याउने र मनोविमर्श सेवा प्रदान गर्नका लागि महिला तथा बालबालिका सेवा केन्द्रहरूको स्थापना भएका छन् । महिला तथा बालबालिका सेवा केन्द्रहरू पीडित/प्रभावित मैत्री बनाउने निरन्तर प्रयास जारी छ र ती केन्द्रहरूमा सम्भव भएसम्म महिला प्रहरी कर्मचारी नै खटाउने गरिएको

छ । प्रहरी कार्यालयहरूलाई महिला मैत्री बनाउन हालसम्म २४ जिल्लाहरूमा छुट्टै भवनको निर्माण भई त्यहाँबाट सेवा प्रदान गरिएको छ भने भवन नभएका जिल्लाहरूमा छुट्टै कक्षको व्यवस्था गरी सेवा प्रदान गर्ने गरिएको छ ।

६०. मानव बेचबिखन तथा ओसारपसार एक संगठित अपराध भएकाले अपराध अनुसन्धान विभागले अपराध नियन्त्रण कार्ययोजना बनाई सो अन्तर्गत तदारूकताका साथ नियन्त्रणका लागि अनुसन्धान कारवाहीलाई अगाडी बढाएको छ ।

६१. नेपाल प्रहरी अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रमा कानूनी कारवाहीमा रहेका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विवरणहरूको अध्यावधिक गर्ने कार्य भइरहेको छ । सो अनुरूप प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग महिला तथा बालबालिका सेवा निर्देशनालयबाट प्राप्त विवरणलाई यस प्रतिवेदनमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

६२. विभिन्न जिल्ला तहमा रहेका प्रहरी कार्यालयहरूमा आ.व. २०७०/७१ मा मानव बेचबिखन तथा ओसारपसारको कसुरमा कुल १८५ मुद्दाहरू दर्ता भएको देखिन्छ । आ.व. २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्षको नेपाल प्रहरीबाट प्राप्त तथ्याङ्कलाई तल चित्र ३.३.१ मा देखाइएको छ । सो चित्रमा प्रस्तुत विवरणलाई दृष्टिगत गर्दा मानव बेचबिखन तथा ओसारपसार विरूद्धका घटनाहरूको उजुरी दर्ता क्रमश बृद्धि भएको देखिन्छ । यसप्रकारको तथ्याङ्कले मानव बेचबिखन तथा ओसारपसार जस्तो अपराधलाई नसहने र लुकाएर नराख्ने एवं अपराध गर्नेहरूमाथि कानूनी कारवाही गर्नु पर्दछ भन्ने चेतना स्तरमा क्रमशः बृद्धि हुन थालेको कुरा इंगित गर्दछ ।

**चित्र ३.३.१**




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

६३. उक्त चित्र अनुसार आ.व. २०६८/६९ को तुलनामा आ.व. २०६९/७० मा उजुरी दर्ता २२ प्रतिशतले बृद्धि भएको छ भने आ.व. २०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा २८.५ प्रतिशत बृद्धि भएको छ ।

६४. यसै गरी पीडित/प्रभावितको संख्यालाई हेर्दा बालिका र महिला दुवैको संख्यामा हरेक वर्ष क्रमशः वृद्धि भएको पाइन्छ । आ.व. २०६८/६९ को तुलनामा आ.व. २०६९/७० मा बालिकाको संख्या ५४ प्रतिशतले बृद्धि भएको पाईन्छ भने आ.व. २०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा ४०.२ प्रतिशतले बृद्धि भएको देखिन्छ । त्यस्तै आ.व. २०७०/७१ मा महिलाको संख्या ६२.२ प्रतिशतले बृद्धि भएको कुरा प्रस्तुत चित्र ३.३.२ बाट स्पष्ट हुन्छ ।

### चित्र ३.३.२

**नेपाल प्रहरीमा दर्ता भएका मानव बेचबिखन सम्बन्धी मुद्दामा पीडितहरुको संख्या**




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

६५. मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी प्रहरीमा दर्ता भएका मुद्दाका पीडित/प्रभावितहरूको लिङ्ग, उमेर र वैवाहिक स्थिति तालिका ३.३.१ मा दर्शाइएको छ । सो तालिका अनुसार मानव बेचबिखन तथा ओसारपसारमा बढी संख्यामा महिला र बालिका नै पर्ने गरेको पाइन्छ । आ.व २०६८/६९ मा ११ जना पुरूष (बालक) को घटना दर्ता भएता पनि आ.व. २०७०/७१ मा महिलाहरू मात्र बेचबिखन तथा ओसारपसारमा परेको देखिन्छ । उमेरको आधारमा विश्लेषण गर्दा आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म तीन वर्षको अवधिमा १८ वर्ष मुनीका बालबालिकाहरू अधिक संख्यामा बेचबिखन तथा ओसारपसारमा परेको देखिन्छ । यसप्रकार विश्व बजारमा बढ्दै गइरहेको सस्तो श्रमको माग र यौन

व्यापारका लागि हुने बेचबिखन तथा ओसारपसारको मारमा बालिका, किशोरी, अविवाहित तथा ३५ वर्ष मुनीका महिलाहरू बढी पर्ने गरेको देखिन्छ ।

### तालिका ३.३.१

### लिङ्ग र उमेरको आधारमा बेचबिखन पीडित/प्रभावितको विवरण

(आ.व. २०६८/६९-२०७०/७१)

| विवरण | आ.व.२०६८/६९(जना) | आ.व.२०६९/७०(जना) | आ.व.२०७०/७१(जना) |
|---|---|---|---|
| लिङ्गको आधारमा (संख्या) | | | |
| महिला | १३० | १५८ | २९६ |
| पुरूष | ११ | ३ | -- |
| उमेरको आधारमा (संख्या) | | | |
| १८ वर्ष सम्मका | ६५ | १०० | १३६ |
| १९ - २५ | ५२ | ४० | १०४ |
| २६ - ३५ | १९ | १४ | ३८ |
| ३६ वर्ष भन्दा माथि | ५ | ७ | १८ |
| वैवाहिक स्थितिको आधारमा (संख्या) | | | |
| विवाहित | ५७ | | १२६ |
| अविवाहित | ८४ | | १७० |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

६६. प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट उपलब्ध आ.व. २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्षको तथ्याङ्कलाई विकास क्षेत्रगत रूपमा विश्लेषण गर्दा मानव बेचबिखनको सबै भन्दा बढी घटना मध्यमाञ्चलमा भएको पाइन्छ । आ.व. २०७०/७१ मा कुल १८५ वटा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरू मध्ये सबै भन्दा बढी मध्यमाञ्चल विकास क्षेत्रमा ६७ वटा मुद्दा दर्ता भएका छन् जसमध्ये उपत्यकामा मात्र ३४ वटा घटना दर्ता भएको देखिन्छ । दोस्रोमा पूर्वाञ्चल विकास क्षेत्रमा ४८ वटा रहेको छ भने त्यसपछि क्रमशः पश्चिमाञ्चलमा ३६, मध्य-पश्चिमाञ्चलमा २१ र सुदुर-पश्चिचामाञ्चलमा १३ वटा मुद्दाहरू दर्ता भएको देखिन्छ । यस सम्बन्धी विवरण चित्र ३.३.३ मा प्रस्तुत गरिएको छ ।

## चित्र ३.३.३

### विकास क्षेत्र अनुसार बेचबिखन तथा ओसारपसारका मुद्दा दर्ता विवरण




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

६७. आ.व. २०७०/७१ को उपलब्ध तथ्याङ्कको आधारमा पीडितहरू बारे विश्लेषण गर्दा सबै भन्दा बढी संख्यामा पीडित पूर्वाञ्चल विकास क्षेत्रमा ५३ महिला र ३२ बालिका गरी जम्मा ८५ जना पीडित रहेको देखिन्छ भने मध्यमाञ्चल विकास क्षेत्र (उपत्यका समेत) मा ८३ जना, पश्चिमाञ्चल विकास क्षेत्रमा ५४ जना, मध्य-मश्चिमाञ्चल विकास क्षेत्रमा ३६ जना र सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रमा ३८ जना महिला तथा बालिका पीडित रहेको देखिन्छ। कुल पीडितहरूको संख्या २९६ मध्ये १६० जना महिला र १३६ जना बालिका रहेको देखिन्छ। मुद्दा दर्ता पूर्वाञ्चल विकास क्षेत्र भन्दा मध्यमाञ्चल विकास क्षेत्रमा बढी भए पनि पीडितहरूको संख्या सबभन्दा बढी पूर्वाञ्चल विकास क्षेत्रमा रहेको पाईन्छ। यस सम्बन्धी विवरण तालिका ३.३.२ मा प्रस्तुत गरिएको छ।

## तालिका ३.३.२

### मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूमा पीडित/प्रभावितहरूको संख्या

(आ.व. २०७०/७१)

| क्षेत्र | पिडित/प्रभावित | | |
|---|---|---|---|
| | महिला | बालिका | जम्मा |
| पूर्व क्षेत्र, विराटनगर | ५३ | ३२ | ८५ |
| मध्यक्षेत्र, हेटौडा | १८ | २८ | ४६ |
| मध्य क्षेत्र, उपत्यका | २९ | ८ | ३७ |
| पश्चिम क्षेत्र, पोखरा | २६ | २८ | ५४ |

| | | | |
|---|---|---|---|
| मध्य-पश्चिम क्षेत्र, सुर्खेत | २७ | ९ | ३६ |
| सुदूर-पश्चिम क्षेत्र, दिपायल | ७ | ३१ | ३८ |
| जम्मा | १६० | १३६ | २९६ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

६८. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गत ७५ जिल्लाका प्रहरी कार्यालयहरूमा आ.व. २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्षको अवधिमा दर्ता भएका मुद्दाहरूको संख्या बारे अध्ययन गर्दा ५४ वटा जिल्लाहरूमा मुद्दा दर्ता भएको देखियो भने बाँकी २१ जिल्लाहरूमा उक्त अवधिमा कुनै पनि मुद्दा दर्ता भएको देखिंदैन। विगतमा बेचबिखनका लागि अति जोखिम भनी २६ जिल्लाहरूलाई भन्ने गरिएकोमा उपलब्ध तथ्याङ्कले यो अपराध क्रमशः धेरै जिल्लाहरूमा विस्तार हुँदै गएको देखिन्छ। यस सम्बन्धी विवरण तालिका ३.३.३ मा दिइएको छ।

## तालिका ३.३.३

### जिल्ला अनुसार मानव बेचबिखन तथा ओसारपसारका घटना दर्ता विवरण

(आ.व. २०६८/६९-२०७०/७१)

| क्र.सं. | जिल्ला | आ.व. अनुसार मुद्दा दर्ता संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | |
| | ताप्लेजुङ | - | १ | - | १ |
| | पाँचथर | १ | - | २ | ३ |
| | इलाम | - | १ | १ | २ |
| | झापा | १३ | १२ | १८ | ४३ |
| | मोरङ | १० | ९ | १६ | ३५ |
| | सुनसरी | ३ | ५ | ४ | १२ |
| | भोजपुर | - | १ | १ | २ |
| | संखुवासभा | १ | १ | १ | ३ |
| | सप्तरी | - | २ | २ | ४ |
| | सिरहा | - | १ | - | १ |
| | उदयपुर | १ | २ | ३ | ६ |
| | धनुषा | - | १ | - | १ |
| | महोत्तरी | - | - | २ | २ |
| | सर्लाही | १ | १ | ३ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिन्धुली | २ | - | - | २ |
| | दोलखा | - | १ | - | १ |
| | रौतहट | ३ | ४ | २ | ९ |
| | वारा | - | - | १ | १ |
| | पर्सा | ३ | ५ | ७ | १५ |
| | मकवानपुर | ६ | १ | १ | ८ |
| | चितवन | ३ | ३ | ४ | १० |
| | काभ्रे | - | ४ | - | ४ |
| | नुवाकोट | ७ | १० | ५ | २२ |
| | धादिङ | १ | २ | १ | ४ |
| | सिन्धुपाल्चोक | २ | २ | ७ | ११ |
| | काठमाडौं | २० | १९ | २९ | ६८ |
| | ललितपुर | २ | ३ | २ | ७ |
| | भक्तपुर | २ | - | ३ | ५ |
| | गोरखा | १ | १ | १ | ३ |
| | लमजुङ | - | २ | १ | ३ |
| | कास्की | २ | ५ | १५ | २२ |
| | तनहुँ | २ | - | १ | ३ |
| | बाग्लुङ | - | - | १ | १ |
| | पर्वत | - | १ | १ | २ |
| | रूपन्देही | ४ | ११ | ६ | २१ |
| | नवलपरासी | ४ | ३ | ३ | १० |
| | कपिलवस्तु | २ | २ | ५ | ११ |
| | अर्घाखाँची | १ | - | १ | २ |
| | पाल्पा | १ | - | १ | २ |
| | गुल्मी | - | १ | १ | १ |
| | जाजरकोट | - | २ | १ | ३ |
| | बाँके | ५ | ११ | १५ | ३१ |
| | सुर्खेत | २ | ३ | २ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बर्दिया | ३ | २ | २ | ७ |
| | रूकुम | १ | १ | - | २ |
| | सल्यान | - | १ | १ | २ |
| | रोल्पा | १ | - | - | १ |
| | दाङ | १ | - | - | १ |
| | बझाङ | १ | - | - | १ |
| | डोटी | २ | - | - | २ |
| | कैलाली | ३ | ३ | ९ | १५ |
| | दार्चुला | - | - | १ | १ |
| | बैतडी | - | १ | १ | २ |
| | कञ्चनपुर | १ | ३ | २ | ६ |
| | | ११८ | १४४ | १८५ | ४४७ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

६९. प्रस्तुत तालिका ३.३.३ विश्लेषण गर्दा आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ को तीन वर्षको अवधिमा प्रहरी कार्यालयहरूमा मुद्दा दर्ता भएको आधारमा निम्न १० जिल्लाहरू मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले बढी जोखिममा रहेको देखिन्छ। त्यस मध्ये पनि क्रमशः काठमाडौं, झापा, मोरङ, बाँके, कास्की र नुवाकोट बढी संवेदनशील जिल्लाका रूपमा रहेको कुरा चित्र ३.३.४ बाट स्पष्ट हुन्छ।

## चित्र ३.३.४




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

७०. आ.व. २०७०/७१ मा दर्ता भएको कुल मुद्दा संख्या १८५ मा जम्मा ३७० व्यक्तिलाई प्रतिवादी बनाइएकोमा पुरूष प्रतिवादीको संख्या २५४, महिला प्रतिवादीको संख्या ११४ र बालबालिका प्रतिवादीको संख्या २ रहेको देखिन्छ । यसप्रकार कुल ३७० प्रतिवादीहरू मध्ये पुरूष ६८.६ प्रतिशत र महिला ३०.८ प्रतिशत रहेको देखिएकोले बेचबिखन तथा ओसारपसारको धन्दामा पुरूषको साथै महिलाको संलग्नतालाई समेत गम्भीर विषयको रूपमा लिनु पर्ने देखिन्छ । विकास क्षेत्रगत रूपमा विश्लेषण गर्दा प्रतिवादीहरू सबैभन्दा बढी पूर्वाञ्चलमा ३५.४ प्रतिशत, त्यसपछि मध्यमाञ्चलमा ३१.४, पश्चिमाञ्चलमा १७.०, मध्य-पश्चिमाञ्चलमा १०.० र सुदूर-पश्चिमाञ्चलमा ६.२ प्रतिशत रहेको देखिन्छ । माथि तालिका ३.३.३ मा दर्शाइएको विकास क्षेत्रगत बेचबिखन तथा ओसारपसारका मुद्दा दर्ता विवरण अनुसार सबैभन्दा बढी मुद्दा मध्यमाञ्चल विकास क्षेत्रमा दर्ता भएको देखिएता पनि प्रतिवादीहरूको संख्या भने पूर्वाञ्चल विकास क्षेत्रमा अधिक रहेको पाइन्छ । यस सम्बन्धी विवरण तालिका ३.३.४ मा दर्शाइएको छ ।

**तालिका ३.३.४**

**दर्ता भएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा दर्ता र प्रतिवादीहरूको संख्या**
(आ.व. २०७०/७१)

| क्र.सं. | क्षेत्र | मुद्दा दर्ता संख्या | प्रतिवादी संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | बालबालिका | पुरूष | जम्मा |
| १ | पूर्वाञ्चल | ४८ | ४९ | | ८२ | १३१ |
| २ | मध्यमाञ्चल (उपत्यका बाहेक) | ६७ | ११ | | ५५ | ६६ |
| | उपत्यका | | १५ | | ३५ | ५० |
| ३ | पश्चिमाञ्चल | ३६ | १७ | | ४५ | ६२ |
| ४ | मध्य पश्चिमाञ्चल | २१ | १२ | १ | २४ | ३७ |
| ५ | सुदुर पश्चिमाञ्चल | १३ | १० | १ | १३ | २३ |
| | जम्मा | १८५ | ११४ | २ | २५४ | ३७० |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१*

## रणनीति ३.५ कानून कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उत्तरदायित्वको विकास

७१. मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा कानूनी कारवाहीलाई सशक्त तुल्याउन प्रहरी, सरकारी वकील तथा अदालत तहमा विभिन्न प्रयासहरू भएका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त विवरण अनुसार आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म तीन वर्षको अवधिमा नेपाल प्रहरीबाट अनुसन्धान भई विभिन्न तहका अदालतहरूमा महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत सरकारी वकीलको कार्यालयबाट दायर भएका मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूको विवरण तालिका ३.३.५ मा प्रस्तुत गरिएको छ । जस अनुसार महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत पुनरावेदन सरकारी वकील

कार्यालय एवं जिल्ला सरकारी वकील कार्यालयबाट आ.व. २०७०/७१ मा विभिन्न तहका अदालतहरूमा अभियोजन गरिएका मुद्दाहरूको कुल लगत ५१८ रहेको देखिन्छ। त्यस मध्ये कसुर कायम भएको ७९, सफाई पाएको ८९ गरी जम्मा १६८ मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ भने ३५० मुद्दाहरू विभिन्न तहका अदालतहरूमा विचाराधीन अवस्थामा रहेको पाइन्छ। यस प्रकार विभिन्न अदालतहरूबाट यस वर्ष कुल मुद्दा संख्यामा ६७.५७ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको र ती मुद्दाहरू मध्ये १५.२५ प्रतिशत मुद्दाहरूमा मात्र कसुर कायम भएको पाइन्छ भने बाँकी मुद्दाहरूमा सफाई पाएको देखिन्छ।

**तालिका ३.३.५**

**महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत सरकारी वकीलको कार्यालयहरूबाट दायर भएका मुद्दाहरूको विवरण**

(आ. व. २०६८/२०६९- आ.व. २०७०/७१)

| महान्यायाधिवक्ताको कार्यालय | | | | | | |
|---|---|---|---|---|---|---|
| आ.व. | लगत | कसुर कायम | सफाई | अन्य | जम्मा | बाँकी |
| २०६८/२०६९ | ५९ | ४ | ३ | - | ७ | ५२ |
| २०६९/२०७० | ७८ | ४ | ८ | - | १२ | ६६ |
| २०७०/२०७१ | ११९ | ० | २ | - | २ | ११७ |
| **पुनरावेदन सरकारी वकीलको कार्यालय** | | | | | | |
| २०६८/२०६९ | १८८ | ४४ | ५२ | १ | ९७ | ९१ |
| २०६९/२०७० | २०८ | ४८ | ५८ | २ | १०८ | १०० |
| २०७०/२०७१ | २३१ | ३२ | ४८ | ० | ८० | १५१ |
| **जिल्ला सरकारी वकीलको कार्यालय** | | | | | | |
| २०६८/२०६९ | २८८ | ८७ | ५७ | २ | १४६ | १४२ |
| २०६९/२०७० | ३४१ | ५८ | ५६ | १ | ११५ | २२६ |
| २०७०/२०७१ | १६८ | ४७ | ३९ | ० | ८६ | ८२ |

*स्रोत : महान्यायाधिवक्ताको कार्यालय, २०७१*

७२. आ. व. २०६८/२०६९, देखि आ.व. २०७०/७१ सम्म तीन वर्षको अवधिमा महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकीलको कार्यालय तथा जिल्ला सरकारी वकीलको कार्यालयबाट अभियोजन गरिएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूको तुलनात्मक विवरण निम्न तालिकाहरूमा प्रस्तुत गरिएको छ। तालिका ३.३.६ अनुसार उक्त अवधिमा सर्वोच्च अदालत तहमा दायर भएका मुद्दाहरूको लगत आ.व. २०६८/२०६९ को तुलनामा आ.व. २०६९/७० मा ३२.२० प्रतिशत र आ.व. २०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा ५२.५६ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसैगरी आ.व. २०६८/२०६९ मा ११.६८ प्रतिशत मुद्दा फछ्र्यौट भएको थियो भने ८८.१४ प्रतिशत मुद्दाहरू बाँकी रहेको देखिन्छ। फछ्र्यौट भएको मुद्दा मध्ये ५७.१४ प्रतिशत मुद्दामा कसुर कायम भएको पाइन्छ भने

४२.८६ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ। यसैगरी आ.व. २०६९/७० मा १५.४० प्रतिशत फछ्र्यौट भई ८४.६० प्रतिशत मुद्दाहरू बाँकी रहेको देखिन्छ। फछ्र्यौट भएका मध्ये ३३.३३ प्रतिशत मुद्दामा मात्र कसुर कायम भएको देखिन्छ भने ६६.६६ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ। आ.व. २०७०/७१ मा यो संख्या अझ घटेको देखिन्छ। यसप्रकार दायर भएका मध्ये १.६८ प्रतिशत मुद्दा मात्र फछ्र्यौट भई ९८.३२ प्रतिशत मुद्दा बाँकी रहेको एवं फछ्र्यौट भएका मध्ये पनि सतप्रतिशतले सफाई पाएको देखिन्छ।

## तालिका ३.३.६

### सर्वोच्च तह

| आ.व. | लगत | फछ्र्यौट | | कसुर कायम | | सफाई | | अन्य | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| २०६८/६९ | ५९ | ७ | ११.८६ | ४ | ५७.१४ | ३ | ४२.८६ | ० | ५२ | ८८.१४ |
| २०६९/७० | ७८ | १२ | १५.४० | ४ | ३३.३३ | ८ | ६६.६६ | ० | ६६ | ८४.६० |
| २०७०/७१ | ११९ | २ | १.६८ | ० | ० | २ | १०० | ० | ११७ | ९८.३२ |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा, २०७१।*

७३. तालिका ३.३.७ अनुसार आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म तीन वर्षको अवधिमा पुनरावेदन तहमा दायर भएका मुद्दाहरूको लगत आ.व. २०६८/२०६९ को तुलनामा आ.व. २०६९/७० मा १०.६४ प्रतिशत र आ.व. २०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा ११.०६ प्रतिशतले वृद्धि भएको देखिन्छ। आ.व. २०६८/२०६९ मा ५१.६० प्रतिशत मुद्दा फछ्र्यौट भई ४८.४० प्रतिशत मुद्दा बाँकी रहेको देखिन्छ। सो फछ्र्यौट भएका मुद्दाहरू मध्ये ४५.४० प्रतिशत मुद्दामा कसुर कायम भएको पाइन्छ भने ५३.६० प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ। आ.व. २०६९/७० मा ५१.९२ प्रतिशत मुद्दा फछ्र्यौट भई ४८.१० प्रतिशत मुद्दाहरू बाँकी रहेको एवं फछ्र्यौट भएका मध्ये ४४.४४ प्रतिशत मुद्दामा कसुर कायम भई ५३.७० प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ। यसैगरी आ.व. २०७०/७१ मा ३४.६३ प्रतिशत मुद्दा फछ्र्यौट भई ६५.३७ प्रतिशत मुद्दा बाँकी रहेको देखिन्छ। साथै फछ्र्यौट भएका मध्ये ४० प्रतिशत मुद्दामा कसुर कायम भई ६० प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ।

## तालिका ३.३.७

### पुनरावेदन तह

| आ.व. | लगत | फछ्र्यौट | | कसुर कायम | | सफाई | | अन्य | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| २०६८/६९ | १८८ | ९७ | ५१.६० | ४४ | ४५.४० | ५२ | ५३.६० | १ | ९१ | ४८.४० |
| २०६९/७० | २०८ | १०८ | ५१.९२ | ४८ | ४४.४४ | ५८ | ५३.७० | २ | १०० | ४८.१० |
| २०७०/७१ | २३१ | ८० | ३४.६३ | ३२ | ४०.०० | ४८ | ६०.०० | ० | १५१ | ६५.३७ |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा, २०७१।*

७४. तालिका ३.३.८ अनुसार आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म तीन वर्षको अवधिमा जिल्ला तहमा दायर भएका मुद्दाहरूको लगत आ.व.२०६८/२०६९ को तुलनामा आ.व. २०६९/७० मा १८.४ प्रतिशत एवं आ.व.२०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा ५०.७३ प्रतिशतले घटेको देखिन्छ । आ. व. २०६८/२०६९ मा ५०.७० प्रतिशत मुद्दा फछ्र्यौट भई ४९.३० प्रतिशत मुद्दा बाँकी रहेको पाइन्छ । फछ्र्यौट भएका मध्ये ५९.५९ प्रतिशत मुद्दामा कसुर कायम भएको पाइन्छ भने ३९.०४ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ । यसैगरी आ.व. २०६९/७० मा ३३.७२ प्रतिशत मुद्दा मात्र फछ्यौंट भई ६६.२८ प्रतिशत मुद्दाहरू बाँकी रहेको देखिन्छ । फछ्र्यौट मुद्दाहरू मध्ये ५०.४३ प्रतिशत मुद्दामा कसुर कायम भई ४८.७० प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ । आ.व. २०७०/७१ मा ५१.१९ प्रतिशत मुद्दा फछ्र्यौट भई ४८.८१ प्रतिशत मुद्दा बाँकी रहेको देखिन्छ । फछ्र्यौट भएका मध्ये ५४.६५ प्रतिशत मुद्दामा कसुर कायम भई ४५.३५ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ ।

**तालिका ३.३.८**

**जिल्ला तह**

| आ.व. | लगत | फछ्र्यौट | | कसुर कायम | | सफाई | | अन्य | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| २०६८/६९ | २८८ | १४६ | ५०.७० | ८७ | ५९.५९ | ५७ | ३९.०४ | २ | १४२ | ४९.३० |
| २०६९/७० | ३४१ | ११५ | ३३.७२ | ५८ | ५०.४३ | ५६ | ४८.७० | १ | २२६ | ६६.२८ |
| २०७०/७१ | १६८ | ८६ | ५१.१९ | ४७ | ५४.६५ | ३९ | ४५.३५ | ० | ८२ | ४८.८१ |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा, २०७१ ।*

७५. तालिका ३.३.९ अनुसार आ.व. २०७०/७१ मा सर्वोच्च अदालत र सबै पुनरावेदन अदालत तथा जिल्ला अदालतहरूमा दायर भई चालु अवस्थामा रहेका सबै किसिमका मुद्दाहरूको कुल संख्या १,५८,६९९ रहेकोमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूको कुल संख्या भने १,००७ (०.६३%) मात्र रहेको देखिन्छ । यसप्रकार मानव बेचबिखन तथा ओसारपसारलाई सरकारवादी फौजदारी मुद्दाको रूपमा लिइएकोमा विभिन्न तहका अदालतमा दायर हुने अन्य मुद्दाहरूको अनुपातमा यो प्रकृतिको मुद्दा निकै कम रहेको पाइन्छ । साथै फछ्र्यौट भएका मुद्दाहरूमा पनि सफाई पाउनेहरूको प्रतिशत धेरै रहेको देखिन्छ । विशेष गरी पुनरावेदन तहमा सफाई पाएका मुद्दाहरूको प्रतिशत अधिक रहेको पाइन्छ ।

### तालिका ३.३.९

**विभिन्न तहका अदालतहरूमा चालु रहेका मानव बेचबिखन तथा ओसारपसार र अन्य मुद्दाहरूको अनुपात**

(आ.व. २०७०/७१)

| क्र.स. | अदालत | अदालतमा रहेका कुल मुद्दा संख्या | मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि मुद्दा | कुल मुद्दाको अनुपातमा मानव बेचबिखन मुद्दाको प्रतिशत |
|---|---|---|---|---|
| १ | सर्वोच्च अदालत | २०,३५३ | २१५ | १.०६% |
| २ | पुनरावेदन अदालत | २८,९९७ | २०६ | ०.७१% |
| ३ | जिल्ला अदालत | १,०९,३४९ | ५८६ | ०.५४% |
| | जम्मा | १,५८,६९९ | १००७ | ०.६३% |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा, २०७१ ।*

७६. तालिका ३.३.१० अनुसार आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्म तीन वर्ष अवधिमा अघिल्ला आर्थिक वर्षहरूको तुलनामा आ.व. २०७०/७१ मा अदालतमा दायर भएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरू सर्वोच्च अदालत तहमा केही प्रतिशतले बढेको देखिन्छ भने पुनरावेदन अदालत तहमा घटेको देखिन्छ। जिल्ला अदालत तहमा आ.व. २०६९/२०७० मा ९.९ प्रतिशतले घटेको देखिएता पनि आ.व. २०७०/२०७१ मा ४१.६ प्रतिशतले बढेको पाइन्छ।

### तालिका ३.३.१०

**विभिन्न तहका अदालतमा रहेका मावन बेचबिखन तथा ओसारपसार सम्बन्धि मुद्दाहरूको तुलनात्मक विवरण**

| क्र.स. | आ.व. | सर्वोच्च अदालत | | पुनरावेदन अदालत (१६) | | जिल्ला अदालत (७५) | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मुद्दा संख्या | वृद्धि प्रतिशत | मुद्दा संख्या | वृद्धि प्रतिशत | मुद्दा संख्या | वृद्धि प्रतिशत | मुद्दा संख्या | वृद्धि प्रतिशत |
| १ | २०६८/२०६९ | १५८ | - | २६९ | - | ३२९ | - | ७४८ | - |
| २ | २०६९/२०७० | १९७ | २४.७ | २२२ | (१७.५) | २१२ | ३४.० | ७११ | (९.९) |
| ३ | २०७०/२०७१ | २१५ | ९.१ | २०६ | (७.२) | ५८६ | १७६.४ | १००७ | ४१.६ |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा, २०७१*

## ३.४ क्षमता विकास

मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्राथमिकता क्षेत्र ४ क्षमता विकासका लागि मानव बेचबिखन तथा ओसारपसार विरूद्ध स्थापित राज्य संयन्त्र, गैरसरकारी संस्था तथा नागरिक समाज लगायत सेवा प्रदायकहरू एवं सञ्जालहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका रणनीति तथा कार्यक्रमहरूका सम्बन्धमा देहाय अनुसार क्रियाकलापहरू सञ्चालन गरिएका छन्।

**रणनीति ४.१ : महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालयहरू, केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बाल कल्याण समितिहरूको क्षमता अभिबृद्धि गर्ने ।**

७७. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयको संरचनालाई संस्थागत गरी सुदृढीकरण गर्ने क्रममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्य गर्न "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा" को स्थापना गरी उपसचिव सहित अन्य अधिकृत तथा कर्मचारीहरूको ब्यबस्था गरिएको छ ।

७८. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट मानव बेचबिखन तथा ओसारपसार एवं लैंङ्गिक हिंसा नियन्त्रण सम्बन्धमा नेपाल सरकारले तयार गरेका राष्ट्रिय कार्ययोजना तथा कार्यान्वयन योजनालाई स्थानीयस्तर सम्म पुऱ्याई सम्बन्धित निकायहरूका कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्न विभिन्न तालिम, गोष्ठी एवं अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन भईरहेको छ । यसै क्रममा मन्त्रालयबाट आ.व. २०७०/७१ मा ४३ जिल्लाका महिला विकास अधिकृतहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा दुई दिने प्रशिक्षण कार्यक्रम आयोजना भएकोछ । उक्त कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीतिगत दस्तावेजका साथै राष्ट्रिय कार्ययोजना, २०६८ तथा कार्यान्वयन योजना, २०७१ को बारे अनुशिक्षण प्रदान गरिएकोछ ।

**रणनीति ४.२ : मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय समिति तथा जिल्ला समितिहरूको क्षमता अभिबद्धि ।**

७९. राष्ट्रिय समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका पदाधिकारीहरू तथा बेचबिखन नियन्त्रण शाखाका कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि मन्त्रालयले अभिमुखीकरण लगायत विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । यसै सिलसिलामा आ.व. २०७०/७१ मा राष्ट्रिय समितिका पदाधिकारीहरू एवं मन्त्रालयका अधिकृत समेत ६ जनालाई दि एसिया फाउण्डेसनको सहयोगमा मंगोलियामा अध्ययन भ्रमणको लागि पठाइएको थियो ।

८०. जिल्ला समितिलाई अभिमुखीकरण : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिका पदाधिकारीहरूको क्षमता अभिबृद्धिका लागि समय समयमा अभिमुखीकरण गर्ने गरिएको छ । यसै सिलसिलामा मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिका पदाधिकारीहरूले सिन्धुपाल्चोक, रामेछाप, दोलखा, काठमाडौं, मकवानपुर, पर्सा, मुस्ताङ्ग र म्याग्दी जिल्लाहरूमा भ्रमण गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिका सदस्यहरूसंग राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा अन्तरक्रिया गर्ने कार्य सम्पन्न गरेका थिए । उक्त अन्तरक्रिया कार्यक्रमहरूमा विभिन्न जिल्ला समितिका ३१५ जना सदस्यहरूको सहभागिता थियो ।

८१. स्थानीय समितिहरूको गठन, पुनर्गठन र अभिमूखीकरण : स्थानीयस्तरमा गाउँ समिति गठन गर्नुका साथै ती समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गरी क्रियाशील बनाउनका लागि अभिमूखिकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । हाल सम्म विभिन्न जिल्लाका गा.वि.सहरूमा १३६ वटा भन्दा बढी गाउँ समिति गठन भइसकेका छन् । ती समितिहरूले मानव बेचबिखन नियन्त्रणको

लागि स्थानीयस्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, प्रभावितहरूलाई अत्यावश्यक सहयोग प्रदान गर्न सहजिकरण गर्ने र मानव बेचबिखन तथा ओसारपसार विरूद्ध तथा सुरक्षित बसाईंसराईं बारे निगरानी राख्ने कार्य गर्दै आइरहेका छन् ।

## रणनीति ४.३ : कानून कार्यान्वयन गर्ने निकायहरूमा कार्यरत अधिकारीहरूको क्षमता अभिबृद्धि ।

८२. नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक सवालहरूलाई गम्भीर अपराधका रूपमा लिई सकल दर्जाका प्रहरी कर्मचारीहरूका लागि प्रदान गरिने आधारभूत तालिमको पाठ्यक्रममा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विषयवस्तु समावेश गरी प्रशिक्षण प्रदान गर्ने गरेकोछ । प्रहरी कर्मचारीहरूलाई यस विषयमा विशेष ज्ञान र सीप प्रदान गर्न प्रहरी जवानदेखि उच्च दर्जाका अधिकृतहरूको लागि अपराध अनुसन्धान, महिला तथा बालबालिका विरूद्धको अपराध, मनोविमर्श, सीप लगायतका विषयमा अनुशिक्षण एवं तालिमहरू प्रदान गरिएकोछ । यसका अतिरिक्त विभिन्न संघ संस्थाहरूबाट प्रदान गरिने तालिम र विदेशमा सञ्चालित तालिमहरूमा समेत प्रहरी कर्मचारीहरूको सहभागिता रहने गरेको छ । यस आर्थिक वर्षमा प्रशिक्षण प्राप्त प्रहरी कर्मचारीहरू (प्रहरी जवान, प्रहरी हवल्दार, जुनियर प्रहरी अधिकृत र सिनियर प्रहरी अधिकृतहरू) को संख्यात्मक विवरण तालिका ३.४.१ मा प्रस्तुत गरिएको छ । जस अनुसार आधारभूत (Basic) तालिम पाउनेहरूको संख्या ७,७१०, उन्नत (Advance) तालिम पाउनेहरूको संख्या १,४५७ र अन्य प्रकारका तालिम पाउनेको संख्या २९ रहेकोछ ।

८३. राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालले मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ प्रयोग सम्बन्धी विषयमा तालिम प्रदान गरिएको छ । उक्त तालिम सिन्धुपाल्चोक, ललितपुर, हेटौडा र मकवानपुर जिल्ला न्यायाधीश, अदालतका अधिकृतहरू, सरकारी वकील, कानूनी व्यवसायीहरू (३७ महिला र ९७ पुरूष) लाई दिइएको थियो । हेटौडा, मकवानपुर र काठमाडौंमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको कारवाही प्रकृति र विशेषताः हाम्रो बुझाई र अपेक्षाहरू सम्बन्धी नागरिक समाज (३७ महिला र ३८ पुरूष) लाई अन्तरसम्वाद कार्यक्रम संचलन भयो ।

**तालिका ३.४.१**

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी तालिम पाउने प्रहरी कर्मचारीको विवरण**
(आ.व. २०७०/७१)

| क्र.स | तालिमको नाम | दर्जागत विवरण | | | जम्मा |
|---|---|---|---|---|---|
| | | प्रज/प्रह | जुप्रअ | सिप्रअ | |
| १ | आधारभूत तालिम | ७,६५४ | - | ५६ | ७,७१० |
| २ | उन्नत तालिम | १,१०८ | २३९ | ११० | १,४५७ |
| ३ | अन्य | - | २५ | ४ | २९ |

*स्रोत :*

८४. यसैगरी महान्यायाधिवक्ताको कार्यालयद्वारा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा क्षमता विकासको लागि आ.व. २०७०/७१ मा धुलिखेल, विराटनगर, हेटौडा, नेपालगंज र काठमाडौं गरी पाँच स्थानमा जिल्ला न्यायाधीश, रजिस्ट्रार, जिल्ला न्यायधिवक्ता, सहायक जिल्ला न्यायधिवक्ता, स्रेस्तेदार, इजलाश अधिकृत, कानून व्यवसायीहरू (अधिवक्ता) एवं अन्य सरोकारवालाहरूलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन र अदालती कारवाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ को प्रयोग सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा महिला १३ जना र पुरूष १२८ गरी जम्मा १४१ जना सहभागी थिए ।

**रणनीति ४.४ मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध केन्द्र, जिल्ला, न.पा, गा.वि.स तथा समुदाय स्तरमा कार्यरत सरकारी निकाय, गै.स.स., युवा तथा बाल क्लब लगायत विभिन्न सरोकारवाला संस्थाहरूको क्षमता अभिबृद्धि ।**

८५. महिला तथा बालबालिका विभाग मातहत जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयहरूबाट सञ्चालित महिला विकास कार्यक्रम मार्फत महिला समूहमा आवद्ध ग्रामिण महिलाहरूलाई मानव बेचबिखन तथा ओसारपसार बारे जानकारी गराई उनीहरूको क्षमता अभिबृद्धि गर्नुका साथै ग्रामिण परिवेशमा मानव बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनीकरण गर्ने अभियानलाई निरन्तरता दिइएको छ । आ.व. २०७०।०७१ मा महिला तथा बालबालिका कार्यालयहरूबाट प्रवर्द्धित महिला समूहहरूमा आवद्ध नयाँ महिला सदस्यहरूलाई अनुशिक्षण दिने क्रममा सञ्चालित गा.वि.स. स्तरीय तीन दिने तालिम कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषय समेत समावेश गरिएको थियो । सो कार्यक्रममा ६१५५६ जना महिला सदस्यहरूको सहभागिता थियो ।

८६. यसरी नै महिला समूहहरूमा आवद्ध भएका महिलाहरूलाई प्रदान गरेको सात दिने आधारभूत कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एवं लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषयमा केन्द्रित गरी सत्रहरू सञ्चालन गरियो । सो कार्यक्रममा ५९७७ जना महिला सदस्यहरूको सहभागिता रहेको थियो ।

८७. विभिन्न जिल्लाहरूमा महिला समूहहरूमा आवद्ध भएका महिलाहरूलाई लक्षित गरी महिला तथा बालबालिका कार्यालयहरूले प्रदान गरेको जिल्लास्तरीय पाँच दिने नेतृत्व विकास तालिम कार्यक्रममा पनि मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धमा जानकारी गराउने उद्देश्यले विशेष सत्रहरू सञ्चालन गरी अभिमूखीकरण गरियो । सो तालिम कार्यक्रममा २२४८ जना महिलाहरू सहभागी थिए ।

८८. विभिन्न जिल्लाहरूमा महिला तथा पुरूषहरूलाई लैगिंकता, लैगिंक हिंसा जस्ता विषयहरूमा ५५९३ जना महिला तथा पुरूषलाई समविकास तालिम सम्पन्न भयो ।

**रणनीति ४.५ मानव बेचबिखन तथा ओसारपसारमा आन्तरिक तथा बाह्य घटनाहरूलाई सम्बोधन गर्न तथा बालबालिका सेवा केन्द्रहरूलाई अधिकार सम्पन्न विशेष प्रहरी इकाईका रूपमा विकास ।**

८९. नेपाल प्रहरी अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रलाई महिला तथा बालबालिकाहरूको सवालमा विशेषज्ञता प्राप्त इकाईको रूपमा विकास गर्ने नेपाल सरकारको नीति अनुरूप प्रहरी प्रधान कार्यालय,

अपराध अनुसन्धान विभाग अन्तर्गत महिला तथा बालबालिका सेवा निर्देशनालयको स्थापना भएको छ । यसका अतिरिक्त क्षेत्रीय, उप-क्षेत्रीय, महानगरीय, जिल्ला तथा इलाका तहसम्म गरी २४० वटा प्रहरी इकाईहरूमा महिला तथा बालबालिका सेवा केन्द्र विस्तार भएका छन् । ती इकाईहरूमा हालसम्म १,३४४ जना महिला प्रहरीको दरवन्दी कायम भएको छ । महिला तथा बालबालिका सेवा केन्द्रहरूमा कायम भएको दरवन्दीमा ६० प्रतिशत महिला प्रहरी अधिकृत तथा जवानहरू कार्यरत छन् ।

९०. महिला तथा बालबालिका सेवा केन्द्रबाट दिइने सेवाहरूलाई बढी प्रभावकारी बनाउने हेतुले २४ जिल्लाहरूमा जिल्ला प्रहरी कार्यालय मातहतमा केन्द्रका लागि छुट्टै भवनको निर्माण गरिएको छ भने थप १५ जिल्लाहरूमा निर्माण हुने क्रममा रहेको छ ।

**रणनीति ४.६ कुटनीतिक नियोगहरू तथा श्रम सहचारीहरूको क्षमता अभिबृद्धि ।**

९१. भारतको कोलकाता स्थित नेपाली महावाणिज्य दूतावास र अन्य मूलक स्थित नेपाली दूतावासका कर्मचारीहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एवं बैदेशिक रोजगार सम्बन्धी समय समयमा अभिमुखीकरण गर्ने गरिएको छ ।

## ३.५ समन्वय, सहयोग र सहकार्य

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्राथमिकता क्षेत्र ५ समन्वय, सहयोग र सहकार्यमा बढावा दिने उद्देश्य प्राप्तीका लागि निर्धारण गरिएका रणनीति तथा कार्यक्रमहरू अन्तर्गत सञ्चालित क्रियाकलापहरूको विवरण देहाय अनुसार छ ।

**रणनीति : ५.१: मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि राष्ट्रिय स्तरका सरोकारवाला सरकारी, गैरसरकारी, निजीक्षेत्र तथा विकास साझेदारहरू बीच प्रभावकारीरूपमा समन्वय, सहयोग तथा सहकार्य गर्ने ।**

९२. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय समिति, सबै सरोकारवालाहरू तथा विकास साझेदारहरू बीच समन्वय, सहयोग र सहकार्य : मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय समिति र सबै सरोकारवालाहरू तथा विकास साझेदारहरू बीच मानव बेचबिखन तथा ओसारपसार विरूद्धको कार्यक्रममा समन्वय, सहयोग र सहकार्य गर्न राष्ट्रिय समिति तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजनमा समय समयमा समन्वय बैठकहरू गर्ने गरिएको छ । यो वर्षमा राष्ट्रिय समितिको बैठक ७ पटक बसेको छ । साथै राष्ट्रिय समिति अर्न्तगत रहेका उपसमितिको बैठक ६ पटक बसेको छ ।

९३. राष्ट्रिय समिति र जिल्ला समिति बीच समन्वय तथा सहकार्य : मानव बेचबिखन तथा ओसारपसार विरूद्धका कार्यक्रमहरूलाई जिल्ला तहसम्म प्रभावकारी रूपमा सञ्चालन गर्न गराउनका लागि राष्ट्रिय

समिति र जिल्ला समिति बीच निरन्तर समन्वय गर्ने गरिएको छ । यसै सिलसिलामा बेचबिखन विरूद्ध रणनीतिक कार्ययोजना तयार गर्ने, गा.वि.स. तहमा कार्यक्रम विस्तार गर्ने तथा अनुभव आदान प्रदान गर्ने कार्यका लागि दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काठमाडौं, मुस्ताङ्ग, म्याग्दी, बाँके र कैलाली जिल्लाहरूमा राष्ट्रिय समिति र जिल्ला समिति बीच संयुक्त बैठक बसेको थियो । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका अध्यक्ष तथा सदस्य सचिवको अध्यक्षतामा सम्पन्न भएका उक्त बैठकहरूमा जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका प्रयासहरूको प्रगति समीक्षा गर्नुका साथै आइपर्ने समस्या तथा चुनौतीहरूको विश्लेषण गरी भविष्यमा बेचबिखन विरूद्धको कार्यक्रमलाई समन्वयात्मक रूपमा अघि बढाउने निर्णय भएको थियो ।

९४. जिल्ला समिति, गाउँ समिति र विभिन्न गैर सरकारी संघ संस्थाहरू बीच समन्वय : जिल्ला तथा गाउँ स्तर सम्म मानव बेचबिखन तथा ओसारपसार र लैंङ्गिक हिंसा विरूद्धको कार्यक्रमलाई राष्ट्रिय कार्ययोजना अनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्न मानव बेचबिखन विरूद्धको जिल्ला समिति, लैंङ्गिक हिंसा अन्त्य तथा लैंङ्गिक सशक्तिकरण जिल्ला संयोजन समिति, गाउँ समितिहरू, गैर सरकारी संघ संस्था तथा अन्य सरोकारवालाहरू बीच आवश्यकता अनुरूप छलफल तथा समन्वय गर्ने गरिएको छ ।

९५. मानव बेचबिखन तथा ओसारपसार विरूद्धको अभियानलाई स्थानीयस्तरसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको संयोजनमा यस क्षेत्रमा कार्यरत विभिन्न २५ वटा गैर सरकारी संस्थाका ३५ जना प्रतिनिधिहरूसंग समन्वय र सहकार्य विस्तारका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

९६. ओरक नेपाल संगको सहकार्यमा मानव बेचबिखन दिवसको अवसरमा मानव बेचबिखन तथा बेदैशिक रोजगार बिचको अन्तर्सम्बन्ध सम्बन्धी गोष्ठी सम्पन्न भयो ।

९७. महिला बालबालिका समाजकल्याण मन्त्रालय, शक्ति समूह तथा महिला बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह (एटवीन) नेपालको सहकार्यमा बेचबिखनबाट प्रभावित महिलाहरूको तेस्रो राष्ट्रिय भेला २०७० जेठ २१ र २२ गते सम्पन्न भएको थियो । सो भेलामा २७० भन्दा बढीको सहभागिता रहेको थियो र देहायको १० बुँदे घोषाणापत्र पारित भएको थियो ।

## मानव बेचबिखनबाट प्रभावित महिलाहरूको ललितपुरमा २०७१ ज्येष्ठ २१ र २२ गते सम्पन्न भएको तेस्रो राष्ट्रिय भेलाका अवसरमा जारी भएको

## घोषणा-पत्र

१. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू मानव अधिकारको हनन् एवम् मानवता विरूद्धको गम्भीर अपराध भएकोले त्यसको अन्त्य गर्ने वातावरण बनाउन राज्य एवम् सबै पक्षको सक्रिय भूमिका आवश्यक छ ।

२. समुन्नत समाजको बाधकको रूपमा रहेको महिलाहरूको मानव अधिकार हनन् लगायत महिला विरूद्ध हुने सबैखाले विभेद र हिंसा अन्त्यका लागि विद्यमान विभेदकारी कानूनहरू खारेज हुनुका साथै लैङ्गिक समानताकालागि निर्माण भएका प्रावधानहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुनु पर्दछ ।

३. मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिलाहरूप्रति दैनिक जीवनमा हीनता बोध हुने गरी शब्दहरू प्रयोग गरिदिंदा र मिडियाले प्रभावितहरूको अनुमति बिना घटनाभन्दा व्यक्तिगत विवरण ल्याइदिँदा थप पीडा र मानसिक यातना हुने गरेकोले राज्यका सबै संयन्त्र, नागरिक समाज र मिडियाले संवेदनशील भई मानव अधिकारमूखी शब्द प्रयोग गर्नु पर्दछ ।

४. मानव बेचबिखन तथा ओसारपसारका आयामहरूमा परिवर्तन आएको र वैदेशिक रोजगारका नाममा हुने बेचबिखन लगायत महिला उपर हुने जघन्य अपराधका घटनाहरूलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु पनि अत्यन्त आवश्यक छ । नेपाल सरकारले अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी अनुमोदन गरी सकेको सन्दर्भमा मानव बेचबिखनविरूद्धको इच्छाधिन आलेख (पार्लेमो प्रोटोकल) अनुमोदन गर्नुका साथै वेश्यावृत्तिका लागि हुने बेचबिखन विरूद्धको सार्क महासन्धिलाई समयानुकुल पुनरावलोकन गरी त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नुपर्ने खाँचो छ । निकट भविष्यमा काठमाडौंमा आयोजना हुने सार्क शिखर सम्मेलनमा वैदेशिक रोजगार र यससंग जोडिएका विभिन्न आयामहरूका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने विषयले पनि प्राथमिकता पाउनु पर्दछ ।

५. बेचबिखनबाट प्रभावित महिलाहरूको शारीरिक र मानसिक स्वास्थ्य समस्या बढी देखिएकोले सर्वशुलभ रूपमा स्वास्थ्य उपचार, मनोसामाजिक सेवाको सुनिश्चितता हुनु पर्दछ । स्वास्थ्यकर्मीहरूबाट प्रभावितप्रति गरिने व्यवहार मैत्रीपूर्ण हुनु पर्दछ ।

६. प्रभावितहरूको न्यायमा पहुँच बढाउनका लागि कानून कार्यान्वयन गर्ने निकायहरूमा प्रभावित मैत्री वातावरण निर्माण गर्नुका साथै अनुसन्धान अभियोजनका प्रक्रियाहरूमा सुधार गरी कानूनी सचेतनाका अभियान सञ्चालन गर्न जरूरी छ । न्यायका लागि साक्षी सुरक्षा नीतिको व्यवस्था गर्नुका साथै द्रुत न्याय प्रणाली अवलम्बन गर्नु आवश्यक छ । दीर्घकालीन पुनर्स्थापना केन्द्रको आवश्यकता समेत क्रमश अनुभव हुँदै आइरहेको अवस्था छ ।

७. राज्यको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरू नेपाल सरकारबाट स्वीकृत न्यूनतम मापदण्ड अनुरूप सञ्चालनमा पुनर्स्थापना केन्द्रलाई व्यवस्थित गराउनु आवश्यक छ ।

८. पुनर्स्थापना केन्द्रमार्फत प्रभावित र प्रभावितहरूका आश्रित बालबालिकाहरूका लागि पनि निःशुल्क एकीकृत सेवा जस्तै स्वास्थ्य, शिक्षा, शीप तालिम, नागरिकता प्रमाण-पत्र, जन्मदर्ता, पारिवारिक पुनर्मिलन र सहयोग तथा सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरू कार्यान्वयन गर्नु आवश्यक छ ।

९. राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार क्षेत्रको भूमिकालाई प्रभावितहरूको पक्षमा र पीडकहरूको विपक्षमा सक्रिय पार्न त्यत्तिकै आवश्यक छ । गोपनियता सम्बन्धी कानून तथा पत्रकार आचार-संहितालाई विशेष ध्यान दिनुका साथै प्रभावितहरूको हित प्रतिकुल नहुने गरी खोजमूलक पत्रकारिता मार्फत् मानव बेचबिखनका घटनाहरूलाई उजागर गर्न जरूरी छ ।

१०. मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूप्रति विभेदकारी र लाञ्छनापूर्ण दृष्टिकोणहरू यद्यपी कायमै छन्; जसका कारण प्रभावित समुदायले खुला रूपमा सामाजिक जीवन जीउन र सेवाहरूमा समान पहुँच बनाउन सकेका छैनन् । त्यसैले, सबै सेवा प्रदायक तथा पेशागत क्षेत्रहरूमा प्रभावितहरूप्रति सम्मानजनक र मर्यादीत व्यवहार प्रवर्द्धनका लागि सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

मिति : २०७१ जेष्ठ २२ गते

# प्रतिवेदन अवधिमा सम्पन्न कार्यहरु : गैरसरकारी संस्था

मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य र संगठित अपराध नियन्त्रणको रोकथामका लागि सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य एवं साझेदारी विश्वव्यापी रूपमा नै अपरिहार्य छ । नेपालमा १९९० को दशकदेखि नै मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित महिला तथा बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापना सम्बन्धी सेवा प्रवाह गर्ने र यस विरूद्ध समुदायमा चेतना फैलाई न्यायमा पहुँच अभिबृद्धि गर्ने कार्यमा विभिन्न गैरसरकारी संस्थाहरूले अहम् भूमिका निर्वाह गर्दै आएका छन् । यस सन्दर्भमा ए.बी.सी. नेपाल, माइती नेपाल, महिला पुनर्स्थापना केन्द्र, शक्ति समूह लगायतका अगुवा संस्थाहरूको योगदान उल्लेखनीय छ भने मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत छाता संगठनहरू पनि सक्रिय हुँदै आएका छन् । साथै नेपालमा कार्यरत अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सञ्जाल Inter-Agency Co-ordination Group (IACG) पनि गठन भएको पाइन्छ ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न गैरसरकारी संस्थाहरू क्रियाशील छन् । यस्ता संस्थाहरूले निरोध, संरक्षण, कानूनी सहयोग लगायतका क्षेत्रहरूमा केन्द्र देखि स्थानीयस्तरसम्म विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन् । यसै सिलसिलामा विभिन्न गैरसरकारी संस्थाहरू तथा ती संस्थाहरूको छाता संगठन मार्फत सम्पन्न भएका कार्यहरूको विवरण तालिका ४.१.१ मा प्रस्तुत गरिएको छ ।[1] सम्बन्धित गैर सरकारी संस्थाहरूबाट प्राप्त विवरण अनुसारका संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू तालिका ४.१ मा उल्लेख गरिएको छ । साथै आ.व. २०७१/७२ मा समाज कल्याण परिषदसंग आवद्ध भई साधारण सम्झौता (General Agreement) र परियोजना सम्झौता (Project Agreement) गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको विवरण अनुसूची ७ मा दिइएको छ ।

१ गैरसरकारी संस्थाबाट उपलब्ध भएको विवरणलाई यस परिच्छेदमा जस्ताको तस्तै उल्लेख गरिएको छ । यसको आधिकारिकता बारे सरोकारवाला गैरसरकारी संस्था जिम्मेवार रहने छ ।

## तालिका ४.१

### गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित क्रियाकलापहरू

| संस्थाको नाम : | एट्विन, काठमाडौं |
| --- | --- |

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* शक्ति समूह र ग्रामीण महिला सिर्जनशील परिवार संगको सहकार्यमा मानव बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धी जिल्ला स्तरीय कार्यक्रम : झापा, सिन्धुपाल्चोक र वर्दिया ।
* सदस्य संस्थाहरू बीच मानव बेचबिखन विरूद्ध सम्बन्धी ऐनहरूमा सुधारका लागि संगठित रूपमा वकालतका लागि बैठक : १ पटक
* मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐनमा गर्नु पर्ने सुधारहरूका विषयमा राष्ट्रिय समितिका सदस्य संस्थाहरूसंग बैठक : १ पटक
* मानव बेचबिखन तथा दासताविरूद्धको चेतनामूलक सन्देश प्रसारण - प्रतिदिन २ पटक
* सञ्चारमा मानव बेचबिखनविरूद्धको मुद्दा वकालतका लागि संचारकर्मीहरूसंग अन्तरक्रियाः १ पटक
* संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यू एन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदन सम्बन्धी अन्तरक्रिया : १ पटक
* मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ मा गर्नु पर्ने सुधार सम्बन्धमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई सुझाव बुझाएको
* "मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजनाः प्रभावकारी कार्यान्वयन रणनीति" विषयक २ दिने राष्ट्रिय कार्यशाला गोष्ठी : १ पटक
* मानव बेचबिखन  विरूद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन रणनीतिलाई अन्तिम रूप दिन परामर्श बैठक : १ पटक
* बेचबिखनबाट प्रभावितहरू बिद्यमान कानूनी, नीतिगत, सामाजिक तथा सांस्कृतिक संयन्त्रहरू अन्तरगत कति संरक्षित छन् भन्ने बारेमा जिल्लागत अनुसन्धान सम्बन्धी परामर्श/परिचयात्मक कार्यक्रम : दोलखा, कास्की, बर्दिया, अछाम र मोरङ जिल्लामा सञ्चालन ।
* शक्ति समुह तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसंगको सहकार्यमा बेचबिखनबाट प्रभावित बालिका तथा महिलाहरूको स्वदेश फिर्ती कार्यविधिसम्बन्धी कार्यशाला : १ पटक
* मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, नियमावली २०६५ र राष्ट्रिय कार्ययोजना २०६८ : बालबालिका सम्बन्धी व्यवस्था र कार्यान्वयनको अवस्था विषयक राष्ट्रिय कार्यशाला सिविनसंगको सहकार्यमाः १ पटक
* दोस्रो संविधानसभाको निर्वाचनमा दलहरूको घोषणापत्रमा मानव बेचबिखनविरूद्धको मुद्दा वकालतका लागि  नेकपा एमाले, अनेमसंघ, नेपाली कांग्रेस, एमाओवादी, तपलोपा, मधेसी जनअधिकार फोरममा ज्ञापनपत्र बुझाएको
* नेपालमा मानव बेचबिखन विरूद्धका प्रयासहरूः सहभागितामूलक अनुसन्धानको प्रारम्भिक निष्कर्ष माथि छलफल सम्बन्धी संयोजन बैठक : १ पटक
* नेपालमा मानव बेचबिखन तथा दासत्व विरूद्ध भइरहेका अभ्यासहरूको मापन तथा सिकाइ र प्रभावकारी अभ्यासहरूको पहिचान गर्दै त्यसलाई आगामी दिनमा प्रवर्द्धन गर्नका लागि अध्ययन
* मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारविरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ को पुनःमुद्रण - १००० प्रति

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* "मानव बेचबिखनविरूद्धको क्षेत्रीय प्रशिक्षक प्रशिक्षण" ४ दिने तालिम पोखरा र धनगढी : २ पटक, ८६ जना सहभागी

| **संस्थाको नाम :** | **शक्ति समूह, काठमाडौं** |
| --- | --- |

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* मानव बेचबिखनबाट प्रभावितहरूको समुह बैठक /छलफल : २२९पटक
* संरक्षण समितिको मासिक बैठक /छलफल : १० पटक
* सडक नाटक प्रदर्शन : २५ स्थानमा
* विद्यालयमा सचेतना : २२ वटा
* किशोरकिशोरी समूह र अभिभावकसंग अन्तरक्रिया : १६ पटक
* बाल संरक्षण र मानव बेचबिखनका सवालमा सरोकारवाला निकायहरूसंग १ दिने कार्यशाला गोष्ठी : २ वटा
* बाल संरक्षण र मानव बेचबिखनका सवालमा शिक्षकहरूसंग १ दिने कार्यशाला गोष्ठी : ३ वटा
* प्रहरीसंग बाल संरक्षणमा हाम्रो भूमिका विषयक १ दिने कार्यशाला गोष्ठी : ३ वटा
* कानूनको बारेमा मानव बेचबिखनबाट प्रभावितहरू संग छलफल : १ पटक
* मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको समस्या र चुनौती पहिचान तथा समाधानका उपायहरू विषयक २ दिने अन्तरक्रिया : १ पटक
* किशोरी समुहका सदस्यहरूलाई लैगिंक विभेदमा आधारित हिंसा र मानव बेचबिखनको बारेमा अभिमुखीकरणः २ पटक
* महिला, बालबलिका तथा समाजकल्याण मन्त्रालयसंगको सहकार्यमा मानव बेचबिखन प्रभावितहरूको तेस्रो राष्ट्रिय भेला : १ पटक , २७० जनाको सहभागिता
* स्वेच्छिक, सुरक्षित तथा प्रभावकारी स्वदेशफिर्ती सम्बन्धि अन्तरदेशीय कार्यशाला गोष्ठी :१ पटक
* मानव बेचबिखनबाट प्रभावितहरूको प्रभावकारी पुनर्मिलन सम्बन्धी सरोकारवाला नियकासंग अन्तक्रिया : १ पटक
* सञ्चारकर्मीहरूसंग अन्तरक्रिया : ५ पटक

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* मानव बेचबिखनबाट प्रभावितहरूको अधिकार सम्बन्धी २ दिने तालिम : १ वटा, ३५ जना सहभागी
* किशोर किशोरीहरूलाई २ दिने बाल अधिकार र बालबालिका बेचबिखन विरूद्ध तालिम : १ वटा, २० जना सहभागी
* मानव बेचबिखन तथा प्रभावितको अधिकार सम्बन्धी २ दिने तालिम : १ वटा , ३५ जना सहभागी

**संरक्षणका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* स्वदेश फिर्ती गरिएको संख्या : १३ जना
* पुनर्स्थापना केन्द्र, आपत्कालीन सेवा केन्द्र तथा सुरक्षित आवासबाट सेवा लिने सेवाग्राहीहरूको संख्या : १६७ जना
* आकस्मिक सेवा : २४ जना
* स्वास्थ्य उपचार सहयोग : ११८ जना
* मनोविमर्श सेवा : १७६ जना
* व्यवसायमूलक तालिम : ६७ जना
* रोजगार खोज्न सहयोग : २० जना
* आय आर्जन सहयोग : २६ जना
* औपचारिक शिक्षा सहयोग : २४१ जना
* अनौपचारिक शिक्षा सहयोग : ४९८जना
* पुनर्मिलन (परिवार, समुदाय) : ६० जना

**कानूनी कारवाही :**

* सफल भएका मुद्दाहरू ९ वटा
* मानव बेचबिखनको विरूद्ध अदालतमा चलिरहेको मुद्दा ४८ वटा

| संस्थाको नाम | नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन), |
|---|---|

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* ट्रेड युनियन तथा यातायात व्यवसायीहरूसंग परामर्श (बालबालिकाको बेचिबिखन न्यूनीकरण र उनीहरूको सुरक्षित बसाईसराई र स्थल थलोबाट आवत जावत सम्बन्धमा ) : १ पटक
* सरोकारवालाहरूसंग बालबालिका बेचबिखन नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्यशाला : १ पटक
* बालबालिकाको संरक्षणको दृष्टिकोणले मानव बेचबिखन विरूद्धको कानून र राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी : १ पटक
* बालबालिकाको संरक्षणको दृष्टिकोणले मानव बेचबिखन विरूद्धको कानूनमा भएका व्यवस्थाहरू र त्यसमा आवश्यक संशोधन सम्बन्धी छलफल : १ पटक
* जोखिममा रहेका बालबालिकाको लागि हाल सञ्चालनमा रहेका सूचना प्रणाली र त्यसमा भएका चुनौती तथा समस्याहरू विषयक छलफल : १ पटक
* हराएका बालबालिका तथा बालबालिका बेचबिखनको सवालमा एकीकृत सूचना प्रणालीको आवश्यकता सम्बन्धी राष्ट्रियस्तरको गोष्ठी : १ पटक
* हराएका बालबालिका तथा बालबालिका बेचबिखन विरूद्ध (जोखिममा परेका बालबालिकाको) प्रस्तावित एकीकृत सूचना प्रणालीको प्रदर्शन : १ पटक

**क्षमता अभिवृद्धिका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* बालबालिकालाई बालबालिका बेचबिखन सम्बन्धी तालिम : २ वटा, ५० जना सहभागी

**कानूनी कारवाही**

* कानूनी सहयोग : १९ जना

**संरक्षण लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* पुनर्स्थापना केन्द्रबाट सेवा प्राप्त गर्नेको संख्या : ६७२ जना
* तत्काल राहत : ८० जना

संस्थाको नाम

## माइती नेपाल, काठमाडौं

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू : (१५ जिल्लामा कार्यक्रम सञ्चालन )**

* जनचेतनामूलक अभियान झापा, मोरङ, सुनसरी, नुवाकोट, दाङ, सुर्खेतमा गरी ११००० जना सहभागी
* वृत्तचित्र प्रदर्शन रूपन्देही : ८६५ जना, सिन्धुपाल्चोक ४७ जना
* जनचेतनामूलक घरदैलो कार्यक्रम मकवानपुर : १०० घरधुरी ,मोरङ विराटनगर वडा नं १७, १८ र १९, रूपन्देही ४५६ घरधुरी, सिन्धुपाल्चोक र नुवाकोटमा पनि गरिएको
* जनचेतनामूलक साँस्कृतिक कार्यक्रम मकवानपुर : १ पटक
* मानव बेचबिखन विरूद्ध रेडियो कार्यक्रम काठमाडौं, बाँके, रूपन्देही, रसुवा
* सार्वजनिक सुनुवाई कार्यक्रम रूपन्देही
* विद्यालयस्तरीय अभिमुखीकरण इलाम, पर्सा, सिन्धुपाल्चोक, नुवाकोट र बाँके (शिक्षक विद्यार्थिलाई): ५४ पटक
* जिल्ला युवा क्लब र ग्रामीणस्तरका युवा, बिद्यार्थिहरूलाई युवा आप्रवाशन र मानव बेचबिखन विरूद्ध अभिमुखीकरण २ पटक
* मानव बेचबिखन विरूद्धको जिल्ला समिति तथा गा.वि.स. संग बैठक/अन्तरक्रिया कार्यक्रम बाँके, पर्सा : १/१ पटक
* मानव बेचबिखन विरूद्धको दिवसको अवसरमा ऱ्याली, ब्यानर प्रर्दशनी कार्यक्रम
* तीज विशेष कार्यक्रम : महिला हिंसा र मानव बेचबिखन विरूद्ध साँस्कृतिक कार्यक्रम
* मानव बेचबिखन विरूद्ध युवाद्वारा युवा समुहहरूलाई २ दिने अभिमुखीकरण : ७ वटा
* टेलिभिजन अन्तरक्रिया कार्यक्रम : मानव बेचबिखन विरूद्ध टेलिभिजन कार्यक्रम (ए बि सी )
* प्रशिक्षित विद्यार्थीद्वारा विद्यालयमा अभिमुखीकरण : १६ वटा ८०० जना सहभागी
* मानव बेचबिखन नियन्त्रणमा संचारकर्मीको भूमिका विषयक संचारकर्मीसंग अन्तरक्रिया कार्यक्रम इलाम, पर्सा, बाँके, कञ्चनपुर :  १/१ वटा
* मानव बेचबिखन, मानव बेचबिखन ओसारपसार नियन्त्रण ऐन २०६४, महिला हिंसा विरूद्ध लगायतका विषयमा समुदायका महिला तथा पुरूषहरूलाई अभिमुखीकरण मोरङ २१ वटा, सुनसरी ३ वटा, सिन्धुपाल्चोक ५ वटा, काठमाडौं ५ वटा, नुवाकोट ५ वटा, बाँके ५ वटा र कञ्चनपुर ६ वटा ।
* मानव साङ्लो निर्माण सुनसरी, काठमाडौं, काभ्रे, नुवाकोट, बाँके, कञ्चनपुर, पर्सा लगायत ११ जिल्लामा : मानव बेचबिखन विरूद्ध नेपाल भारतका सुरक्षाकर्मी, सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू लगायत अन्य सरोकारवालाहरूको एक्यबद्धता (३००० भन्दा बढीको सहभागिता)
* प्रशासन र प्रहरी बीच अन्तरक्रिया : इलाम र बारामा  १/१ वटा
* नेपाल प्रहरी र भन्सारका कर्मचारीहरूलाई  मानव बेचबिखन तथा सुरक्षित बसाईंसराईं सम्बन्धी १ दिवसीय अभिमुखीकरण : कैलाली १ वटा
* प्रहरीहरूलाई अभिमुखीकरण तालिम : सुनसरी १, पर्सा १ र सिन्धुपाल्चोक २ वटा
* मानव बेचबिखनका चुनौतीहरूको बारेमा सभासदहरूसंग गोष्ठी : १ वटा काठमाडौं १५० जना
* त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सम्बन्धित कर्मचारी तथा सरकारी अधिकृतहरूसंग परामर्श : १

वटा

* महिला हिंसा र मानव बेचबिखन विरूद्ध गा.वि.स. का सरोकारवालाहरूसंग समन्वयात्मक गोष्ठी : पर्सा ठोरी १ पटक
* मानव बेचबिखन तथा ओसारपसार रोकथाममा बस चालकहरूको भूमिका विषयक छलफल काठमाडौं, पर्सा, चितवन, रूपन्देही, बाँकेः १/१ पटक
* अन्तरदेशीय कार्यशाला (नेपाल भारत) कार्यशालाः बाँके १ वटा ८८ जना सहभागी
* अर्न्तसीमा कार्यशाला (मिरिक, मानेभञ्ज्याङ्ग, ठोरी पर्सा ) : १/१ वटा
* भारतीय एस.एस.बी, प्रहरी प्रशासन र संघ संस्था बीच अन्तरक्रिया : इलाम १ वटा
* भारतको गोरखपुरमा भारतीय एस.एस.बी. संगको सहकार्यमा ५ दिने चेतनामूलक क्याम्प सम्पन्न

**क्षमता अभिवृद्धिका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* मानव बेचबिखन विरूद्ध युवा समुहका सदस्यहरूलाई ३ दिने प्रशिक्षणः बाँके २५ जना सहभागी
* मानव बेचबिखन विरूद्ध महिलाहरूलाई तालिम : रूपन्देही २ वटा ६० जना सहभागी
* मानव बेचबिखन विरूद्ध विद्यार्थिहरूलाई ३ दिने प्रशिक्षणः बाँके २८ जना सहभागी
* महिला तथा किशोरीहरूलाई कानूनी तालिम : सिन्धुपाल्चोक २ वटा
* मानव बेचबिखन न्यूनीकरण तथा सुरक्षित बसाईंसराईं सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमः इलाम १ पटक १४ जना सहभागी
* मानव बेचबिखन विरूद्ध विद्यार्थीहरूलाई २ दिने प्रशिक्षणः कैलाली २० जना सहभागी
* युवा समुहका सदस्यहरूलाई मानव बेचबिखन तथा सुरक्षित बसाईं सराईं सम्बन्धी २ दिने तालिमः कैलाली २० जना सहभागी
* बाल क्लबका सदस्यहरूलाई मानव बेचबिखन तथा सुरक्षित बसाईं सराईं सम्बन्धि २ दिने तालिमः २१ जना
* प्रहरीलाई तालिम : ३० जना
* शिक्षकहरूलाई तालिम : २८ जना
* भारतीय सीमा सुरक्षा बललाई तालिम : ३८ जना
* पारालिगल तालिम : ४ जिल्लामा
* जीवन उपयोगी सीप विकास तालिम : ८० जना
* होटल व्यवस्थापन : ३५ जना
* ब्यूटि पार्लर तालिम : ८ जना
* बेकरी तालिम : ८१ जना
* हिंसा पीडित/प्रभावित र बेचबिखनको संभावित जोखिममा रहेका किशोरीहरूलाई सीपमूलक तालिमका लागि सिफारिसः १० जना झापा बाट, ३ जना पर्सा ठोरी बाट, १० जना पर्सा बाट र १२

जना बाँके बाट

* हिंसामा परेका र बेचबिखनको संभावित जोखिममा रहेका किशोरीहरू १४ जनालाई निशुल्क कम्प्यूटर तालिम -इलाम) पश्चात् उनीहरूलाई जीविकोपार्जनका लागि जिल्लाका सात क्षेत्रमा कम्प्यूटर र फोटोकपी मेशीन उपलब्ध गराएको
* सीपमूलक तालिम : कैलाली ३ जना
* सीपमूलक सिलाई बुनाई तालिम : मोरङ ३ जना, मकवानपुर ४० जना र ४० जना काठमाडौं

**संरक्षण लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* भारत तथा अन्य मुलुकबाट उद्धार : ९४ जना
* चीनको खासाबाट ६ जनाको उद्धार
* तालिम अवधिभर आवासीय सुविधा : ८० जना
* नेपाल भित्र तथा भारतीय सिमाबाट फर्काइएका तथा उद्धार गरी पुनर्स्थापना गृहमा ल्याइएका : १७४४ जना
* मनोविमर्श : २०८ जना
* स्वास्थ्य उपचार : ५० जना
* पारिवारिक पुनर्मिलनः २२ जना
* परामर्श तथा सूचना प्रवाह : ६५,७४८ जना
* २ जना किशोरीलाई आवासीय सुविधा तथा औपचारिक शिक्षा

**कानूनी कारवाही सम्बन्धमा**

* कानूनी परामर्श : २४० जना
* कानूनी सहयोग : १५ जना

संस्थाको नाम :

## महिला पुनर्स्थापना केन्द्र (WOREC), ललितपुर

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* रेडियो कार्यक्रम : निरन्तर १०२.४ मेघाहर्जबाट (उदयपुर)
* सुरक्षित स्थानागमन सम्बन्धी सूचना केन्द्रहरू सञ्चालन (मोरङ, सुनसरी, उदयपुर, सिराहा, धनुषा, दाङ, कैलाली) : १००० जनालाई सूचना प्रवाह
* सडक नाटक : मोरङ, सुनसरी, उदयपुर १० स्थानमा
* होर्डिङ्ग बोर्ड र भित्ते लेखन : मोरङ, सुनसरी र उदयपुर जिल्लाका ६ स्थानमा
* अभिमुखीकरण (मोरङ, सुनसरी, उदयपुर, सिराहा, धनुषा, दाङ र कैलाली) : जम्मा ४० वटा

* स्कुल शिक्षा : ५० वटा
* सुरक्षित स्थानागमन सम्बन्धी पर्चा वितरण : १००० प्रति
* सरोकारवाला तथा समुदायसंगको अन्तरक्रिया : ९ वटा मोरङ, सुनसरी, उदयपुर, सिराहा, धनुषा, काठमाडौं, ललितपुर, दाङ र कैलाली जिल्लामा
* साथी शिक्षकद्वारा घरदैलो कार्यक्रमः ६ सय ९२ घरमा

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* सुरक्षित स्थानागमन सम्वन्धी अवधारणागत स्पष्टता विषयक ३ दिने तालिम : ३९ जना महिला र १३ जना पुरूष गरी जम्मा ५२ जना सहभागी
* सामाजिक परिचालक र साथी शिक्षकलाई मानव बेचबिखन विरूद्ध तथा स्थानागमन सम्बन्धी ३ दिने तालिम : १५ जना सहभागी

**संरक्षणका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* वैदेशिक रोजगारको क्रममा बेचबिखन, यौन शोषण, श्रम शोषण, ठगी लगायतका समस्यामा परेका १२१ वटा घटनामा आवश्यकता अनुसार उद्धारको क्रममा सहजीकरण, सुरक्षा, वास, मनोविर्मश, कानूनी सहयोग, स्वास्थ्य उपचारको लागि सहयोग ।

संस्थाको नाम :

## ग्रामिण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक

**निरोधका लागि सञ्चालन भएका क्रियाकलापहरू :**

* प्रभावितहरूको संजालको बैठक तथा छलफल : निरन्तर
* बेचबिखन, दासत्व र लैङ्गिक हिंसा सम्बन्धी चेतनामूलक रेडियो कार्यक्रम : निरन्तर
* बेचबिखन तथा दासता विरूद्ध पर्चा तयार र वितरण : ५००० प्रति
* प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख तथा अन्य सरोकारवालाहरू समेतको उपस्थितिमा गोल्चे गाविसमा सार्वजनिक सुनुवाई : १ पटक, ३०० जनाको उपस्थिति
* मानव बेचबिखन विरूद्धको जिल्ला कार्ययोजना बारे छलफल कार्यशाला १ पटक

**क्षमता अभिबृद्धिका लागि सञ्चालन भएका क्रियाकलापहरू :**

* बेचबिखन तथा दासता विरूद्ध चलाइने REFLECT कक्षाको सहजीकरण तालिम : १ वटा, २० जना सहभागी
* प्रभावितको क्षमता विकास तालिम : १ पटक, २७ जना
* प्रभावित मैत्री समाचार सम्पादन तथा प्रभावितहरूको अधिकार बारे पत्रकारहरूलाई तालिम : १ पटक, २५ जना सहभागी
* घर दैलो कार्यक्रम : निरन्तर

**संरक्षणका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* दासताबाट बालवालिकाहरूको उद्धार : ६ जना
* परिवारमा पुर्नमिलन : ११ जना

**कानूनी कारवाही :**

* कानूनी परामर्श : १९७ जना
* कानूनी सहयोग (मुद्दा चलाउन) : ११ जना

संस्थाको नाम :

## सिविस, काठमाडौं

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* बालश्रम, बालअधिकार, बालबालिका बेचबिखन विरूद्ध चेतनामूलक कार्यक्रम : २५१ पटक
* बालश्रम, बालबालिका बेचबिखन विरूद्ध रेडियो जिङ्गल : दिनमा ५ पटक
* हाते पुस्तक, पर्चा छपाई तथा वितरण : बुकलेट १००० प्रति, फ्लेक्स प्रिन्ट ४०, स्टिकर २००० प्रति
* जिल्ला तहका सरकारी निकायका सरोकारवालाहरू, कानून कार्यान्वयन गर्ने निकायहरू तथा सञ्चारकर्मीहरूसंग बालसंरक्षण सम्बन्धी कार्यशाला गोष्ठी : ४ पटक
* गा.वि.स. तथा गा.वि.स.का नागरिक समाज, राजनीतिक पार्टी प्रतिनिधि, गाउँ बालसंरक्षण तथा सम्बर्द्धन उपसमितिहरू एवं अभिभावकहरूलाई अभिमूखीकरण : १२४ पटक

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* प्रहरीहरूलाई बालसंरक्षण सम्बन्धी तालिम : १ वटा
* स्थानीय स्तरमा बालसंरक्षण प्रणालीलाई सक्रिय बनाउन समितिका सदस्यहरूलाई तालिम : २५ वटा

**संरक्षणका लागि भएका सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* बेचबिखनको जोखिमम रहेका तथा बेचबिखन भएका बालबालिकाको उद्दार : ६६ जना
* शैक्षिक सहयोग : ५२ जना

**कानूनी कारवाही**

* कानूनी परामर्श : १४ जना
* कानूनी सहयोग : १४ जना

संस्थाको नाम :

## महिला आत्म निर्भरता केन्द्र, सिन्धुपाल्चोक

**निरोधका लागि सञ्चालन भएका क्रियाकलापहरू :**

* मानव बेचबिखन विरूद्धको गाउँ कार्यसमिति गठन : ३० वटा गा.वि.स.
* गाउँ बाल संरक्षण समिति गठन : ३० वटा गा.वि.स.

*      विद्यालयस्तरीय बाल संरक्षण समिति गठनः १७० विद्यालय
*      अभिभावक सचेतना : २११ वटा टोल

**क्षमता विकास लागि सञ्चालन भएका क्रियाकलापहरू :**

*      गाउँ बाल संरक्षण समितिलाई २ दिने तालिम : २२० जना सहभागी
*      मानव बेचबिखन विरूद्धको गाउँ कार्यसमितिलाइ २ दिने तालिम : १०४ जना सहभागी

**संरक्षण लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

*      स्वास्थ्य उपचार : ५ जना
*      शैक्षिक सहयोग : १५३ जना
*      आयआर्जन सहयोग : २१ जना

**कानूनी कारवाही :**

*      कानूनी सहयोग : ५ जना

संस्थाको नाम :

## नारी सीप सृजना केन्द्र, मकवानपुर

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

*      सामुदायिक निगरानी समितिलाई सचेतना : १० पटक
*      अभिभावकहरूलाई सचेतना : ७ पटक
*      गा.बि.स.स्तरका सरोकारवालाहरूलाई सचेतना : ७ पटक
*      विद्यालयमा सचेतना : ३५ पटक
*      छलफल कक्षा सचांलन : ४० वटा
*      कानूनी सचेतना : १६ पटक
*      संचारकर्मीहरूसंग अन्तरक्रिया : १ पटक
*      विद्यालयका शिक्षकहरूसंग अन्तरक्रिया : २ पटक
*      जि.वि.स. संगको समन्वयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ समिति गठन तथा परिचालन : १०
*      दासत्व तथा मानव बेचबिखन विरूद्धको निगरानी समिति गठन तथा परिचालन : ३
*      दासत्व तथा मानव बेचबिखन विरूद्धको सामुदायिक निगरानी समिति गठन तथा परिचालन : ६७
*      प्रभावितहरूको जिल्ला सञ्जालसंग छलफल तथा बैठक : निरन्तर

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

*      पैरवी तालिम –१ पटक ३० जना सहभागी
*      रिफ्लेक्ट तालिम–१ पटक, २७ जना सहभागी
*      घटना अभिलेखीकरण तालिम–१ पटक, ३ जना

**संरक्षणका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* उद्धार : २१ जना (महिला, पुरूष)
* वैदेशिक रोजगारमा जान लागेका महिलाहरूलाई परामर्श तथा सूचना प्रदान : २१६६ जना
* स्वदेशफिर्ती : २ जना (महिला ,पुरूष)
* सीप विकास तालिम र आय आर्जनमा सहयोग : ३६ जना महिला
* श्रमिक तथा जोखिममा रहेको बालबालिकालाई स्कूलमा छात्रवृत्ति : २८३ जना बालबालिका

**कानूनी कारवाही :**

* मानव बेचबिखन मुद्धा दर्तामा सहयोग : २ वटा

संस्थाको नाम :

## महिलाको निम्ति महिला मञ्च नेपाल, गोंगबु

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी अभिमुखीकरण : ३ वटा
* स्थानागमन तथा बैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण : ४ वटा
* कानून सम्वन्धी अभिमुखीकरण : ५ वटा
* जनचेतनाका लागि साँस्कृतिक कार्यक्रम : १ पटक
* सञ्चारकर्मीहरू संग छलफल : २ पटक
* Outreach: २१८८ जना महिला तथा किशोरी
* Drop-in Center बाट सेवा सञ्चालन

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* महिलावादी दृष्टिकोणबाट स्थानागमन र गतिशीलताको अधिकार सम्वन्धी तालिम : १ पटक, ३२ जना
* अंग्रेजी भाषा सम्वन्धी तालिम : २ पटक ४२ जना

**संरक्षणका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* आकास्मिक सुरक्षा वास सेवा : ५ जना
* व्यक्तिगत मनोविमर्श सेवा : ५४ जना
* सामुहिक मनोविमर्श सेवा : १३१ जना

**कानूनी कारवाही :**

* कानूनी परामर्श : १५ जना
* कानूनी केशमा सहयोग र पहल : २१ जना

संस्थाको नाम :

## हिमालयन ह्युमनराइटर्स मोनिटर्स (हिमराइटस)

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* बाल संरक्षण सम्बन्धी भित्ते लेखन : २० वटा विद्यालयमा
* सचेतनामूलक रेडियो कार्यक्रम : २ वटा एफएम रेडियोबाट निरन्तर
* सरोकारवालाहरूलाई २ दिने अभिमुखीकरण : १६ वटा
* मानव बेचबिखन विरूद्ध जिल्लास्तरीय कार्ययोजना निर्माण कार्यशाला : २ चरणमा मकवानपुर
* पहिचान भएका तथा जोखिममा परेका बालबालिका, युवायुवतीहरूलाई गाविस तथा जिविसका योजना तथा बजेट बाट आवश्यक सहयोगको लागि लवी, पैरवी : निरन्तर
* सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श : ७००० जना
* मानव बेचबिखन, सुरक्षित आप्रवासन तथा बाल संरक्षण सम्बन्धी सूचनामूलक सामाग्रीहरूको प्रकाशन तथा वितरण : ५००० प्रति
* कार्यसञ्जाललाई सशक्त बनाउन सहजीकरण : निरन्तर
* गाविस पदाधिकारीहरू र स्थानीय तहका राजनीतिक नेताहरू बीच गोलमेच छलफल : १३ वटा

**क्षमता अभिबृद्धि लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* बालिका वा किशोरीहरूको लागि सीपमूलक/व्यावसायिक तालिम : १ वटा , २० जना सहभागी
* बाल अधिकार तथा मानव बेचबिखन विरूद्ध जिल्लाका साझेदार संस्थाहरू तथा हिमराइट्स कर्मचारीहरूको निम्ति ३ दिने तालिम : १ वटा, ३० जना सहभागीहरू
* जनवकालत तथा योजना निमार्ण सम्बन्धी सरोकारवाला तथा स्थानीय संघसंस्थाहरूका प्रतिनिधिहरूलाई क्षमता अभिबृद्धि तालिमः १० वटा, ३०२ जना सहभागीहरू

**संरक्षण लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* उद्दार १७ जना
* परिवारमा पुनर्मिलन तथा पुनर्स्थापना : १७
* जोखिममा रहेका बालबालिका तथा किशोरीहरूलाई पढ्न सहयोग : ८० जना

संस्थाको नाम :
## जनअधिकार संरक्षण मञ्च, नेपाल (पिपिआर नेपाल)

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* राजनीतिक पार्टी, पत्रकार तथा मानव अधिकारकर्मीहरूसंग मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अन्तरक्रिया काठमाडौं, काभ्रे, मकवानपुर
* मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत सरोकारवालाहरू बीच समन्वय बैठक : काभ्रे, मकवानपुर

**क्षमता अभिबृद्धि लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* कानून व्यवसायीहरूका लागि प्रशिक्षण : १ पटक, २२ जना सहभागी

**कानूनी कारवाही :**

* कानूनी परामर्श तथा कानूनी सहयोग : ७ जना

संस्थाको नाम :
## ए.वी.सी. नेपाल

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* घरदैलो कार्यक्रम : घरधुरी संख्या १६०७
* वार्ड सेसन : १० पटक
* बैदेशिक रोजागारीमा जाने सम्भावित महिलाहरूलाई सुरक्षित आप्रवासन सम्बन्धी पूर्व जानकारी : १ पटक
* सडक नाटक प्रदर्शन : १६ पटक
* विद्यालय शिक्षा : १६ वटा
* अभिभावक र किशोर किशोरी बीच अन्तरक्रिया : २७१ पटक
* रिफ्लेक्ट सेन्टर सञ्चालन : रूपन्देही, नवलपरासी
* सूचना र परामर्श केन्द्रबाट सूचना प्रवाह : २९४६ जना

**क्षमता अभिबृद्धि लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू:**

* घरेलु कामदारका रूपमा बैदेशिक रोजगारीमा जाने निश्चित भएका कामदाहरूलाई सीप विकास तालिम प्रदान : महिला ४७६, पुरूष ९९४ जना
* सिलाई र ब्यूटिपार्लर तालिम - (केन्द्रमा रहेका र यस समुदायका महिलाहरूलाई) : २२ जना

**संरक्षणका लागि भएका सञ्चालन भएका मुख्य क्रियाकलापहरू:**

* बालिकाहरूलाई आवासको व्यवस्था : २६ बालिका
* शिक्षामा सहयोग : ३२
* पुनर्स्थापना तथा पुनर्मिलन : ८ जना

**कानूनी कारवाही**

* मानव बेचबिखन विरूद्ध मुद्दा दायर गर्न सहयोग : १ वटा

संस्थाको नाम :
**चेन्ज नेपाल**

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

* जि.वि.स.संगको सहकार्यमा गा.वि.स. सचिवहरूलाई एक दिवसीय अभिमुखीकरण : १ पटक
* मनोरञ्जन क्षेत्रमा काम गर्ने बालबालिका तथा महिलाहरूसंग छलफल : १३ पटक
* मानव वेचविखन विरूद्धको गाउँ समिति गठन : १० वटा
* विद्यालय स्तरीय सचेतिकरण : ८० वटा विद्यालयमा २३००० जना (सडक नाटक, वृत्त चित्र लगायतका गतिविधिहरूबाट सूचना प्राप्त गर्नेको संख्या)
* कानून सम्बन्धी अभिमुखीकरण : १२ वटा
* Drop-in Center बाट सेवा : ४९२ जना

**क्षमता अभिबृद्धि लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू:**

* पारिवारिक आर्थिक योजना : १२५० घरधुरीलाई
* जोखिममा रहेका समुदायलाई सीप विकास तालिम : १८ जना

**संरक्षणका लागि भएका सञ्चालन भएका मुख्य क्रियाकलापहरू:**

* उद्धार : १७ जना
* मनोविमर्श : सेवा ४९२
* पुनर्स्थापना : १७ जना

संस्थाको नाम :
**ग्रामिण महिला स्वावलम्बन संस्था, मकवानपुर**

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* मानव बेचबिखन तथा ओसारपसार विरूद्धको गाउ समिति गठन ४२ गा.वि.स.मा
* मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जिल्ला समिति र गाउ समितिलाई प्राविधिक सहयोग

प्रदान गर्नको लागि अनुगमन भ्रमण ४ वटा गा.वि.स.मा

* ४३ गा.वि.स.मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउ समिति एंव स्थानीय समुहलाई परिचालन गरी मानव बेचबिखन तथा ओसारपसार विरूद्ध एंव असुरक्षित बसाईसराई जस्ता विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।
* मानव बेचबिखन एंव असुरक्षित बसाईसराईको जोखिम न्यूनीकरण गर्न जिल्ला शिक्षा कार्यालयसंगको समन्वयमा मकवानपुर जिल्लाका स्रोत व्यक्तिहरूसंग १ दिने कार्यशाला गोष्ठी सञ्चालन ।
* ७८ वटा सामुदायिक विद्यालयहरूमा सुरक्षित स्थानागमन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको ।
* स्थानीय स्तरमा रहेका मानव बेचबिखन तथा ओसारपसार एंव असुरक्षित बसाईसराई जस्ता विषयलाई सम्बोधन गर्न स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउ समितिसंग त्रैमासिक बैठक ।
* मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउ समिति गठन गर्नको लागि एवं मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण CTIP कार्यक्रमको समिक्षा गर्ने उद्देश्यले मकवानपुर जिल्लाको ४३ गा.वि.स.का सचिवहरूसंग समिक्षा बैठक ।
* मानव बेचबिखन तथा ओसारपसार एवं असुरक्षित बसाईसराई सम्बन्धी सचेतनाका लागि स्थानीयस्तरका सरोकारवालाहरूसंग ४३ गा.वि.स.हरूमा समन्वयात्मक बैठक ।

संस्थाको नाम :

## साथी, काठमाडौं

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* मानव बेचबिखन विरूद्धको २० गा.वि.स.का गाउ समितिका प्रतिनिधिहरूलाई सचेतिकरण कार्यक्रम : १ पटक
* मानव बेचबिलन विरूद्धको सचेतिकरण कार्यक्रम : ४० वटा सामुदायिक बिद्यालयमा
* बेदेशिक रोजगारबाट फर्किएका, गएका र जान तयार भएका सदस्यलाई २ दिने पारिवारिक आर्थिक योजना, शिक्षा तालिम : १० गा.वि.स.मा
* बैदेशिक रोजगारबाट पीडित/प्रभावित तथा स्थानीय सरोकारवाला निकाय बीच अन्तरक्रिया कार्यक्रम : १ गा बि स मा
* ४५ गा बि स र २ नगरपालिकामा मानव बेचबिखन बिरूद्धको गाउँ समिति संग रणनीतिक योजना बैठक : २ पटक
* मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि जिल्लामा रहेका सरोकारवाला निकाय र जिल्ला सिमिति बीच जिल्ला स्तरीय बैठक : १ पटक
* बिद्यालयका EPH पढाउने शिक्षकहरूका लागि २ दिने मानव बेचबिखन तथा ओसारपसार र बैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण : २ वटा
* महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कानूनी सचेतना कार्यक्रम कालिकोट,

हुम्ला, बझाङ, डोटीमा गरी जम्मा ८ पटक

* मानव बेचबिखन तथा ओसारपसार विरूद्ध किशोरी तथा महिला सदस्यहरूसंग अन्तरक्रिया कार्यक्रम : कालिकोट, अछाम र बैतडीमा गरी जम्मा ५ पटक
* मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियो कार्यक्रम : बाजुरा, मुगु , कैलाली र डडेल्धुरा
* गाडी चालक तथा अन्य कर्मचारीहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम : कञ्चनपुर १ पटक
* मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्रचार प्रसारका लागि ब्रोसर छपाई र होर्डिङ वोर्ड स्थापना : दार्चुला

संस्थाको नाम :

## विश्वास नेपाल, काठमाडौं

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* सरोकारवालाहरूसंग अन्तरक्रिया : १ पटक
* कानूनी तथा स्वास्थ्य सम्वन्धी अभिमुखीकरण : ३६६ जना
* सुरक्षित बसाईंसराईं सम्बन्धी अभिमुखीकरण : ३ पटक, ८७ जना
* सुरक्षित बसाईंसराईं सम्बन्धी सूचना शिविर : ७८ जना

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलाप**

* जीवन उपयोगी सीप तालिम : १७४ जना

**संरक्षण सम्बन्धी मुख्य क्रियाकलाप**

* व्यवसायिक सीप तालिम : ९६ जना
* व्यवसाय सञ्चालनमा सहयोग : २७ जना
* घर फिर्ता : ८४ जना
* मनोसामाजिक परामर्श : ५६६ जना
* स्वास्थ्य उपचार : ८ जना

संस्थाको नाम :

## क्याप नेपाल, काठमाडौं

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* चेतना मूलक कार्यक्रम   ३०० जना
* मोवाईल काउन्सलिङ क्याम्प र अभिमुखीकरण कार्यक्रम तथा तालिम ७५० जना महिला

**संरक्षण सम्बन्धी मुख्य क्रियाकलाप**

* सुरक्षित आवास गृह ८० जना
* स्वास्थ्य उपचार ५०० जना

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलाप**

* सीपमूलक तालिम ४० जना
* औपचारिक शिक्षा ४० जना
* शैक्षिक कार्यशाला तालिम ३५० जना

**कानूनी कारवाहीसम्बन्धी मुख्य क्रियाकलाप**

* कानूनी परामर्श ४८० जना

संस्थाको नाम :

**विश्व शिक्षा (World Education), रातोपुल, काठमाडौं**

साझेदार संस्थाहरू

**चेन्ज नेपाल, पौरखी नेपाल, तामाङ महिला घेदुङ,. ग्रामीण महिला स्वावलम्वन संस्था, साथी**

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* बेचबिखन तथा ओसार पसार विरूद्धको गाउँ समिति गठनः १८३ वटा
* सुरक्षित बसाई सराई संजालको गठन २५० वटा
* शिक्षामा पहुँच अभिवृद्धि तथा शुरक्षित बसाई सराई सम्बन्धि सन्देश १७०० यूवाहरू तथा १४१० ९ जना

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलाप**

* गा. वि. स सचिवहरूलाई कानुनी प्रक्रिया सम्बन्धि अभिलेखिकरण तालिम १९६ जना
* सुरक्षित बसाई सराईसंजालका सदस्यहरूको क्षमता अभिवृद्धि २१५० जना
* स्रोतव्यक्ति, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको अभिमुखिकरण स्रोतव्यक्ति तथा प्रधानाध्यापक शिक्षकहरू १३७४जना, विद्यार्थीहरू ११७७६१ जना
* सीपमुलक तालिम ५८९ जना
* सुरक्षित वैदेशिक रोजगारका लागी निर्णय प्रक्रिया सम्बन्धि प्रशिक्षक प्रशिक्षण १३४ जना
* परिवारिक आर्थिक योजना शिक्षा कार्यक्रम ९९४०
* सुरक्षित वैदेशिक रोजगारका लागी निर्णय प्रक्रिया सम्बन्धि समुदाय स्तरीय तालिम ८०० जना
* बाल संरक्षण तथा सुरक्षित बसाईसराई सम्बन्धि तालिम ६० जना
* सिमापार(नेपाल भारत)बसाई सराई सम्बन्धि संजाल (Cross border migration network)

गठन सर्लाही र रौतहट

* परिवारको जीवनस्तरमा सुधार १४०० परिवार
* स्वास्थ्य उपचार सेवा : १३४ जना
* सीप विकास तालिम : ८९ जना
* परिवार र समाजमा पुनर्मिलन तथा पुनर्स्थापना : १३९ जना

| संस्थाको नाम : | बहुसास्कृतिक मनोसामाजिक सस्थां (टी. पी. ओ.) नेपाल |
|---|---|
| **रोकथामका क्षेत्रमा लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**<br>* मनोसामाजिक तथा मानसिक स्वास्थ्यका विषयलाई प्रबर्धन गर्न १ क्षेत्रिय स्तररिय कार्याशाला गोष्ठिको आयोजना<br>* समुदायमा मानव बेचविखन तथा ओसारपसार लगायत पिडित तथा प्रभावितहरुलाई मनोसामाजिक सहयोगका विषयमा ५५७ जनालाई एकदिने अभिमुखिकरण कार्यक्रम सञ्चालन<br><br>**सरक्षंणका क्षेत्रमा लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**<br>* २३० जना मानवबेचविखन तथा ओसारपसार, लैगिंक हिसां, तथा घरेलु हिसांबाट पिडित तथा प्रभावितहरुले मनोसामाजिक मनोविमर्श सहयोग प्राप्त गर्नुभएको ।<br>* १४६ जना एकद्धार सकंट ब्यवस्थापन प्रणाली, स्वास्थ्य चौकि लगायत स्वास्थ्यका क्षेत्रमा काम गर्ने स्वास्थ्य कार्यकर्ता (नर्सिङ स्टाफ, अहेव, अनमि, महिला स्वयंसेविका)हरुले मनोसामाजिक स्याहार तथा सहयोगका विषयमा सात दिने तालिम लिएको<br>* ३७ जना महिला स्वयंसेविकाहरुले दुई दिने मनोसामाजिक सहयोगका विषयमा तालिम लिएको | |

| संस्थाको नाम : | कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) |
|---|---|

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू**

* मोवाईल काउन्सलिङ क्याम्प कार्यक्रम तथा संचेतनामूलक कार्यक्रम छ वटा जिल्लामा जना महिला
* मोवाईल हेल्थ तथा मनोसामाजिक परामर्श सेवाछ वटा जिल्लामा
* रिफरल संयन्त्रको विकास र सुदृडिकरण (मानव विखन प्रवाभितलाई सेवा दिनको लागी सेवा प्रदायकहरुको पहिचान गरि प्रभावितहरुको सेवा प्रदायकहरु सम्मको पहुंचका लागी) छ वटा जिल्लामा
* सरोकारवालाको बिचमा समन्वय बैठक (रिफरल सेवा को सुदृडिकरण र प्रभावकारी कार्यान्वयनका लागी )
* रेडियो कार्यक्रम ४ बर्ष

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलाप**

* क्षमता अभिवृद्धि तालिम सुरक्षित बसाइसराई संजाल (SMN ) को लागी
* प्रशिक्षक प्रशिक्षण तालिम (TOT) सुरक्षित बसाइसराई संजाल (SMN ) को लागी
* संचेतना तथा क्षमता अभिवृद्धि तालिम LCCHT सदस्यहरुको लागी ३५६ जना
* महिला सहभागिता तथा नेतृत्वविकास सम्बन्धि तालिम ६० जना

परिच्छेद–५

# चुनौती, सुझाव तथा निष्कर्ष

## ५.१ समस्या र चुनौतीहरू

संगठित अपराधको रूपमा विश्वव्यापी रूपमा फैलिंदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्या नेपालमा पनि नयाँ नयाँ स्वरूप र आकारमा देखा परिरहेकोछ । बहुआयामिक, बहुक्षेत्रगत एवं अन्तर्देशीय समस्या भएको हुँदा सरकारको एक्लो प्रयासबाट मात्र यसको निरोध, नियन्त्रण र निराकरण सम्भव छैन । यो समस्या समयको अन्तरालसंगै नयाँ आयाम सहित थप जटिल हुँदै गइरहेको सन्दर्भमा यसको समाधानमा तल्लीन सरकार तथा अन्य सरोकारवालाहरूका लागि निम्न पक्षहरू मुख्य समस्या र चुनौतीका रूपमा रहेको देखिन्छन ।

१. अन्तर्राष्ट्रिय बजारमा सस्तो श्रम र व्यावसायिक यौन कार्यका लागि कम उमेरका महिला, किशोरी, युवा र बालबालिकाको अत्यधिक माग र आफ्नै परिवारका, नाताका र छिमेकका परिचित अनुहारहरू अनुचित लाभका लागि दलालको भेषमा रहने हुँदा बेचबिखनको प्रकोप बढदो क्रममा रहेको र तिनीहरूलाई कानूनी दायरामा ल्याउन परिवार, आफन्त, समाज, राजनीतिक दवाव र प्रभाव झेल्न पर्ने अवस्था विद्यमान रहेको ।

२. अशिक्षा, गरिवी, बेरोजगारी, प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरता लगायत न्यून आर्थिक-सामाजिक हैसियतका कारण विस्थापन र स्थानागमनको स्थितिले निम्त्याएको जोखिम र बाँच्नका लागि इच्छा विपरित पनि निकृष्ट प्रकारको काममा लाग्नुपर्ने बाध्यता रहेको ।

३. अपराध सहने सामाजिक मान्यता एवं बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू प्रति हेरिने नकारात्मक दृष्टिकोण र लाञ्छनाको व्यवहारका कारण पीडित/प्रभावितहरू वारम्वार पीडित भइरहनु पर्ने सामाजिक वातावरण कायमै रहेको ।

४. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन, नियमावली, आवधिक योजना, कार्ययोजना, कार्यान्वयन योजना, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका दस्तावेजहरू तयार भई लागु गरिएको छ र मानव बेचबिखन तथा ओसारपसार जस्तो बहुआयामिक र बहुक्षेत्रगत समस्या राष्ट्रिय मुद्दाको रूपमा रहेता पनि यस क्षेत्रमा सफलता आसातित रूपमा प्राप्त गर्न सकिएको छैन ।

५. पीडित/प्रभावितहरूलाई समयमै उचित संरक्षण, सुरक्षा, क्षतीपूर्ति एवं न्याय प्रति विश्वस्त बनाउन नसक्दा घटनाहरू कानूनी कारवाहीमा कम आउने गरेको छ भने क्षतीपूर्ति समयमा नै प्राप्त हुन नसक्दा पीडितहरूलाई न्यायको अनुभूति दिलाउन नसकिने ।

६. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध राष्ट्रिय कार्ययोजना, २०६८ का साथै कार्यान्वयन योजना, २०७१ निर्माण भएता पनि यस बारे स्थानीय तहसम्म जानकारी हुन सकेको छैन । यसका साथै समन्वयको

कमीका कारण तय भएको कार्ययोजनाको कार्यान्वयन र अनुगमन अपेक्षित मात्रामा प्रभावकारी हुन नसकेको ।

७. बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरोकारवालाहरूबाट भएका प्रयासहरू दीर्घकालीन उपायको खोजी गर्ने कार्यमा भन्दा घटना पश्चातका अल्पकालीन सहायता सम्बन्धी क्रियाकलापमा केन्द्रित हुन पुगेको । विभिन्न निरोधका कार्यक्रमहरू कार्यान्वयन भैरहेता पनि बेचबिखनका घटना पश्चातका व्यवस्थापनमा तत्कालीन उद्दार गर्ने र फर्काउने कार्यमा बढी ध्यान केन्द्रित रहेको छ भने पीडित/प्रभावितहरूको प्रभावकारी पुनर्स्थापना, पुनःएकिकरण र जीविकोपार्जनका लागि दीर्घकालीन योजनाको अभाव रहेको ।

८. ग्रामिण क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसारका जोखिममा रहेका व्यक्तिहरूका लागि  शिक्षा, सीप, चेतना र आर्थिक उपार्जनका कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालन नभएको । आन्तरिक/अन्तरदेशिय स्थानागमन, बैदेशिक रोजगार, श्रम शोषण, यौन शोषण र अङ्ग प्रत्यारोपणका लागि हुने मानव तस्करी र बेचबिखन बारे सही र पर्याप्त सूचना प्रवाह नहुँदा बेचबिखनको जोखिमी बढेको छ भने एकीकृत सूचना प्रणालीको अभाव रहेको छ ।

९. मानव बेचबिखन तथा ओसारपसारमा संलग्न दलालहरूद्वारा ब्यापार व्यवसायका नाममा छद्‌म भेषमा नयाँ स्वरूप र आयाम दिई यौन शोषण र श्रम शोषणलाई बढावा दिने गरेको । श्रम शोषण र व्यावसायिक यौन धन्दाका माग पक्ष जस्तै ग्राहक, दलाल र सञ्चालकहरूलाई कानूनको दायरामा ल्याउन नसकिएको ।

१०. वैदेशिक रोजगारसंग जोडिएको श्रम शोषण र यौन शोषणका घटनाका अभियुक्तहरूलाई बैदेशिक रोजगार कानून अन्तर्गत मात्र कारवाही भई मानव बेचबिखन तथा ओसारपसार कानून अनुसार कारवाही नहुने अवस्था रहेको, केही रकम जरीवाना तिरी उम्कने मौका पाइरहेकाले उनीहरूमा जेल सजायको डरत्रास र जोखिम न्यून भई मानव तस्करी र बेचबिखनका घटनाले प्रश्रय पाइरहेको ।

११. बैदेशिक रोजगार, विदेशीसंगको विवाह, विदेशमा अध्ययन आदिका लागि विदेश जाने लालसामा नेपाली नागरिकहरु किर्ते कागजात तयार पार्न समेत उद्यत रहेका । यस्तो कार्यका लागि प्रविधिको दुरूपयोग गर्ने दलालहरूको कमी नरहेको ।

१२. मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी घटनाहरूको प्रकृति, प्रभाव र निराकरणका उपायहरूबारे अध्ययन अनुसन्धानको अभाव रहेको । खण्डीकृत तथ्याङ्क र सूचना प्रणालीको विकास हुन नसकेको ।

१३. निजी क्षेत्रमा सेवा भन्दा नाफामुखी उद्देश्यले आन्तरिक बजारमा फस्टाउँदै गएको मनोरञ्जन व्यवसायका सञ्चालकहरू, वैदेशिक रोजगारका एजेन्सीहरू, विदेशी नागरिकसंग विवाह गराइदिने Marriage Bureau, सांस्कृतिक/सांगितिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने कम्पनीहरूमा सरकारद्वारा प्रतिपादित नीति कानूनको पालना गर्ने बारे दायित्व बोध हुन नसकेको । तिनीहरूद्वारा श्रम शोषण तथा यौन शोषण विरूद्ध आचारसंहिताको निर्माण र पालना नभएको र सरकारी अनुगमन एवं नियमन प्रभावकारी हुन नसकेको ।

१४. मानव अधिकार, महिला अधिकार र बाल अधिकार बारे धेरै अन्तर्राष्ट्रिय महासन्धि, अनुवन्ध र इच्छाधिन आलेखहरूमा नेपालले प्रतिवद्धता जनाएता पनि मानव बेचबिखन, मानव तस्करी र आप्रवासी कामदारहरूको अधिकार बारे सोही अनुरूप सबै किसिमका शोषणका लागि हुने मानव तस्करी र मानव बेचबिखनका घटनाहरूलाई हाल कार्यान्वयनमा रहेको कानूनले सम्बोधन नगरेको हुदा दोषिलाई कानुनी दायरामा ल्याउन कठिनाई ।

१५. नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय तथा सार्क स्तरीय महासन्धि र अनुवन्ध अनुसार पारस्परिक द्विपक्षीय र बहुपक्षीय सम्झौताको अभावका कारण कानूनी सहायता, सूपुर्दगी र नेपाली श्रमिकहरूको हितका लगि कारवाही अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको ।

१६. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले धेरै कार्यक्रमहरु सञ्चालन गरिरहेको अवस्था भएता पनि एक आपसमा समन्वयको अभाव र सरकारको नियमन प्रणाली अपेक्षित प्रभावकारी हुन नसकेको । अतः सरकारको प्राथमिकता भन्दा कार्यक्रम सञ्चालन गर्ने र लगानी गर्ने संस्थाहरुको छनौटमा परियोजना कार्यान्वयन हुने गरेको ।

## ५.२ सुझावहरू

नेपालको सन्दर्भमा विगत लामो समयदेखि रहिआएको परम्परागत सोच, सामाजिक संरचना र संस्कारले लैङ्गिक हिंसा र विभेदले निरन्तरता पाइरहेको अवस्था छ। यसको असर आर्थिक सामाजिक रुपमा पछाडी परेका समूह तथा समुदायहरूमा अझ बढी परी मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढेको पाइन्छ। यसलाई सम्वोधन गर्न सरोकारवालाहरूले कुनै एक दुई वटा प्रतिनिधि मूलक घटना व्यवस्थापनमा भन्दा समग्र सुधारमा ध्यान केन्द्रित गर्न आवश्यक छ। यस सन्दर्भमा निम्न पक्षहरूलाई सुझावका रूपमा मनन गर्न सकिन्छ।

### ५.२.१ निरोध

१. मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ ले तय गरेको रणनीति र कार्यक्रमहरू कार्यान्वयनका लागि हरेक तहमा सम्बन्धित निकायहरू जिम्मेवार बनाउने । साथै मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिममा रहेका तथा जोखिम उन्मुख समुह समुदायलाई लक्षित गरी सञ्चालन हुने कार्यक्रमहरूमा स्थानीय निकाय र संघसंस्थाहरू बीच समन्वय गरी गा.वि.स. र नगरपालिकाहरूलाई सक्रिय बनाउने ।

२. निम्न माध्यमिक विद्यालय तहदेखि नै विद्यालय पाठ्य सामग्री र शिक्षक तालिम सामग्रीहरूमा मानव बेचबिखन तथा ओसारपसार, लैगिंक हिंसा, मानव तस्करी र सुरक्षित आप्रवासनको विषय समावेश गर्ने ।

३. आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यको लागि डान्स, बार, रेष्टुँरा, क्याबिन, मसाज पार्लर जस्ता क्षेत्रहरूमा प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको व्यवस्था गर्ने ।

४. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह तथा पीडित/प्रभावितहरू बारे खण्डीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास र सुदृढिकरण गर्ने ।

५. संचार माध्यमहरूलाई मानव बेचबिखन तथा मानव तस्करी विरूद्ध आम सचेतना, प्रभावितहरूको गोपनीयताको अधिकार तथा मानव अधिकार बारे संवेदनशील र जिम्मेवार बनाउने ।

६. स्थानीय स्तरमा मानव बेचबिखन तथा मानव तस्करीलाई रोक्न सबै जिल्लामा नगरपालिकाका वडा र गा.वि.स. स्तरमा सुरक्षित आप्रवासन सम्बन्धी सूचना र परामर्श केन्द्रहरूको स्थापना र सुदृढिकरणमा जोड दिने ।

७. स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसारको जोखिमका बारेमा निरोधका कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि स्थानीय स्तरमा रहेका महिला समुह, लैगिंक हिंसा निगरानी समुह, बाल क्लब लगायत मानव बेचबिखन तथा ओसारपसार विरूद्ध गठित स्थानीय समितिहरूलाई परिचालन गर्ने ।

### ५.२.२ संरक्षण

८. बेचबिखन प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्ती कार्यलाई व्यवस्थित गर्न उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी कार्यविधि तयार गर्ने र सरोकारवालाहरूलाई तदनुरूप दक्ष बनाउने ।

९. पीडित/प्रभावितहरू र उनीहरूसंग आश्रित बालबालिकाहरूको परिचय, राष्ट्रियता र नागरिकताको अधिकारका लागि भइरहेका नीति तथा कानूनी प्रावधानहरूको पुनरावलोकन गरी समयानुकुल सुधार गर्ने ।

१०. पीडित/प्रभावितको आवश्यक सुरक्षा प्रबन्ध बारे प्रशिक्षण सामग्रीको उत्पादन गरी सुरक्षा निकायलाई नियमित प्रशिक्षण दिने ।

११. उद्धार गरिएका पीडित/प्रभावितहरूको पारिवारिक/सामाजिक पुनःएकिकरणका लागि व्यक्तिको आवश्यकता अनुसार दीर्घकालीन सोचका साथ घटना व्यवस्थापन प्रणालीको विकास गर्ने । यसका लागि संगठित क्षेत्रको सामाजिक दायित्व (corporate social responsibility) अन्तर्गत निजी क्षेत्रलाई जिम्मेवार बनाउने । पुनःएकिकरण गरिएका पीडित/प्रभावितहरूको अनुगमन (follow-up) गर्ने व्यवस्था गराउने ।

१२. घरेलु तथा साना उद्योग, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र आवद्ध आदि निकाय तथा संस्थाहरू मार्फत दिइने तालिमहरूमा पीडित/प्रभावितहरूका लागि आरक्षणको व्यवस्था गर्ने ।

१३. नेपाल सरकारबाट सञ्चालन भएका पुनर्स्थापना गृह, सेवा केन्द्र र अस्पतालमा आधारित एकद्वार संकट ब्यबस्थापन केन्द्र आदिबाट पीडित/प्रभावितका लागि दिइने सेवा राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार प्रवाह गर्ने ।

१७. गैरसरकारी संस्थाहरू मार्फत बेचबिखन प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना आदिका लागि सञ्चालित क्रियाकलापहरू बारे मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र राष्ट्रिय समितिमा नियमित रूपमा प्रतिवेदन गर्ने ब्यबस्था मिलाउने ।

### ५.२.३ कानूनी कारवाही

१८. सर्वोच्च अदालतबाट मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा समय समयमा जारी भएका निर्देशनात्मक आदेशहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि नीतिगत, कानूनी तथा कार्यक्रमगत सुधार हुनुपर्ने । सबै किसिमका श्रम शोषण, यौन शोषण, गैर कानूनी अङ्ग प्रत्यारोपण र दासताका लागि हुने मानव बेचबिखन एवं मानव तस्करी नियन्त्रणका लागि समयानुकुल कानून परिमार्जन गर्नुपर्ने ।

१९. पीडित/प्रभावितहरूले भोग्नुपर्ने सामाजिक तथा पारिवारिक तिरस्कार, बहिष्करण र लाञ्छना, असुरक्षा, समयमा क्षतिपूर्ति र न्याय नपाउने अवस्थाको कारणले मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको जाहेरी दर्ताका लागि पीडित मैत्री वातावरण निर्माण गरी बेचबिखन तथा ओसारपसार विरूद्ध सूचना तथा

जाहेरी प्राप्त हुने व्यवस्था मिलाउने ।

२०. मानव बेचबिखत तथा ओसारपसारको समस्यालाई निमूल पार्न बेचबिखन तथा ओसारपसारका घटनाहरूमा कानूनी कारवाहीको लागि उजुरी/जाहेरी दरखास्तको अतिरिक्त सुराकी परिचालन गरी खोजमूलक कारवाही प्रकृया अवलम्वन गर्ने व्यवस्था मिलाउने ।

२१. मानव बेचबिखत तथा ओसारपसार नियन्त्रणका लागि बनेका कानून र व्यवस्था बारे स्थानीय जनसमुदाय विशेषत किशोर किशोरीहरूलाई लक्षित गरी जानकारी गराउने ।

### ५.२.४ क्षमता विकास

२२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कानून, कार्ययोजना, मापदण्ड तथा कार्यविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र अदालती कारवाही सम्बन्धी दिग्दर्शनको बारेमा सरोकारवालाहरलाई तालिम दिने ।

२३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एवं सुरक्षित आप्रवासनका लागि कार्यरत सेवा प्रदायक तथा सम्पर्क बिन्दुहरूको क्षमता अभिबृद्धि गर्ने ।

२४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एवं सुरक्षित आप्रवासनका लागि स्थानीय तहमा गठन भएका समुदायमा आधारित समूह तथा संस्थाहरूलाई स्रोत, साधन तथा सूचना सामग्रीहरू उपलब्ध गराई बेचबिखन विरूद्धको अभियानमा सक्रिय रूपमा संलग्न हुन उत्प्रेरित गर्ने ।

### ५.२.२ समन्वय, सहयोग र सहकार्य

२५. अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि अनुमोदन भइसकेको सन्दर्भमा सो महासन्धिको इच्छाधिन आलेखको रूपमा रहेको पालेर्मो प्रोटोकलको अनुमोदनका लागि सरोकारवाला मन्त्रालयहरू एक आपसमा समन्वय गरी कार्य प्रकृया अगाडी बढाउने ।

२६. मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करी नियन्त्रण गर्न र विशेष गरी महिलाको सुरक्षित स्थानागमनलाई प्रवर्द्धनका लागि गन्तव्य मुलुकहरूसंग द्विपक्षीय श्रम सम्झौता गर्ने ।

२७. मानव बेचबिखन रोकथाम, पीडितहरुको स्वदेश फिर्ती, अपराधीहरुको सुपुर्दगी तथा आपसी कानूनी सहायता सम्बन्धमा वेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखन बिरुद्धको सार्क महासन्धि, २००२ अनुसार दक्षिण एशियाका मुलुकहरु बीचको आपसी सम्बन्ध र समन्वयलाई बढावा दिने ।

२८. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकारी, गैर सरकारी, निजीक्षेत्र तथा विकास साझेदारहरू बीच प्रभावकारी रूपमा आपसी समन्वय र सहकार्यमा जोड दिने ।

२९. मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ ले तोकेको सरकारको प्राथमिकता अनुसार मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सकारी तथा गैरसरकारी क्षेत्रबाट समन्वयात्मक रुपमा कार्यक्रमहरु सञ्चालन गर्न विशेष ध्यान दिने । मानव बेचबिखन

तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट विभिन्न निकायहरु मार्फत प्राप्त हुने श्रोत साधनलाई basket fund मा राखी एकद्वार प्रणाली मार्फत परियोजनाहरु कार्यान्वयन गर्ने गराउने । कुनै पनि निकाय वा संस्थालाई आफू खुशी कार्यक्रम गर्न निरुत्साहित गरी सरकारले तोके बमोजिमको भौगोलिक तथा विषयगत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने परिपाटी बसाल्ने ।

## ५.३ निष्कर्ष

संगठित अपराधका रूपमा विश्व बजारमा मौलांउदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्या नेपालमा पनि दिनानुदिन नयाँ आयाम र स्वरुप सहित जटिल बन्दै गएको छ । गरिवी, अशिक्षा, वेरोजगारी, प्राकृतिक प्रकोपका कारण विस्थापनको स्थितिले मात्र होइन समाजमा विद्यमान लैङ्गिक विभेद, घरेलु हिंसा, उपेक्षा, अपहेलना, शोषणका कारण पनि मानव बेचबिखन तथा ओसारपसारमा पर्ने वर्गको जोखिमीलाई बढावा दिएको छ । अर्कोतिर वजारमा यौन तथा सस्तो श्रमको अत्यधिक मागका कारण किशोरकिशोरी, युवायुवती तथा बालबालिकाहरु बढी बेचबिखनका जोखिममा छन् । विभिन्न भेषमा रहेका मानव बेचबिखनका धन्दा सञ्चालक तथा दलालहरु सरकारी नीति कानूनको कमी कमजोरी पत्ता लगाई जोखिम समूहलाई शोषण गर्न र नाजायज नाफा आर्जन गर्न उद्यत छन् । यसै त मानव बेचबिखन थोरै लगानी र न्यून जोखिममा धेरै नाफा हुने धन्दाका रुपमा विकसित छ, ती धन्दा सञ्चालक तथा दलालहरु जोखिम समूहलाई करकाप र प्रलोभनमा पारी मुलुक बाहिर पुऱ्याउन समेत सफल भइरहेका छन् । यसका लागि उनीहरु विकसित प्रविधिको दुरुपयोग गरिरहेका छन् र अन्तर्राष्ट्रिय वजारमा बेचबिखन गर्नेहरुको जालो फिंजीएको छ । मानव सभ्यताको कलङ्क एवं आधुनिक दासताको प्रतीकको रुपमा रहेको यो जघन्य अपराधलाई परास्त गर्न अपरिहार्य छ । यस दिशामा आफ्नो स्थापना कालदेखि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले अनवरत प्रयास जारी राखेको छ । विगत दशकहरुमा नेपाल सरकारले मानव बेचबिखन तथा ओाीरपसार विरुद्ध लड्न मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुमा पक्ष राष्ट्र बन्ने मात्र होइन अधिकारमूखी अवधारणामा आधारित नीति, कानून, कार्ययोजना, निर्देशिका एवं मापदण्डहरु तयार भई कार्यान्वयनमा ल्याएको छ । यसका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रियस्तरदेखि जिल्ला र गाविसस्तरसम्म समितिहरु निर्माण भई परिचालन भइरहेका छन् ।

आर्थिक वर्ष २०७०/७१ मा मानव बेचबिखन तथा ओसारपसारको समस्या समाधानका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न क्रियाकलापहरु सञ्चालन भए । यसको विरुद्धमा जनचेतना अभिबृद्धि हुनुका साथै पीडित/प्रभावितहरुका लागि प्रवाह गरिनु पर्ने सेवामा स्तरोन्नति भएको छ । सरकारी तथा गैरसरकारी क्षेत्र बीचको सहयोग, समन्वय र सहकार्यमा अभिबृद्धि भएको छ । मानव बेचबिखन तथा ओसारपसारका घटनाहरुमा दोषीलाई कडा कारवाही र पीडितहरुलाई न्यायमा पहुँच पुऱ्याउन कानूनमा सुधारका लागि प्रकृयाको थालनी भएको छ । यी सबै प्रयासहरु बेचबिखन तथा ओसारपसारको समस्या निराकरणका लागि पर्याप्त छैनन् । मानव बेचबिखन तथा ओसारपसारको समस्या समाधान बहुक्षेत्रगत विषय भएकोले सबै सरोकारवालाहरुलाई जिम्मेवार बनाउन बृहद राष्ट्रिय नीतिको खाँचो छ । अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पुरकको रुपमा रहेको मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दवाउने र सजाय गर्ने इच्छाधिन आलेख, २००० (पालेर्मो प्रोटोकल) लाई अनुमोदन गरी बेचबिखन विरुद्धको राष्ट्रिय कानूनमा

समयानुकुल सुधार हुन आवश्यक छ । पीडितहरुका लागि क्षतीपूर्ति, पुनर्स्थापना, पुनःएकीकरण, साक्षी समेतको सुरक्षाका लागि नीति, कानून र कार्यक्रमहरुद्वारा सम्बोधन हुन जरुरी छ ।

पितृसत्तात्मक सोचका कारण समाजमा लैङ्गिक विभेद कायमै छ र महिलाहरुलाई पराधीनकै रुपमा लिइन्छ । परिवार र समुदाय विद्यमान लैङ्गिक असमानतालाई सम्बोधन नगरेसम्म मानव बेचबिखन लगायत महिला विरुद्ध हुने हिंसा अन्त्य हुने अवस्था छैन । यसका लागि बृहद नीति तर्जुमा गर्नुका साथै आम रुपमा सोच परिवर्तन गर्न शिक्षा तथा सचेतनाका कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । पीडितहरुलाई छिटो छरितो न्याय दिलाउन इमान्दार प्रयास नभएसम्म सामाजिक लाञ्छनामा कमी आउने सम्भावना देखिंदैन । पीडितलाई न्यायको अनुभूति नहुँदासम्म मानव बेचबिखन विरुद्धको उजुरीको संख्या न्यून हुने गर्दछ । यसका लागि पनि सरोकारवालाहरुको क्षमता अभिबृद्धि हुन नितान्त आवश्यक छ ।

वर्तमानमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यलाई सकारात्मक रुपमा लिन सकिन्छ । तर बेचबिखनको बजार र समस्या निजी क्षेत्रसंग बढी जोडिएको छ र सो क्षेत्रको सहयोग एवं संलग्नता विना यो समस्या समाधान गर्न गाह्रो छ । अतः निजी क्षेत्रको सहभागिताका लागि प्रयास हुन आवश्यक छ । यसका साथै सरकारी निकाय, गैरसरकारी संस्था एवं विकास साझेदारबाट हुने लगानीलाई एकद्वार प्रणाली मार्फत परिचालन गर्न सकिएमा भविष्यमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानलाई सशक्त एवं प्रभावकारी बनाउन सघाउ पुग्ने छ ।

अनुसूची १

# चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्ध राष्ट्रिय नीति

१. चेलीबेटी बेचबिखन तथा देहव्यापार विरूद्ध जनचेतना बृहत कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने,

२. महिलाहरू माथिको भेदभाव अन्त्य गर्न कानूनको निर्माण गर्ने,

३. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण सम्बन्धी कार्यक्रम नेपाल सरकार तथा गैरसरकारी संघ, अन्तर्राष्ट्रिय संघ तथा निजी क्षेत्र समेतलाई संलग्न गराई सञ्चालन गरिने,

४. चेलीबेटी बेचबिखन बिरूद्ध चलाउने कार्यक्रमको सम्पर्क बिन्दू (Focal Point) को कार्य महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले गर्ने,

५. अन्तर्राष्ट्रिय क्षेत्रमा द्विपक्षीय तथा बहुपक्षीय समन्वय राखी चेलीबेटी बेचबिखन नियन्त्रण गर्ने तर्फ नेपाल सरकारबाट प्रयास गर्ने,

६. यौन शोषणबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई शोषण गर्ने पक्षबाट हर्जना दिलाउने तर्फ आवश्यक व्यवस्था गर्ने,

७. चेलीबेटी बेचबिखन तथा अन्य यौनजन्य रोगको एक आपसमा सम्बन्ध हुने हुदाँ यो समस्या समाधान गर्ने तर्फ आवश्यक कदम चाल्ने,

८. नेपाल सरकारबाट महिलाहरूको निम्ति गरिवी निवारण र रोजगार प्रवर्द्धनका लागि उपयुक्त कदम चाल्ने,

९. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न नेपाल सरकारबाट राष्ट्रिय समन्वय समिति गठन गर्ने । साथै आवश्यकता अनुसार जिल्ला तथा गाँउ तहमा समन्वय समितिहरूको गठन गर्ने,

१०. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण सम्बन्धी बिषयमा सूचना संकलन, समन्वय गर्नका निमित्त जिल्ला स्तरमा गठीत समन्वय समितिले सम्पर्क केन्द्रको काम गर्ने,

११. औपचारिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमूलक कार्यक्रम सञ्चालन गरी चेलीबेटी बेचबिखनमा नियन्त्रण गर्ने,

१२. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरूको प्रतिवद्धताका लागि प्रयास गर्ने, र

१३. चेलीबेटी बेचबिखन तथा देहव्यापारलाई गैरसरकारी संघ संस्थाहरू समेतको सहयोगमा कडाइका साथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

अनुसूची २

# वैदेशिक रोजगार नीति, २०६८ : महिला कामदारका सरोकारलाई सम्बोधन गर्ने ११ वटा रणनीतिहरू

१. बैदेशिक रोजगार सम्बन्धी कानून, नीति, कार्यक्रम र आयोजनाहरू लैंङ्गिक दृष्टिले विश्लेषण गरी महिलाहरूको सुरक्षा लगायतका विशिष्ट आवश्यकताहरू सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. बैदेशिक रोजगारमा जान चाहने महिलाहरूको लागि श्रम बजारका माग तथा तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी अवसरहरूमा विविधिकरण तथा तदनुरूप सीप मूलक तालिम तथा प्रशिक्षण दिइनेछ ।

३. बैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई लक्षित गरी रोजगार पूर्व चरण (Pre-Empployment Stage) सघनरूपमा सूचनाहरू प्रवाहित गरी उनीहरूलाई सूचनायुक्त छनौट (informed choice) को अवसर सिर्जना गरिनेछ ।

४. श्रम आप्रवासनको प्रक्रियामा महिलाहरू विरूद्ध हुन सक्ने विभेद तथा हिंसालाई अन्त गरी उनीहरूको हक अधिकार सुनिश्चित गर्न कानूनी तथा संस्थागत उपायहरू अबलम्बन गरिनेछ ।

५. द्विपक्षीय तथा वहुपक्षीय श्रम सम्झौताहरूमा महिलाको सुरक्षाको लागि विशेष प्रावधानहरू समावेश गरिनेछ ।

६. वैदेशिक रोजगारमा गई फर्केर आउने महिला कामदारहरूलाई समाजमा सम्मानपूर्ण पुनः स्थापनाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वैदेशिक रोजगारप्रति सकारात्मक धारणाको विकास गराउन सचेतना, मनो-सामाजिक सेवाहरू तथा योजना कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

७. वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचबिखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको ब्यबस्थापनमा सरकारी, गैर सरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरूको अन्तरमुलुक सञ्जालहरू मार्फत् समन्वयात्मक कार्यहरू सञ्चालन गरिनेछ ।

८. बैदेशिक रोजगारमा जान चाहने र आर्थिक स्रोत जुटाउन नसक्ने महिलाहरूलाई सहुलियतपूर्ण ऋणको ब्यबस्था गरी वैदेशिक रोजगारको अवसरमा उनीहरूको पहुँच बढाइनेछ । महिलाका लागि तर्जुमा भएको विशेष कार्यक्रममा कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

९. बैदेशिक रोजगारमा महिलाको सुरक्षा र अधिकारको संरक्षणका लागि मापदण्डहरूको विकास तथा विशेष कार्यक्रम तयार गरी लागू गरिनेछ ।

१०. एक हजारभन्दा बढी नेपाली महिला कामदार रहेको मुलुकहरूमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको ब्यबस्था गरिनेछ ।

११. आप्रवासी कामदारका विषयमा महिला विरूद्धका भेदभाव उन्मूलन सम्बन्धी समितिको सामान्य सीफारिस नं २६ (GR26) बमोजिम दुर्ब्यबहार र भेदभावको जोखिममा पर्न सक्ने महिलाहरूको सम्बन्धमा उत्पत्तिको मुलुक, बाटोमा पर्ने मुलुक र रोजगारीको मुलुकमा आप्रवासी महिलाहरूको मानव अधिकारको संरक्षण तथा अभिबृद्धि सम्बन्धी व्यवस्थाहरू कार्यान्वयन गरिनेछ ।

अनुसूची ३

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ ले गरेका केही व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) गर्ने सम्वन्धमा बनेको ऐन,२०६४ को दफा २३ बमोजिमको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ नियम ६ अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन गर्ने अधिकार रहेको छ ।

जिल्ला समितिको गठन : १) ऐनको दफा २३ बमोजिमको जिल्ला समितिमा देहायका अध्यक्ष,सदस्य रहनेछन् ।

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकीलको कार्यालय | सदस्य |
| ग) जिल्ला प्रहरी कार्यालय प्रमुख | सदस्य |
| घ) मानव बेचबिखन तथा ओसारपसारको क्षेत्रमा जिल्लामा कार्यरत ब्यक्ति वा संस्थाहरू मध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारा मनोनित तीन जना महिला | सदस्य |
| ङ) प्रतिनिधि , नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति | सदस्य |
| च) महिला विकास अधिकृत | सदस्य-सचिव |

२) **जिल्ला समितिमा जिल्ला विकास समितिको सभापति आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।**

जिल्ला समितिको काम, कर्तव्य र अधिकार : १) जिल्ला समितिको काम कर्तव्य र अधिकार देहाय बमाोजिम रहनेछ ।

क) ऐन तथा यस नियमाावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धीत निकायमा सीफारिस गर्ने,

ख) स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठन गरी परिचालन गर्ने,

ग) राष्ट्रिय समितिले दिएको निर्देशन बमोजिम जिल्लास्थित पुनर्स्थापना केन्द्रको अनुगमन गर्ने,

घ) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

ङ) राष्ट्रिय समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रम कार्यान्वयन गर्ने,

च) जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका ब्यक्तिको उद्धार गर्ने,

छ) मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध जिल्लामा कार्यरत संघसंस्थाहरू बीच समन्वय गर्ने,

ज) मानव बेचबिखन तथा ओसारपसारसंग सम्बन्धीत लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३

महिनामा सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय समितिमा पठाउने ।

२) जिल्ला समितिको सदस्य-सचिवले ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारवाहीको विवरण समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

**बैठक सम्बन्धी कार्यविधि :**

१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति,स्थान र समयमा बस्नेछ ।

२) कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा जिल्ला समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

३) बैठकको अध्यक्षता जिल्ला समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

४) बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**उजुर गर्ने व्यक्तिको गोप्यता :**

१) ऐनको दफा ३ बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन अनुरोध गरेमा उजुरकर्ताको काल्पनीक नाम राखी उजुर दर्ता गर्ने ब्यबस्था उजुर दर्ता गर्ने प्रहरी कार्यालयले मिलाउनु पर्नेछ ।

२) उपनियम (१) बमोजिम गोप्य राखिएको नाम अनुसन्धान, अभियोजन र न्याय निरोपणको सिलसिलामा माग भएको अवस्थामा बाहेक कसैले खुलासा गर्नुहुँदैन ।

**दोभाषे वा अनुवादक सम्बन्धी व्यबस्था :**

१) जिल्ला समितिले अड्डा अदालतको काम कारवाहीको भाषा अनुवाद गर्न सक्ने विज्ञ वा दोभाषेको सूची तयार गरी अद्यावधिक गर्नुपर्नेछ ।

२) उपनियम (१) बमोजिमको सूची तयार गर्दा जिल्ला समितिले सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक व्यक्तिहरूको दक्षताको आधारमा गर्नेछ ।

३) अड्डा अदालतको काम कारवाहीको भाषा नबुझ्ने पीडितले दोभाषे वा अनुवादक राख्नु पर्ने भएमा जिल्ला समिति समक्ष अनुरोध गर्न सक्नेछ ।

४) उपनियम (३) बमोजिम पीडितले अनुरोध गरेमा जिल्ला समितिले उपनियम (१) बमोजिमको सूचीमा नाम समावेश भएका व्यक्तिहरू मध्येबाट पीडितले चाहेको व्यक्तिलाई दोभाषे वा अनुवादकको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

**केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था :**

१) जिल्ला समितिले पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन केन्द्रको स्थापना र सञ्चालन गर्नेछ।

२) उपनियम (१) बमोजिम स्थापना भएको केन्द्रको व्यबस्थापन निश्चित अवधिका लागि शर्तहरू तोकी करारमा जिल्ला समितिले निजी वा गैर सरकारी संस्थालाई दिन सक्नेछ।

३) उपनियम (२) बमोजिम व्यबस्थापन करारमा दिंदा केन्द्रलाई बढी आर्थिक र प्राविधिक योगदान दिने संस्थालाई प्राथमिकता दिनुपर्नेछ।

४) ऐनको दफा १३ को उपदफा (२) बमोजिम केन्द्र स्थापना र सञ्चालन गर्न चाहने संस्थाले देहायका विवरण खोली अनुसूची-१ बमोजिमको ढाँचामा जिल्ला समिति समक्ष निवेदन दिनुपर्नेछ -

   क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपि,

   ख) केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमतालगायतका भौतिक पूर्वाधारको विवरण ,

   ग) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण ,

   घ) आर्थिक स्रोतको विवरण।

५) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी नियम १२ बमोजिमको पूर्वाधार तथा सुविधा भएको वा हुन सक्ने देखिएमा जिल्ला समितिले त्यस्तो संस्थालाई केन्द्रको स्थापना र सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा स्वीकृतिको प्रमाणपत्र दिनेछ।

६) यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालन भइ रहेका केन्द्रका सञ्चालकले छ महिनाभित्र यस नियम बमोजिम स्वीकृति लिनु पर्ने छ।

७) जिल्ला समितिले यस नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने वा नियम १२ मा तोकिएको मापदण्ड पुरा नगर्ने वा राष्ट्रिय समिति वा जिल्ला समितिले दिएको निर्देशन पालना नगर्ने केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्बन गर्न वा स्वीकृति रद्द गर्न सक्नेछ। यसरी केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका दिनु पर्नेछ।

**केन्द्र व्यवस्थापन :**

१) केन्द्र सञ्चालन गर्ने संस्थाले केन्द्रको व्यवस्थापनका लागि एक व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

२) उपनियम (१) बमोजिमको समितिको कूल संख्यामा कम्तीमा पचास प्रतिशत महिला हुनुपर्नेछ।

३) केन्द्रले आफूले प्रदान गर्ने सेवासंग सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

४) केन्द्रमा रहेका प्रत्येक पीडितहरूको छुट्टाछुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नुपर्ने।

**केन्द्र सञ्चालन मापदण्ड :**

१) ऐन तथा यस नियमावली बमोजिम स्थापना हुने केन्द्रले देहायको मापदण्ड पूरा गरेको हुनु पर्दछ ।

क) पीडितलाई राख्ने न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

ख) पीडितलाई मनोसामाजिक विमर्श र स्वास्थ्य सेवा समेतको परामर्श सेवा उपलब्ध गराउन सक्ने,

ग) पीडितलाई आवश्यकता अनुसार औषधोपचारको सेवा प्रदान गर्न सक्ने,

घ) पीडितलाई आवश्यकता अनुसार कानूनी सेवा प्रदान गर्न वा सोको प्रबन्ध गर्न सक्ने, र

ङ) पीडितलाई शिक्षाको आवश्यक प्रबन्ध गर्न सक्ने ।

**केन्द्रको अनुगमन :**

